# असल शिक्षा

## भाग-२



- भिक्षु अश्वघोष

Downloaded from http://www.dhamma.digital

**प्रकाशक**
**अरोज दास रंजित**
**टेकु, मचली, ४२५२३४४**

| | |
|---|---|
| बुद्ध सं. | २५५४ |
| नेपाल सं. | ११३१ |
| ई. सं. | २०१० |
| बि.सं. | २०६७ |


Dhamma.Digital


| | |
|---|---|
| **प्रकाशन** | २००० प्रति |

मुद्रक : यूनिभर्सल प्रिन्ट कन्सर्न
क्षेत्रपाटी, काठमाडौं
४२५७३२८

Downloaded from http://www.dhamma.digital

# समर्पण



**स्व दुर्गादास रंजित**

**जन्मः वि.सं. १९८८/८/२१ गते द्वादसी तिथी**

**दिवंगतः वि.सं. २०६४/९/३ गते नवमी तिथी**

Downloaded from http://www.dhamma.digital

# धर्मदान

यस असल शिक्षा भाग-२ नामक पुस्तक हाम्रा श्रद्धेय स्व. दुर्गादास रंजितको तेस्रो पुण्य स्मृतिमा प्रकाशन गरी बुद्ध शासनमा विश्वास र श्रद्धा राख्ने पाठकहरुको समक्ष पस्कन पाएकोमा हामी रंजित परिवारलाई हर्षित तुल्याएको छ ।

भगवान बुद्धको अमूल्य ज्ञानहरु संगालिएको यस ज्ञानबर्द्धक पुस्तकको अध्ययनले पाठकवर्गहरुले आफ्नो अमूल्य जीवन सार्थक बनाउन ठूलो मद्दत पुग्ने छ भन्ने विश्वास एवं कामना समेत गरेका छौं ।

भगवान बुद्धले आफ्नो सम्पूर्ण जीवन "व्रहुजन हिताय वहुजन सुखाय"को लागि अर्पण गर्नु भएको र हामीले पनि सानो अंशमा भए पनि यसमा साथ दिने उद्देश्यले यो पुस्तक धर्मदानको रुपमा पस्किरहेका छौं ।

सबै दानहरुमध्ये धर्मदान नै उत्तम दान हो भन्ने भगवान बुद्धको अमूल्य बुद्ध बचनलाई स्मरण गर्दै हामीले गरेको यस धर्मदानको पूण्यले हाम्रा श्रद्धेय स्व दुर्गादास रंजित लगायतका स्वर्गवासी आफन्तजन एवं अन्य सम्पूर्ण प्राणीहरुको कल्याणहोस्, मंगल होस् भनि कामना समेत गर्दछौं ।

सदाभैं श्रद्धेय स्व दुर्गादास रंजितको तेस्रो पूण्य स्मृतिमा पनि श्रद्धेय भन्ते अश्वघोष महास्थिविरज्यूबाट आफ्नो कमजोर



Downloaded from http://www.dhamma.digital

शरीर एवं व्यस्तताको वावजुद यस पुस्तक प्रकाशन गर्नमा अमूल्य समय निकालेर हामी प्रति जसरी सद्भाव व्यक्त गर्नु भयो, सो प्रति हामी सकल परिवार श्रद्धेय भन्ते प्रति अनुग्रहित छौं र भविष्यमा पनि यस्तो न्यानो वात्सल्यताको कामना गर्दछौं ।

सबैको मंगल होस्, सबैको कल्याण होस् ।

रंजित परिवार
टेकु-१२, काठमाडौं
२०६७

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# चिर स्मरणीय व्यक्ति हुनुहुन्छ दुर्गादास रंजित

मसंग चिनाजानि भएका धेरै व्यक्तिहरु छन् र उनीहरुमध्ये दुर्गादास रंजित अति आत्मीय र ममता बलियो भएको व्यक्ति हुनुहुन्थ्यो। मेरो सम्बन्ध उहाँ सँग मात्र होइन उहाँको सारा परिवार सँग घनिष्ठ सम्बन्ध र आत्मीयता हुन पुग्यो। त्यसले गर्दा उहाँको घरमा जाँदा खेरि मामाको घरमा पुगेको जस्तो महसूस हुने गर्छ। उहाँले सारा परिवारलाई बुद्धले उपदेश दिनु भएको धर्मपथमा लगाइ दिनुभयो। सबै परिवार धर्मप्रति राम्रो श्रद्धालु हुन पुगे।

दुर्गादास रंजितको इच्छा थियो बुद्धको शिक्षा सम्बन्ध पुस्तक छापेर बुद्धिजीविको हृदय परिवर्तन गर्न, त्यही अनुरुप उहाँले १२ वर्षसम्म प्रत्येक वर्ष धर्मको पुस्तक छाप्दै प्रचार गर्नु भयो। नारायणहिटी दरबार देखि सबै राजनीतिक पार्टीको कार्यालयसम्म धर्मको पुस्तक पुऱ्याइ दिनु हुन्थ्यो। उहाँको पुस्तक छाप्ने दृढ अधिस्थान देखेर म धेरै प्रभावित भएँ।

उहाँ दिवंगत भइसकेपछि उहाँको कांछो छोरोले मलाई भन्नु भयो- भन्ते। म बुबाको इच्छालाई पुरा गर्न प्रतिबद्ध छु। प्रत्येक वर्ष बुबाको इच्छा अनुसार बुद्धको शिक्षा सम्बन्धी पुस्तक प्रकाशन गर्नेछु। त्यही अनुरुप उहाँको कान्छो छोरो श्री अरोजदास रंजितले आफ्नो बुबा मृत्यु भएको तेस्रो वर्षमा दास्रो पुस्तक असल शिक्षा भाग-२ छाप्दै हुनुहुन्छ। यो उहाँको सही श्राद्धको काम हो भनी ठान्दछु, हो पनि उहाँ सुपुत्र



Downloaded from http://www.dhamma.digital

हुनुहुन्छ। किन कि बुबाले देखाउनु भएको बाटोमा अनुशरण गर्दै हुन्छ। उहाँलाई साधुवाद मात्र होइन यस पुण्य क्रियाद्वारा उहाँको सबै परिवारको स्वास्थलाभ र जीवन उज्जवल होस्।

बुबाको शिक्षा अनुसार अरोजदास रंजितले यस असल शिक्षा प्रकाशन गर्नु भएकोले दुर्गादास रंजितको श्रीमती लक्ष्मीदेवी रंजित अति खुशी छिन् र कान्छो छोरोको जीवन सुखमय होस्, भविष्य उज्ज्वल होस् भनी आशीर्वाद दिनुहुन्छ।

प्रस्तुत पुस्तक अन्तर्गत कुराहरु धेरै जसो बनेपाबाट निस्कने काभ्रे टाइम्स साप्ताहिकमा र अरु पत्रपत्रिकामा छापिसकेको लेखहरुको संग्रह मात्र हो। स्वास्थ्य ठीक नभएकोले नयाँ नयाँ पुस्तक लेख्न असमर्थ छु।

अन्तमा अरोजदास रंजितलाई फेरि धन्यवाद दिन चाहन्छु।

यस पुस्तकलाई राम्रोसँग छापेर र विहारसम्म प्रुफ ल्याइदिनु भएकोमा युनिभर्सल प्रिन्ट कन्सर्न प्रेस क्षेत्रपाटीलाई पनि हार्दिक धन्यवाद छ।

भिक्षु अश्वघोष
संघाराम
मंसीर, २०६७



Downloaded from http://www.dhamma.digital

# विषय-सूची


| | |
|---|---|
| धर्मदान | क |
| चिर स्मरणीय व्यक्ति हुनुहुन्छ, दुर्गादास रंजित | ग |
| गृहस्थी जीवन सफल हुने धर्म मार्ग | १ |
| मानिसको महत्व बढ्ने दुईवटा गुण धर्म | ५ |
| उन्नतिको बाटो कुन हो ? | ९ |
| बुद्धमार्गी कसरी मूर्ति पूजक बने | १५ |
| अज्ञानी भिक्षु बोध भयो | २० |
| आफ्नो मालिक आफै हो | २४ |
| बुद्ध मार्ग प्रदर्शक मात्र हुन् | २६ |
| आमाको माया | २८ |
| रक्सीको चमत्कार | ३२ |
| चित्त शुद्ध हुनुपर्छ | ३५ |
| राजा अशोक बोध भयो | ३७ |
| बुद्धको बारेमा जान्नुपर्ने कुरा | ४१ |
| दुःख अन्त्यको लागि चाहिने हो "सम्यक् दृष्टि" | ४५ |
| सर्वज्ञता बारे बुद्धको विचार | ४९ |
| क्रोधी पति र असल पत्नी | ५४ |
| अज्ञानी राहुल बोध भयो | ५८ |
| कंजूस साहू बोध भयो | ६१ |
| राजाको विवेक बुद्धि, राजाको चिन्तनमय प्रज्ञा | ६६ |
| शान्तिको लागि मैत्री भावना | ६९ |
| अरुलाई दोष लगाउने व्यक्तिमा हुनुपर्ने गुणहरु | ७२ |
| गुण भएको राजा ठूलो | ७६ |
| महापुरुषहरुको गुण | ८० |
| रिसले वैरभाव शान्त हुँदैन | ८३ |


Downloaded from http://www.dhamma.digital

सबै प्राणी आहारमा निर्भर छन् । खाना खाएर मात्र बाँचिरहन सकेका छन् यिनीहरु । अन्न दान दिनु भनेको नै आयु, वर्ण, सुख, बल र प्रज्ञा दान दिएको जस्तै हुनेछ ।

बस्त्र दानले रुपवर्ण दान दिएको हुनेछ । मानिसहरुलाई बस्त्र नभई हुँदैन । बस्त्र नलगाइकन मानिसको रुप राम्रो देखिदैन । खोला छेउमा रहेको पाटीपौवामा रहेका अशरण बृद्ध-बृद्धाहरुलाई समेत दान दिने चलन छ । यो धर्मको कुरा हो ।

अशरण व्यक्तिहरुलाई यातायातको व्यवस्था मिलाई दान दिनू नै सुख दान दिए जस्तै हुनेछ । जुत्ता, छाता आदि दान दिंदा यातायातको लागि सुविधा मिल्ने हुँदा यो पनि एक प्रकारको सुख दान नै ठहरिन्छ ।

शहरका गल्लीहरुमा अँध्यारा ठाउँहरुमा घरको झ्याल बाहिर बाटोमा हिड्ने मानिसहरुलाई सुविधा हुने गरी बत्ति बालि दिएको खण्डमा आँखा दान दिएको जस्तै हुनेछ । आँखा कमजोर भएका बूढाबूढी र गरीब व्यक्तिहरुलाई चस्मा दान दिनसके आँखा दान दिए जस्तै हुनेछ ।

बासस्थानको प्रबन्ध मिलाई बासस्थान दिन सकेमा सबैठोक दान दिए जस्तै हुनेछ । पहिले पहिलेदेखि धर्मात्मा धनी व्यक्तिहरुले बाटाका छेउछाउमा पाटीपौवा आदि बटुवा र गरीब व्यक्तिहरुलाई ठूलो उपकार गर्ने चलन रहँदै आएको छ । ती पाटीपौवाहरु (कुनै त जीर्ण अवस्थामा) अहिलेसम्म पनि देखिन्छ ।

अमृतदान भन्नुको अर्थ अज्ञानी मानिसहरुलाई ठीक तरिकाको शिक्षा दिनु हो ।

Downloaded from http://www.dhamma.digital

# गृहस्थी जीवन सफल हुने धर्म मार्ग

दु:ख मन पर्ने कोही छैन हामी सबै सुख चाहनेहरु। तर सुख भनेको इच्छा गरेर मात्र पाउने चीज होइन। कामना गरेर मात्र हाम्रो इच्छा पूरा हुने होइन।त्यसरी इच्छा पूरा भए त यो संसारमा दु:खी व्यक्ति कोही पनि हुने थिएन। तर धेरै जसो दु:खीहरु नै देखिन्छन् यस संसारमा। यदि सुख पूर्वक बस्न र बाँच्ने इच्छा छ भने दु:ख हुने काम छोडेर सुख पाउने काममा लाग्नुपर्‍यो। यसको लागि हामी आफैले महसुस गरी आफूलाई अध्यात्मिक उन्नति हुने कार्यतर्फ लगाउनु पर्‍यो साथै भलो हुने काममा इमान्दारी साथ आफू जुट्नुपर्‍यो।

धेरैजसो प्रश्न यसरी उठ्ने गर्छ- दु:ख मन नपर्नेहरुले धर्मकर्म गरेपनि किन दु:ख हटाउँदैन र उनीहरु किन सुखी हुँदैनन् ? किनभने उनीहरुले दु:ख हुने कारणलाई टाढा पन्छाउन र छोड्न चाहँदैनन्। अर्थात् तृष्णालाई छोड्न चाहँदैनन्। उदाहरणको लागि एउटा घटना प्रस्तुत गर्छु।

एउटा मानिसलाई रुघाखोकी लागेको थियो। ऊ बैद्यकहाँ गएर आफ्नो रोगको व्यथा सुनायो। बैद्यले औषधि दियो र भन्यो यो औषधि खाउन्जेल तथा रुघाखोकि हुन्जेल अमिलो अचार र दहि खानुहुँदैन। त्यो मान्छेलाई चाँहि अमिलो अचार र दही नभइ नहुने रहेछ। त्यो मान्छे अर्कै बैद्यकहाँ गएर भन्यो- ठीक छ तर यस्तो औषधि दिनुहोस जुन औषधि खाँदा अमिलो अचार र दही त्याग्न नपरोस्। बैद्यले भन्यो- ठीक छ यो औषधि पनि खाने र दही र अमिलो अचार पनि



Downloaded from http://www.dhamma.digital

खाँदै जाने । यसले गर्दा तपाइँ कहिलेपनि बुढो हुँदैन, तपाइँको घरमा कहिलेपनि चोर पस्तैन र कहिलेपनि तपाइँलाई कुकुरले टोक्दैन ।

वैद्यको कथन अनुसार रुघाखोकी हुँदा अमिलो अचार र दही खायो भने त्यो मान्छे बुढो हुन पाउँदैन मर्छ । उसलाई रातभर खोकी लाग्दा मान्छे बिउँझेको घरमा चोर कहाँ पस्छ र ? शरीर दुर्बल भई लौरो टेकेर हिड्नु पर्छ कुकुरले पनि टोक्दैन ।

यस घटनाले के शिक्षा दिन्छ भने रोग निको पार्नु छ भने अमिलो अचार र दही छोड्नु परेजस्तै दुःख मन पर्दैन भने दुःखहुने काम छोड्नु पर्छ । अन्यथा धर्म मात्र गरेर कहाँ दुःखबाट मुक्त हुन्छ ?

अब जाउँ गृहस्थी जीवन सफल हुने धर्ममार्गतिर । एकचोटी गौतमबुद्ध कोशल राज्यको वेलुद्धारनामक ब्राह्मण गाँउमा धर्म प्रचारार्थ जानुभयो । त्यहाँका बासिन्दाले प्रार्थना गरेः- भो श्रवण गौतम ! हामी त गृहस्थी हौ । हामी विवाह गरेर बालबच्चाहरु सँगै बस्न चाहने व्यक्तिहरु हौं । हामीलाई सुनचाँदीको गहना पनि चाहिन्छ । घरखेत पनि चाहिन्छ । सुगन्धित फूलमाला पनि हामी लगाउँछौं । त्यसैले घरबार छोड्न चाहन्नौं । पैसा कमाएर बाच्न चाहन्छौ ।त्यसैले हामीलाई यस्तो उपदेश दिनुहोस् जुन उपदेशले गृहस्थीमा सुखपूर्वक बस्न पाउने र मरणोपरान्त स्वर्गमा जान पाउने ज्ञान प्राप्त होस् ।

बुद्ध भन्नुहुन्छ- तपाइँहरुलाई कसैले दुःख दिइ हिंसा कर्म गरेको मन पर्छ कि पर्दैन ? उत्तर आयो मन पर्दैन । त्यसो भए तपाइँहरुले पनि अरुलाई दुःख हुने काम गर्नु



Downloaded from http://www.dhamma.digital

भएन । तपाइँकहाँ चोरी गर्ने लुटेराहरु छन् कि छैनन् ? उत्तर आयो-छन् । हामी घरमा ताला लगाएर यहाँ आएका छौं । त्यस्तै आइमाइहरुलाई बलात्कार गर्नेहरु पनि होला ? त्यस्तै झुटो कुरा गर्ने, चुक्ली गर्ने, कडा बोली बोल्ने, नचाहिने कुरा गरेर समय फाल्ने, धेरै लोभी, बदला लिने स्वभाव र ईर्ष्यालु स्वभावकाहरु, मिथ्यादृष्टि र अन्धविश्वासीहरु तपाईंलाई मन पर्छ कि पर्दैन ? उत्तर आयो मन पर्दैन । त्यसो भए तपाइँहरुले पनि झुटो कुरा गर्नुभएन र बदला लिने काम गर्नुभएन । मिथ्यादृष्टि हुनुभएन । एकतालाई भङ्गहुने चुक्ली गर्ने काम गर्नु भएन । दृढ लोभी र बदला लिने काम गर्नुभएन । मिथ्यादृष्टि हुनुभएन अर्थात् मन संकुचित, साँघुरो हुनुभएन । यति गर्न सके तपाईंहरुको गृहस्थी जीवन सफल हुन्छ । मरणोपरान्त जहाँ जाने इच्छा छ त्यहाँ जान सकिन्छ ।

भो श्रमण गौतम । अनुकम्पा राखी हाम्रो गाउँमा पाल्नुभई राम्रो ज्ञानको शिक्षा दिनुभयो । घर गृहस्थी न त्यागीकन आचरण राम्रो भएको खण्डमा शान्तिपूर्वक जीवन सफल पार्न सक्ने र मरणोपरान्त सुगति जान सक्ने रहेछ । हामी खुसी छौं । हामी तपाइँको उपदेश अनुसार जीवन बिताउन तत्पर हुनेछौं । (मज्झिम निकाय वेलुद्वार सूत्र)

यस घटनाले के शिक्षा दिन्छ भने अरुको नराम्रो व्यवहार मन पर्दैन भने त्यही बानीलाई एक पटक तुलना गर्नु पऱ्यो । आफूमा पनि त्यस्तो नराम्रो व्यवहार र चरित्र छ कि छैन । अरुको बानी व्यहोरा मन पर्दैन भने आफूले पनि त्यस्तो व्यवहार गर्नु भएन । नराम्रो बानी छोड्नु पऱ्यो । अरुलाई आलोचना गर्नु भन्दा पहिले आफ्नो गल्तीबारे



Downloaded from http://www.dhamma.digital

आत्मालोचना गर्नु सक्नुपर्‍यो । यस बारेमा मज्झिमनिकायको अत्तुपनाइक सुत्त अथवा वेलुद्वार सुत्तमा विस्तृत व्याख्या गरेको पाइन्छ ।

बुद्धले दिनु भएको अधिकांश उपदेश गृहस्थी जीवन सफल पार्नको लागि हो न कि घर परिवार छोडेर त्यागी बन्नको लागि । हो गृहस्थी जीवन सफल हुने मार्गबारे उपदेश दिनको लागि त्यागी व्यक्तिहरुको पनि आवश्यक छ । बुद्ध स्वयं उदाहरणाको लागि त्यागी जीवनमा उपस्थित हुनुभयो ।

◆◆◆

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# मानिसको महत्व बढ्ने दुईवटा गुण धर्म

बुद्धधर्म करुणा र मैत्री गुण प्रज्ञाले युक्त धर्म हो। यस धर्म प्रचारको लागि वर्षावासपछि गौतमबुद्ध चम्पा भन्ने नगरमा जानुभयो। त्यसबेला उहाँले गागरा भन्ने पोखरी छेउमा बस्नुभइ धर्म उपदेश दिई रहनुभएको थियो। त्यसताका ठूलो नामी बिम्बिसार राजाको धर्मगुरु सोणदण्ड ब्राह्मण कौसीमा हिंडिरहेको थियो। अचानक उनले बाहिर धेरै मानिसहरु शान्तपूर्वक अनुशासित ढंगमा लाइन लाग्दै गइरहेको देख्यो। मानिस पठाएर सोद्धा उनीहरुले भने- "हामी सारै प्रज्ञावान व्यवहार र चरित्र शुद्ध हुनुभएको गौतमबुद्धकहाँ कथा सुन्नको लागि जान लागेको।" यो कुरा सुनेर त्यसो भए म पनि जाने भनेर ऊ आफै जान तयार भयो। त्यस बखत उनका ५०० ब्राह्मण चेलाहरुले- "तपाईं जस्ता ठूला व्यक्ति बुद्धकहाँ जानु हुँदैन। तपाईंभन्दा गौतम बुद्ध कम उमेरको। त्यसैले तपाईं त्यहाँ गयो भने तपाईंको प्रतिष्ठा घट्छ। बरु श्रमण गौतम नै तपाइँ कहाँ आउनु बेस" भन्न थाले।

यो कुरा सुनी सोणदण्ड ब्राह्मणले भने- "श्रमण गौतम म भन्दा ढैसले छोटो भएपनि ज्ञानले म भन्दा माथि पुगेको र प्रज्ञा, शीलसम्पन्न हुनुहुन्छ। त्यसैले म नै उहाँ समक्ष जानु योग्य छ। अरु कुरो के छ भने गौतमबुद्ध अरहन्त हुनुहुन्छ मतलब उहाँले गुप्तपाप गर्नु हुन्न। राग द्वेष र मोहबाट मुक्त हुनुहुन्छ। जसरी कुरा गर्नु हुन्छ, त्यसरी नै काम गर्नुहुन्छ। र आचारण पनि शुद्ध छ उहाँको। गौतम बुद्ध हाम्रो पाहुनाको रुपमा आउनुभएको छ। म यहाँको नेता



Downloaded from http://www.dhamma.digital

हुँ । त्यसैले उहाँको स्वागत गर्न म जानै पर्छ । उहाँ स्वागत गर्न योग्य व्यक्ति हुनुहुन्छ ।

सोणदण्ड ब्राह्मण बुद्धकहाँ जानुभयो चेलाहरुसँगै । सोणदण्ड ब्राह्मणलाई अलिअलि डर जस्तो पनि लाग्यो । बुद्धले सोध्ने प्रश्नको उत्तर दिन नसक्ने हो कि । त्यस्तो भएको खण्डमा चेलाहरुले हेला गर्छन् कि, मेरो प्रतिष्ठा घट्ने हो कि आदि शंका उपशंकाले घेर्न थाल्यो उसलाई ।

सोणदण्ड ब्राह्मणको अनुहार हेरेपछि उनको मनोभावना बुझेर गौतमबुद्धले सोणदण्ड ब्राह्मणसँग सजिलो प्रश्न सोध्नुभयो- तपाईँहरुको शास्त्र अनुसासर ब्राह्मण हुनलाई के के कारणहरु पूरा हुनुपर्छ ? सोणदण्ड ब्राह्मण खुशी भइ फूर्तिसाथ भने- पाँचवटा कारणहरु पूरा हुनुपर्छ । गौतम बुद्धले सोध्नुभयो- ती पाँचवटा कारणहरु के के हुन् ? सोणदण्ड ब्राह्मणले भने ती हुन्ः-

१) आमाबुबा परम्परादेखि सात पुस्ता सम्म जातले शुद्ध हुनुपर्छ ।

२) त्रिवेद पारंगत भइ विद्वान हुनुपर्छ ।

३) रुप सम्पन्न हुनुपर्छ ।

४) शील सम्पन्न अर्थात आचरण शुद्ध हुनुपर्छ ।

५) प्रज्ञावान अर्थात विवेक बुद्धि भएको हुनुपर्छ ।

गौतमबुद्धले नरम स्वभावमा सोध्नुभयो -यी पाँचवटा कारणहरु मध्ये एउटा दुइटा कम भएपनि हुन्न र ?



Downloaded from http://www.dhamma.digital

सोणदण्ड ब्राह्मणले भन्यो -ब्राह्मण शास्त्र अनुसार कम गर्न नभएपनि बुद्धलाई खुशी पार्नको लागि रुप सम्पन्न नभएपनि हुन्छ अर्थात अनुहार राम्रा नभएपनि हुन्छ । बुद्धले फेरी सोध्नुभयो- अरु पनि कम गर्न हुने केही छन् कि ? ब्राह्मणले भने- विद्वान नभएपनि हुन्छ । जातले शुद्ध नभएपनि हुन्छ । त्यति भन्नासाथ अरु ब्राह्मणहरु कराउन थाले उसलाई बिरोध गर्न शुरुगरे । जातले शुद्ध नभएपनि हुनेभए त ब्राह्मणत्व नै समाप्त हुने भयो नि । आफ्नो कुल धर्मलाई सोणदण्ड ब्राह्मणले खण्डन गर्नु भयो । उहाँले यो ठीक कुरा गर्नु भएन ।

बुद्धले- तपाईंहरु चुप लाग्नुस् भन्नासाथै सोणदण्ड ब्राह्मणले भने- भो श्रमण गौतम ! म उनीहरुलाई सम्झाइ दिन्छु ।

हे शिष्य ब्राह्मणहरु । तिमीहरु चुप लाग, उसले अगाडी बसिरहेको आफ्नो भाञ्जा अंगकलाई देखाएर भन्यो- यो मेरो भाञ्जा अंगक कति राम्रो र रुप सम्पन्न छ । बुद्धबाहेक त्यो भाञ्जाजति राम्रो र रुप सम्पन्न छ अरु कोही रुप सम्पन्न छैनन् । तर यदि उसको चाल चलन र आचरण भ्रष्ट छ भने उसलाई तिमीहरुको छोरी दिन चाहन्छौ ? सबैले एकै चोटी भने- त्यस्ता चरित्र भ्रष्ट भएको मानिसलाई हामी छोरी दिदैनौं ।

सोणदण्ड ब्राह्मणले भने- हातको मयल पखाल्नलाई दुबै हात खुब मोलेर धुनुपर्छ, त्यस्तै मानिसको जीवन उज्वल पार्नलाई शील(सदाचार) र प्रज्ञा नभई हुँदैन । यसको लागि प्रज्ञा करुणा र श्रद्धा अति आवश्यक छ ।



Downloaded from http://www.dhamma.digital

बुद्धले सोणदण्ड ब्राह्मणको कुरोलाई स्वीकार गर्नुभयो र भन्नुभयो-मनुष्यत्व बाँचिरहेको, टिकिरहेको नै यही शील र प्रज्ञागुण दुईवटा भएकोले हो । जुन व्यक्ति शील सदाचार सम्पन्न चरित्रवान र नैतिकवान हुन्छ, त्यो व्यक्ति प्रज्ञावान पनि हुन्छ । शील र प्रज्ञा शुद्ध हुनुपर्छ । (मज्झिम निकाय सो दण्ड सूत्र)

यस घटनाले बुद्धको प्रज्ञा एकदम शुद्ध छ । सोणदण्ड ब्राह्मणसँग प्रश्नोत्तर गरेर जातीवाद चरित्रहीन रुपसम्पन्न र विद्वताको कुनै महत्व रहँदैनछ भन्ने कुरा बुझियो ।

तर बुझ्न नसकिने कुरा के छ भने सूत्र पिटक जस्ता ठूला ठूला ज्ञानगुणका पुस्तकहरु अनुवाद गरेर पनि कसैले जाती भेदलाई त्याग्न सकिरहेको छैन । आफ्नै घरका छोरीले बेजाती केटोसँग विवाह गरिन् भने उनीसँग बोलचाल नै नगर्ने बानी छ । कस्ता विद्वान हुन् थिनीहरु । त्यसैले गौतमबुद्धले भन्नुभएको विद्वान र रुपसम्पन्न नभएपनि हुन्छ- आचरण शुद्धि र चरित्र शुद्ध हुनु अनिवार्य छ ।

एक चोटी एकजना विद्वान ब्राह्मणले बुद्धसित सोधेको थियो- तपाईंको जात के ?

बुद्धले भन्नुभयो- आचरण सोध जात किन चाहियो ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# उन्नतिको बाटो कुन हो ?

संसारका सबै मानिसहरूलाई दुःख मन पर्दैन । उनीहरु आफ्नो जीवनमा सुख नै देख्न चाहन्छन् । त्यसैले होला सबैले भरसक सुखपूर्वक नै आफ्नो उन्नति गर्न के गर्नुपर्छ अर्थात दुःखबाट मुक्त हुन कुनबाटो अपनाउनु पर्छ आदिबारे सही ज्ञान पत्ता लगाउन सकिराखेको छैनन् । यस विषयमा धेरैजसो मानिसहरुको त्यति ध्यान पुगेको पनि देखिदैंन । उन्नतिका मार्गहरु त धेरै छन् ।

यी प्रसङ्गवश यहाँ बुद्धकालीन एउटा घटना प्रस्तुत गर्दैछु । एक जना ६ वर्षको बालकको बुद्ध समक्ष "उन्नतिको मार्ग के हो ?" भन्ने प्रश्न गर्दा बुद्धले प्रत्युत्तरमा दिनु भएको ६ वटा उन्नतिका मार्गलाई यहाँ संक्षिप्त रुपमा उल्लेख गर्न चाहन्छु । जुन सबैका लागि उपयोगी नै देखिन्छन् ।

एकदिन बुद्धका अनुयायी उपासक आफ्नो ६ वर्षका छोरासँग डुल्न हिंडेछ । अचानक बिचबाटोमा पुगेपछि त्यस बालकले आफ्नो बुबासँग सोधेछ- "बुबा उन्नति हुने बाटो कुन हो ? र सबभन्दा ठूलो लाभ के हो ?

आफ्नो छोराको अचानक यस्तो गम्भीर प्रश्न सुनेर बाबुचाँहि अक्मकिएछ । उनले यसको उत्तर दिन सकेन । किनभने ऊ आफैलाई थाहा नभएको यस गम्भीर प्रश्नको उत्तर देओस् पनि कसरी? आफूले उत्तर दिन नसकेकोले र उसलाई पनि त्यस विषयमा जान्ने जिज्ञासा उत्पन्न भएकोले ऊ आफ्नो छोरासँगै गौतम बुद्धकहाँ गइ वन्दना गरी आफ्नो छोराको प्रश्न अगाडि राखे । अनि गौतम बुद्धले सबैलाई उन्नति गराउन सक्ने ६ वटा मार्गहरुलाई यसरी बताउनु



Downloaded from http://www.dhamma.digital

भयो ।

१) निरोगी हुनु २) आचरण राम्रो हुनु ३) मान्यजनहरुले भनेका ज्ञानगुणका कुराहरुलाई मान्नु ४) जान्ने र बुझ्ने हुनु वा बहुश्रुत हुन सक्नु ५) धर्म अनुसार व्यवहार र आचरण गर्नु ६) अल्छी नहुनु ।

१) निरोगी हुनु ।

सबैको उन्नति हुने बाटोहरु मध्ये पहिलो बाटो हो-रोगबाट मुक्त हुनु । मानिसको स्वास्थ्य ठीक नभइकन उसको कहिल्यै पनि उन्नति हुन सक्तैन । शरीर स्वस्थ भएन भने थुप्रै धन सम्पत्ति भएतापनि त्यसको केही मतलब नरही उसले आफ्नो बर्तमान समयमा नै जीवन नरक भोग गरि बिताइ रहनुपर्ने हुन्छ । तसर्थ निरोगी भई बस्नु जतिको सुख अरु केही छैन ।

गौतमबुद्धले सधैं निरोगी जीवन बिताउनेको लागि ६ वटा विषयको आवश्यकता भएको कुरा बताउनुभएको छ ।

क) उचित आहारको सेवन गर्नु ।

ख) बस्ने ठाउँको उचित प्रवन्ध हुनु ।

ग) बस्ने ठाउँमा सरुवा रोगीहरु र झगडालु व्यक्तिहरुको उपस्थिति नहुनु ।

घ) हावापानी अनुकुल हुनु ।

ङ) आफ्नो र आफूसँग रहने व्यक्तिहरुको बीच एक आपसमा विचार मिल्नु ।

च) सरसफाइको राम्रो प्रबन्ध हुनु ।

क) उचित आहारको सेवन गर्नु

संसारका सबै प्राणीहरु आहार बिना बाँच्न सक्तैनन् । खाना खान पुगेन भने शरीरको मासु र रगत सुकेर जानेछ । त्यसपछि शरीर दुर्बल भई रोगले सताउनेछ र रोगीलाई औषधिले समेत नछुने डर हुन सक्छ । यसरी



Downloaded from http://www.dhamma.digital

शरीर कमजोर भएपछि स्वत : नै मन पनि कमजोर भई आफूले चाहेजस्तो धार्मिक कार्यहरु गर्न असमर्थ हुनेछ। उदाहरणको लागि सिद्धार्थ कुमारले खाना नै नखाइकन तपस्या गर्नुहुँदा शरीर दुर्वल हुनगई बुद्ध हुन सक्नुभएन। त्यसैले उहाँले तपस्या गर्न छोड्नुभयो र राम्ररी खाना खाई स्वस्थ र तन्दुरुस्त हुनुभएपछि मात्र फेरी विग्म्सना ध्यान अभ्यास गरी बुद्धत्व लाभ गर्न सक्नुभयो।

ख) बस्ने ठाउँको उचित प्रवन्ध हुनु।

मानिसहरुलाई आराम पूर्वक रहनको लागि घर नभइ हुँदैन। बढी जाडो, गर्मी र चोरहरुको भयबाट बच्नको लागि उचित बासस्थान र सफा ठाउँको आवश्यकता छ। सुत्ने, खाने र खाना बनाउने आदि भएभरको सबै कामहरु एउटै कोठाभित्र गर्नु पनि राम्रो हुँदैन। यस्तो चलनले गर्दा बस्ने ठाउँमा फोहोर भइ प्रदुषण हुनगई मानिसहरुलाई छिटै रोग लाग्ने सम्भावना हुनेछ। किनभने त्यस्तो ठाउँमा सफा, ताजा र शुद्ध हावाको आवत जावत हुन सक्तैन। त्यसकारण बस्ने ठाउँमा शुद्ध हावा आउने झ्यालको पनि जरुरत हुनेछ। ताकि सो ठाउँमा सफा, ताजा र शुद्ध हावाको आवत जावत हुन सकोस्।

ग) बस्ने ठाउँमा सरुवा रोगीहरु र झगडालु व्यक्तिहरुको उपस्थिति नहुनु।

झगडालु र रिसाह प्रवृतिका मानिसहरु नभएको ठाउँमा आनन्दपूर्वक रहने बानी बसिसकेका मानिसहरुले त्यस्ता व्यक्तिहरुसँग रहनुपर्दा तिनीहरुलाई छिटै रोगले समात्ने डर हुन्छ। त्यसकारण निरोगी रहनको लागि सकेसम्म सज्जन र शिक्षित व्यक्तिहरुका साथ रहने गर्नुपर्छ।

घ) हावापानी अनुकुल हुनु।

मानिसहरुले मौसम अनुसारको खाना र लुगाको



Downloaded from http://www.dhamma.digital

प्रयोग गर्नुपर्छ । जाडो महिनामा न्यानो लुगा र गर्मी महिनामा पातलो लुगा लगाउनु पर्छ । त्यस्तै पानी पर्ने बेलामा आफूलाई त्यस पानीबाट बचाउनुपर्छ र जाडो महिनामा न्यानो गरी बस्नको लागि प्रबन्ध मिलेको हुनुपर्छ ।

ङ) आफ्नो र आफूसँग रहने व्यक्तिहरुको बीच एक आपसमा विचार मिल्नु ।

आफ्नो र आफूसँग रहने व्यक्तिहरुसँग एक आपसमा विचार मिलेको हुनुपर्छ । मतलब सबैको मन एउटै हुनुपर्छ भनेको होइन । तर परिवारलाई हित हुने कुनै पनि कार्य गर्ने बेला परिवारका सबै सदस्यहरुबिच बिना रोकटोक सहमति भई काम सम्पन्न गर्न सक्यो भने त्यस परिवारमा सँधै शान्ति कायम हुनेछ । यसरी परिवारका सदस्यहरु वीच एक आपसमा बिचार मिलेको हुनुपर्छ । कुनै सामूहिक काम गर्ने बेलामा र स्कूल वा पुस्तकालय आदि बनाउनको लागि चन्दा दिने बेलामा परिवारका दाजुभाई सबैको विचार मिलेको खण्डमा मात्र सवैलाई मानसिक शान्ति प्राप्त हुनेछ । यस्तै घर बनाउने बेलामा पनि घरको ढोका भऱ्याङ आदि यथा स्थानमा राख्ने बेला परिवारका सदस्यहरुमा राम्ररी सहमति भई एक आपसमा विचार मिलेको खण्डमा त्यहाँ सबैको मन आनन्दले भरेको हुन्छ । मन हलुका भयो भने मात्र सबैको स्वास्थ्य पनि राम्रो भइरहने हुन्छ ।

च) सरसफाइको राम्रो प्रबन्ध हुनु

सधैं स्वस्थ भइरहनको लागि आफू रहने ठाउँमा चारैतिर सफा सुग्घर हुनुपर्छ र सफा र स्वच्छ पानी पिउने गर्नुपर्छ । आफू बस्ने कोठा र घर मात्र नभइ घर बाहिरका वातावरण समेत सफा हुनु जरुरी छ । खाने पानीलाई सफा भाँडोमा राखेर मात्र पुग्दैन । पाली बौद्ध साहित्यमा उल्लेख गरिए अनुसार गौतम बुद्धले बताउनुभएको छ– "भिक्षुहरुले



Downloaded from http://www.dhamma.digital

पानी छान्नको लागि एक टुक्रा सफा कपडा आफ्नो साथमा राख्ने गर्नुपर्छ ।"

यसको मतलब हो, खानेपानी छानेर मात्र खानुपर्छ । यो नियम केवल भिक्षुहरुको लागि मात्र लागु नभई सर्वसाधारण मानिसहरुका लागि पनि त्यत्तिकै उपयुक्त नियम हो । आजकाल त धाराबाट नै दूषित पानी आउन थालेकोले पानी छानेर सफा गरी पिउने चलन बसाल्नु स्वास्थ्यको लागि ज्यादै राम्रो कुरा हुनेभयो । जनहित र जनमुखी सरकार देशमा त फिल्टरको व्यवस्था हुन्छ, पानीको मुहानमै पनि फिल्टर जडान गरिएको हुन्छ । तर हाम्रो देशमा त फिल्टर जडानको व्यवस्था त कता हो कता ढल निकासको फोहोर पानी मिसिएको पानी खानु परिरहेको छ । त्यतिमात्र होइन, अहिले हाम्रो नेपालमा त्यहि दूषित पानी पनि पर्याप्त मात्रामा नपाउने व्यवस्था आइसकेको छ । यो सबैलाई थाहा भएकै कुरा हो । यहाँ धनी व्यक्तिले त उमालेर चिस्याएको पानीलाई पनि फिल्टर गरेर र मिनरल वाटर भनिने तयारी सिसीको पानी पनि किनेर पिउने गर्छन् । तर गरीब सर्वसाधारण जनताले यसरी पानी उमालेर, फिल्टर गरेर र तयारी सिसीको पानी किनेर प्रयोग गर्न सक्तैनन् । त्यसैले गौतम बुद्धले भिक्षुहरुको लागि बताउनु भएको यो सरल र किफायती पानी छान्ने तरिकालाई सर्वसाधारणहरुले सजिलैसित प्रयोग गर्न सक्छन् । त्यसैले उमालेर पानी छान्ने तरिकालाई सर्वसाधारणहरुले सजिलैसित प्रयोग गर्न सक्छन् । त्यसैले उमालेर पानी छान्ने कपडाले छानेर मात्र पानी पिउने बानी बसाल्नु सबैको स्वास्थ्यको लागि लाभदायक नै हुनेछ र निरोगी बन्न टेवा पुग्नेछ ।

२) आचरण राम्रो हुनु

आचरण राम्रो हुनुभनेको सदाचारी भएर रहनु



Downloaded from http://www.dhamma.digital

हो । त्यसको लागि शीलवान हुनु अर्थात अरु कसैलाई पनि दु:ख कष्ट नदिइ छलकपट नगरी जीवन यापन गर्नु हो । यसरी जीवन यापन गर्न सकेमा मात्र सबैको दृष्टिमा विश्वासको पात्र बन्न सकिनेछ । फलस्वरुप इष्टमित्र बढ्न गइ जहाँ गएपनि सबैबाट सम्मान नै पाउन सकिनेछ ।

३) मान्यजनहरुले भनेका ज्ञानगुणाका कुराहरुलाई मान्नु बुद्धिवान व्यक्तिहरु र मान्यजनहरुबाट उपदेशित अर्ति बुद्धिलाई आफूले मनन गर्न सक्नुपर्छ । आफूभन्दा ठूलाबडालाई मान मर्यादा गर्न जान्नु र आफूभन्दा सानालाई माया ममता गर्न जान्नु पनि उन्नतिको र शान्तिको सही मार्ग हो ।

बाँकी रहेको ३ वटा उन्नतिका मार्गहरुलाई संक्षिप्त यसरी वर्णन गर्न सकिन्छ ।

विद्वान र बहुश्रुत बनेपछि शिक्षित सभ्य र नरम हुनु तथा न्याय अनुसार धार्मिक पूर्वक नियम अनुसार र व्यवहार गर्न सकेमा स्वत: नै सबैको विश्वासिलो पात्र बनी लोकप्रिय बन्न सकिनेछ । यतिमात्र होइन अल्छीपना र संकुचित चित्त र संकीर्ण मनलाई त्याग्न सकेमा उन्नति नहुने कुरै छैन ।

यसरी बुद्धद्वारा ६ वटा उन्नतिका मार्गहरुलाई बयान गर्नुभएको सुनी बाबु र छोरा दुबै खुशी भइ बुद्धलाई वन्दना गरी आफ्नो घरतिर लागे ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# बुद्धमार्गी कसरी मूर्ति पूजक बने

भगवान् बुद्ध ८० वर्षमा परिनिर्माण (फेरी नजन्मने गरि मृत्यु ) हुनु भयो । मृत्यु हुने भन्दा पहिले भिक्षुहरुले बुद्धसँग सोधे -भन्ते तपाईको परिनिर्वाण पछि तपाइप्रति कसरी पूजा गर्ने ? बुद्धले भन्नुभयो- भिक्षुहरु ! म प्रति पूजापाजा गर्ने बारेमा चिन्तन नगर्नु । मैले जति तिमीहरुलाई धर्मको शिक्षा दिए, त्यही शिक्षा अनुसार धर्माचरण गर, चित्तशुद्ध गर्ने प्रयत्न गर, सँधै सतर्क हुनु जहिले जहिले मनमा नराम्रो कल्पना आउँछ होशियारी भइ नराम्रो भावनालाई छाडी राम्रो कल्पना गर्न प्रयत्न गर्नु । "अप्पमादेन सम्पादेथ" सजग भएर आचरण गर्नु नै मप्रति पूजा गरेको हुन्छ । यही म प्रति पूजा गरेको हुन्छ । यत्ति गर्न सके म सन्तुष्ठ छु । पुष्प धूपद्वारा पूजा गर्न मलाई मनपर्दैन ।

राजा अशोकको पालासम्म बुद्धमूर्ति बनाएर पूजा गर्ने चलन थिएन । भन् बुद्धपरिनिर्वाण (मृत्यु) भएर ३०० वर्ष सम्म बुद्धमूर्ति पूजा थिएन ।

शरीर अर्थात बुद्धको अस्तिधातु (हाड) राखेको चैत्यको पूजा र बोधिवृक्ष (पिपलको बोट) लाई पूजा गर्ने हुन्थ्यो ।

बुद्धपरिनिर्वाण भएर दुईसय वर्षपछि बुद्धको विनय नीति सम्बन्धी विवाद भएको थियो । बुद्ध परिनिर्वाण हुनु भन्दा पहिले बुद्धले भिक्षुहरुलाई भन्नुभएको थियो- म मरेपछि मैले बनाएको सानातिना नियमहरुलाई तिमीहरु मिलेर सहमति भए छोडेपनि हुन्छ । बुद्ध दूरदर्शी हुनुहुन्थ्यो ।

मतभेद भएको नियमहरु मध्ये यहाँ केही मात्र उल्लेख गर्छु । जस्तै नून नभएको ठाउँमा नून लिएर जान



Downloaded from http://www.dhamma.digital

सक्ने, सुन चाँदी र पैसा छुन सक्नुपर्छ, अपरान्हपछि पनि भोजन गर्न सक्नुपर्छ, भोजन उपरान्त मही खानु हुन्छ । यी नियमहरु प्रति परम्परावादी एकथरीले विरोध गरे । परम्परावादीको कथन छ नियम यथावत राखिनु पर्छ । यसरी नियम फेर्दैगयो भने बुद्ध समयको नियमको अस्तित्व नै नरहने हुन्छ । पालन गर्न नसक्ने अर्कै कुरा हो

नव नियम प्रस्तावकहरुको कथन थियो पालन गर्न नसकिने अव्यवहारिक नियम फेरिएपछि नियम उल्लंघनको शंका रहँदैन । आत्मग्लानी हुँदैन । यही नियमहरु बारे मतभेद भएर महायान हीनयान भनि विभाजित भए ।

पछि गएर कनिष्क राजाको पालामा महायानीहरुले बुद्धको मूर्ति बनाएर पूजा गर्ने चलन शुरु गरे । वैदिक कालदेखि मूर्तिपूजा चलिआएको संस्कार र विश्वास प्रबल थियो । फलस्वरुप धेरै मानिसहरु प्रभावित भए, भन्न शुरु गरे बल्ल धर्म देखिन थाल्यो रे । महायानीहरु कहाँ मानिसहरु जान थालिए पछि लाभ सत्कार बढ्न थाल्यो ।

यता हीनयानी (थेरवादी) हरु चित्त शुद्धगर्नु पर्छ, आचरण राम्रो हुनुपर्छ, बुद्ध बर्दान दिने व्यक्ति हुन्न आदि विचारहरुले गर्दा भक्तिमार्गीलाई प्रभावित पार्न सकेन । भक्तिमार्गीहरु संख्या बढ्न थालियो । यता हीनयानीहरुलाई जीवन यापन गर्न धौ धौ पर्न थाल्यो ।

यहाँ स्मरणीय छ बुद्धत्व र बोधिसत्वलाई मान्यता दिनेमात्र होइन बुद्ध बनेपछि मात्र जीवन मुक्त हुने विश्वासीहरु महायान भन्न थाल्यो र तृष्णाक्षय गरी दुःखबाट मुक्त हुने निर्वाण प्राप्त गर्न सक्ने भन्नेहरु हीनयान (थेरवाद) भनेर व्यवहार गर्न थाल्यो ।

हीनयानीहरु एक चित्तभई सल्लाह गर्न थाले- अब हामी पनि बुद्धमूर्ति निर्माण गरी पूजा गर्न शुरु गर्नुपर्‍यो ।



Downloaded from http://www.dhamma.digital

अन्यथा जीवन निर्वाह गर्न असजिलो हुनेभयो । बरु हामी बुद्धलाई गुरुको रुपमा र मार्गप्रदर्शकको रुपमा पूजा गरौं । महायानीहरु जस्तो बुद्धलाई देवता वा ईश्वरको रुपमा नमान्ने ।

थेरवादीहरु बुद्धको गुणास्मरण गरी पूजा गर्दै आउँछन् । अहिलेसम्म बुद्धगुण, धर्मगुण र संघगुण स्मरण गर्दै पूजा गर्दछन् ।

जस्तै नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स- अर्थ उहाँ भगवान अर्हत् सम्यक् सम्बुद्धलाई नमस्कार देखि शुरु हुन्छ ।

## बुद्धगुण नौवटा स्मरण

इतिपिसो भगवा अरहं सम्मा सम्बुद्धो

विज्जयाचरण सम्पन्नो सुगतो लोकविद्,

अनुत्तरो पुरिसदम्म सारथी सत्थादेव मनुस्सानं बुद्धो भगवाति,

अर्थ- उहाँ भगवान् बुद्ध अर्हत हुनुहुन्छ, (रहस्य पाप कर्म नगर्ने शुद्ध व्यक्ति हुनहुन्छ) यथार्थ रुपमा ज्ञान प्राप्त गर्नु भएका हुनुहुन्छ । विद्या र आचरण सम्पन्न हुनुहुन्छ , (जसरी कुरा गर्नुहुन्छ त्यसरी नै काम गर्नु हुन्छ ) राम्रो बाटोमा हिड्ने, विश्वको कुरा बुझ्ने, उत्तम भए जस्तै क्रोधी स्वभावका मानिसलाई दमन गर्न सक्ने सारथी, मानिस र देवताका गुरु हुनुहुन्छ, बोध भएको व्यक्ति हनुहुन्छ, राग द्वेष मोहलाई नाश गर्नुभएको भगवान् बुद्ध हुनुहुन्छ ।

स्मरणीय कुरा भगवान् शब्द हो अवौद्धहरुले व्यवहार गर्ने भगवान् र बौद्धहरुले व्यवहार गर्नेको अर्थ एउटै होइन । बौद्धहरुले प्रयोग गर्ने भगवान्को अर्थ ईश्वर र देवता होइन । लोभ द्वेष र मोहलाई नाश पार्नु भएको व्यक्तिको अर्थ हो ।



Downloaded from http://www.dhamma.digital

## धर्मगुण ६ वटा स्मरण

स्वाक्खातो भगवताधम्मो, सन्दिट्ठिको अकालिको, एहिपस्सिको ओपनयिको पच्चत्तं वेदितब्बो विञ्ञूहीति
अर्थ- यो धर्म भगवान् बुद्धबाट राम्रोसँग बताउनु भएको हो, यही जन्ममा देखिने गरि फलपाउने धर्म हो, धेरै समय पछि फल पाउने धर्म होइन । यहाँ आएर हेर भन्न सक्ने धर्म हो, विद्वानहरुले आफैले बुझिलिनु पर्ने धर्म हो ।

## संघगुण नौवटा स्मरण

सुपटिपन्नो भगवतो सावक संघो, उजुपटिपन्नो भगवतो सावकसंघो, ञायपटिपन्नो भगवतो सावकसंघो , सामीचिपटिपन्नो भगवतो सावकसंघो । यदिदं चत्तारि पुरिसयुगानि अट्ठ पुरिस पुग्गला एस भगवतो सावकसंघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो अञ्जलि करणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्साति ।
अर्थ- भगवान् बुद्धको श्रावक संघहरु(शिष्यहरु) राम्रो संग धर्म आचरण गर्नेहरु हुन् । सोझो मार्गमा हिड्नेहरु हुन्, न्यायमार्गमा जानेहरु हुन्, आदरपूर्वक धर्माचरण गर्नेहरु हुन्, यी चार युगल पुरुषहरु र आठ पुरुषहरु हुन्, यिनीहरु बुद्धका श्रावकसंघ (शिष्यहरु) हुन्, आदरणीय पाहुना गर्न योग्य हुन्, दानदिने योग्य हुन्, नमस्कार गर्न योग्यहरु हुन्, लोकजनहरुको पुण्य क्षेत्रहरु हुन् ।

यी माथिका उल्लेखित पाठहरु प्रत्येक थेरवादी विहारहरुमा पूजा हुँदा पाठ गर्ने गर्दछन् । तर कतिप्रतिशतले बुद्ध धर्म र संघको गुण स्मरण गरी बुद्ध पूजा गर्ने गर्छन् यो भन्न सजिलो छैन । धेरै जनाले बुद्धलाई देउता सम्झी पूजा गर्छन् र बरदान माग्ने गर्छन् । बुद्धको शिक्षा अनुसार चित्त शुद्ध गरेर आचरण गरे मात्र वरदान प्राप्त हुन्छ ।



Downloaded from http://www.dhamma.digital

पुरानो संस्कार सुधार गर्नु र बदल्नु सजिलो छैन। वैदिक संस्कार निकै बलियो रहेछ। एक चोटी राहुल सांकृत्यायनले भन्नु भएको थियो- ब्राह्मण संस्कार बलियो भएको ठाउँमा बुद्धको शिक्षा टिक्न सक्दैन। बुद्धको शिक्षा बलियो भएको ठाउँमा ब्राह्मण संस्कार टिक्न सक्दैन। संस्कार नबदलेकोले नै १५औं पटक पनि नेपालमा नयाँ प्रधानमन्त्री चुनिन असफल भएको हो।

◆◆◆



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

# अज्ञानी भिक्षु बोध भयो

गौतम बुद्धको फुफूको छोरा अलिक बैश गएको, अलिक बुढो हुन लागेको शाक्य थियो । ऊ भिक्षु बन्न पुग्यो । उसको नाम तिस्स थियो । उसलाई धेरै घमण्ड थियो, बुद्ध मेरो मामाको छोरा हो भनेर । त्यसैले ऊ भिक्षु बन्न गयो । भिक्षु बनिसकेपछि ऊ दिनकादिन धर्महलको भगवान् बुद्ध बस्नुहुने आसनमा बस्ने गर्दथ्यो । ठूलो महास्थविर जस्तो गरी बस्दथ्यो ।

उसको उमेर पनि पुगिसकेको थियो । धेरै उमेर पुगि सकेपछि भिक्षु बन्दाखेरी दुईतीन वटा अवगुण पाइन्छ । १) मान सम्मान खोज्ने २) लोभ लालच हुने र ३) खूब घमण्डी हुने । त्यो तिस्स भिक्षु पनि भगवान् बुद्ध बस्नु भएको जेतवन विहारमा बस्दा खूब सम्मान पाइन्छ भन्ने बिचारको थियो । ऊ नवक भिक्षु थियो तर भगवान् बुद्ध बस्नुहुने धर्म सभाको धर्माशनमा बसेर दिन काट्ने गर्दथ्यो ।

बाहिरबाट भगवान् बुद्धको दर्शनार्थ धेरै भिक्षुहरु आउँदछन् । धर्माशनमा अधबैंसे, मोटो घाटो, हट्टाकट्टा त्यही तिस्स भिक्षुलाई देखेर, ठूलो महास्थविर भिक्षु होला भनेर भिक्षुहरुले वन्दना गर्दथे । ऊ चाहिं खुब नाक फुलाएर, गमक्क परेर, मुसुमुसु हास्दै शालिक जस्तै बसिरहन्थ्यो ।

भिक्षुहरुको नियमानुसार, आचारसंहिता अनुसार पाहुना भिक्षुहरु आउँदाखेरि उनीहरुको सामान छ भने सामान राख्ने ठाउँमा राखिदिनुपर्छ, बस्त्र आदि छ भने उपयुक्त ठाउँमा राखिदिनुपर्छ । खुट्टा धुनको लागि पानी दिनुपर्छ । पिउन



Downloaded from http://www.dhamma.digital

चाहन्छ भने पिउने पानी दिनुपर्छ । अनि सोध्नुपर्छ– "तपाई भिक्षु भएको आयु (वर्षवास) कति भयो ?" भनेर । यदि आफु भन्दा जेठो भएमा बन्दना गर्नु पर्छ ।

तर त्यो तिस्स भिक्षु बुढेसकालमा भिक्षु भएको र भरखरै भिक्षु भएको कारणले नियम केही पनि सिक्ने कोशिश पनि गरेन । त्यसैले केही पनि थाहा भएन । उसलाई आफु ठूलो व्यक्ति भनाउने र सम्मान पाउने आशा मात्रै रहेकोले भगवान् बुद्धको धर्मासनमा बस्ने गरेको हो । त्यो भिक्षु खाँदा-खाँदा मोटाएकोले उसको नाम थुल्लतिस्स अर्थात् मोटाएको तिस्स भन्ने नाम रहन गयो ।

एकदिन आगन्तुक (पाहुना) भिक्षुहरुमध्ये एकजना नवयुवक भिक्षुले वन्दना गर्नु अघि "तपाईंको वर्षावास कति भयो ?" भनि सोध्यो । उसले पनि त्यस्तो कुरा मलाई थाहाछैन, म हालै मात्र भिक्षु बनेको हुँ, किन सोधेको भनी जवाफ दियो ।

"ए । लाज नभएको, हालै मात्र भिक्षु भएको ? आफूभन्दा जेठो भिक्षु आएर वन्दना गर्दा पनि चुप चाप बस्ने । उठ्नु पर्दैन ? उहाँलाई नमस्कार गर्नुपर्दैन ? लाज नभएको भिक्षु, ना!लायक । यहाँ बस्नै नहुने ।"

यसरी आफूलाई गाली गरेको सुनेर त्यो थूल्लतिस्स भिक्षुले आगन्तुक भिक्षुलाई भन्न थाल्यो– "तिमीलाई थाहा छ, म को हुँ ? म भगवान् बुद्धको फुफूको छोरा हुँ । म ठीक पारिदिन्छु ।" आगन्तुक भिक्षुले पनि "हिंड बुद्धकहाँ भन्दा जान्न भनी जिद्दी गर्न थाल्यो । आगन्तुक भिक्षुहरुले दुबै हात समातेर जबरजस्ती भगवान् बुद्धकहाँ लिएर गए ।"



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धले सोध्नु भयो- "किन यसलाई जबरजस्ती पक्रेर यहाँ ल्याएको ?" भो शास्ता, यो साहै घमण्डी रहेछ। साहै सोभित नभएको चरित्रहीन भिक्षु रहेछ। भगवान् शास्ता, उ तपाई बस्नुहुने धर्माशनमा बसिरहेको रहेछ। आफूभन्दा जेठो भिक्षुहरु आउँदा नमस्कार गर्दैन। आफूभन्दा जेठो भिक्षुले वन्दना गर्दा मुसुमुसु हाँस्दै चुपचाप शालिक जस्तै बसिरहन्छ। आगन्तुक सत्कार गर्नुपर्ने केही पनि गर्दैन। झन् उल्टा भगवान् बुद्ध मेरो मामाको छोरा हुन् भन्दै म ठीक पारिदिन्छु भनि धम्क्याउँछ। त्यसैले भो शास्ता, यसलाई अर्ती दिलाउन यहाँ ल्याएको।"

भगवान् बुद्धले थुल्लतिस्सलाई सोध्नु भयो- "तिमी कहाँ बसि रहेको ?" "म त्यही बैठकको धर्म सभाकक्षको धर्माशनमा बसिरहेको।" तिमी त्यहाँ बस्न लायक छैनौं। त्यहाँ बस्दा आगन्तुक (पाहुना) आउँदा आगन्तुक सेवा गर्नुपर्छ। सुत्ने कोठा, चर्पी आदि ठाउँहरु देखाउनुपर्छ। तिमीले गल्ती गरेको छ। अब तिमीले माफी माग।

"माग्दिन, माफी माग्दिन। मलाई गाली गरेको छ। अब मैले नै माफी माग्ने ?" थुल्लतिस्स भिक्षुले भने। भगवान् बुद्धले दुईतीन जना भिक्षुहरु बोलाउनु भएर उसको दूबै हात पक्रन लगाउनु भई टाउको पक्रेर जबरजस्ती माफी माग्न लगाउनु भयो।

पछि भगवान् बुद्धले उसलाई मैत्री पूर्वक सम्झाउनु भयो। ठीक छैन तिम्रो चरित्र। तिम्रो बानी बेहोरा राम्रो हुनु पर्‍यो। नत्र त तिमीलाई कसैले पनि मन पराउने छैन, तिमी कसैको पनि विश्वासपात्र बन्न सक्ने छैनौं। सम्मान पाउनको लागि योग्य हुनुपर्छ। धेरै नम्र हुनुपर्छ। घमण्डी



Downloaded from http://www.dhamma.digital

हुनु हुँदैन । अहंकारलाई त्याँग्नुपर्छ । तिमी जिद्दी स्वभावको छौ । यो स्वभाव भएन भिक्षु जिवनको लागि यत्तिका दिन तिमीले सम्मान पायौ मेरो नामबाट । पछि सम्मान पाउने छैनौं । तिम्रो चरित्र राम्रो भएमा मात्र तिमीलाई सम्मान गर्छ, माया गर्छ, श्रद्धा गर्छ । यी सबै पाउन योग्यता हुनुपर्छ अनुशासित हुनुपर्छ ।

अन्तमा थुल्लतिस्स भिक्षुले आफ्नो गल्ती महसुस गऱ्यो र भन्यो- भो शास्ता । मलाई थाहा थिएन आगन्तुक भिक्षुहरु आउँदाखेरि के गर्नुपर्छ भनेर । मलाई अहंकार रुपी भूतले दुःख दिएको छ । त्यसैले मेरो चरित्र राम्रो भएन । आचरण राम्रो भएन । आइन्दा म त्यस्तो चरित्रहीन भएर बस्ने छैन । आजदेखि म सतर्क भएर बस्छु, सचेत भएर बस्छु । राम्रो चरित्रवान् भएर बस्छु । मलाई क्षमा गरिदिनुहोस् । त्यसदिन देखि उसले आफ्नो गल्ती र नराम्रो आचरण सच्याउन थाल्यो । आफ्नो गल्ती महसूस गर्न थाल्यो । बोध भयो ।

जसले आफ्नो गल्ती स्वीकार्न सक्छ, त्यो मानिस शुद्ध र असल बन्छ । ऊ पतन हुँदैन ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# आफ्नो मालिक आफै हो

बुद्धको उपदेश अध्ययन र मनन गर्नुपर्ने धेरै छन्। बुद्धको विचार अनुसार अध्ययन गरेर विद्वान हुनुभन्दा असल मानिस बन्न सक्नु नै उपयोगी हुन्छ। बुद्धको उपदेश-"अत्ताहि अत्तनो नाथो कोहि नाथो परोसिया" अर्थात् आफ्नो मालिक आफै हो अरु कोही मालिक छैन। यो उपदेशलाई धेरै जनाले सही रुपमा बुझ्न सकेको छैन। आफ्नो मालिक आफै भनेको हामीलाई कसैको सहयोग चाहिंदैन भनेको होइन। बच्चालाई आमा बुबाको सहयोग चाहिन्छ। विद्यार्थीलाई गुरुको सहयोग चाहिन्छ। बुद्धको भनाइ हो आत्म निर्भर हुनुपर्छ। दुःखबाट मुक्तहुनको लागि आफैले मेहनत गर्नुपर्छ।

भगवान् बुद्ध अज्ञानीहरुलाई बोध गर्न, ज्ञानीहुनलाई मार्ग प्रदर्शक बन्नुभयो, बुद्ध भन्नुहुन्छ "तुम्हेहि किच्चं आतप्पं अक्खतारो तथागता" अर्थात् तथागतहरु त मार्ग प्रदर्शक मात्र हुन्, काममा त आफूहरुले नै प्रयत्न गर्नुपर्छ।

बुद्धको ४५ वर्षसम्म धर्म र ज्ञानको उपदेश दिनु भयो। सुन्नेहरुले ज्ञानवर्धक र कामको कुरो हो भनी सुइकार गरेर आचरण गरेर राम्रो प्रतिफल पाए मतलब असल मान्छे बन्न प्रयत्न गरेर आफूभित्र रहेका दुर्गुण र कमजोरीलाई कम गरेर नाश गरे। त्यस पछि मानिस असल बने। विश्वास पात्र बने। कर्तव्य परायण बने। अंगुलिमाल जस्तो हत्यारा र आलवक जस्तो राक्षसी स्वभावका मानिसहरुले बुद्धको उपदेश सुनेर आफ्नो गल्ती महसुस गरेर हृदय परिवर्तन गरी बोध भए। अनि मालिक आफै बने।

हामीहरु बुद्धको शरण जान्छौं, धर्म र संघको शरण जान्छौं। यसको मतलब आत्म समर्पण गरेको होइन। बुद्धको



Downloaded from http://www.dhamma.digital

शरणमा गएर बुद्धले देखाउनु भएको बाटोमा हिंड्न प्रतिबद्ध छौं। आचरण राम्रो पारेर जीवन सफल बनाऔं। बुद्धपूजा गर्छौं, बुद्धगुण स्मरण गरी बुद्धमा रहेको केही गुण हासिल गरी गुण सम्पन्न बन्छौं। असल मान्छे बन्छौं। आफ्नो मालिक आफै हो भनेको यस अर्थमा हो।

अर्को उदाहरण लिऔं विद्यार्थी स्कूलमा गएर पढ्छन्। शिक्षकले पढाउछन् विद्यार्थीले मनमा अधिस्थान गर्छन्, जाँचमा पास हुन्छौं भन्ने प्रार्थना मात्र गरेर पास हुँदैन।राम्रोसँग बुझेर खूब मेहनत गरेर पढेमा मात्र उत्तीर्ण हुन्छ। अन्यथा फेल हुन्छ। आफ्नो समझदारी र मेहनतको प्रतिफल हो जाँचमा पास हुनु भनेको आफ्नो मालिक आफै हो भन्ने बुद्धवचनको अर्थ।

बुद्धको भनाई अनुसार पहिले मानिस असल बन्नुपर्छ त्यसपछि मात्र देश बन्छ। मानिस असल नबनीकन देश कहिले पनि बन्दैन।

आजकालको शिक्षा विद्वान बन्नको लागि भएको देखिन्छ, मानिस असल बन्ने खालको देखिंदैन। त्यसैले नयाँ नेपाल बनाउने कुरामा मात्र सीमित भएको देखिन्छ, अशान्ति कम भएको छैन। हिंसा, हत्या, यातायात बन्द, चक्काजाम कम भएको छैन। बुद्धले त नागरिकहरुले राजबली दिनुपर्छ भन्नु भएको छ। यो शब्द बुद्धको पालाको हो, यसको अर्थ सरकारलाई कर तिर्नुपर्छ भनेको हो। यो नागरिकको कर्तव्य हो। अनि मात्र देश आफ्नो मालिक आफै बन्न सक्नेछ। अन्यथा राष्ट्र आत्मनिर्भर बन्ने छैन। तर आज भोली देशविकासको योजना मात्र बनाउने गरेको देखिन्छ। व्यक्ति विकासको योजना भने देखिदैन।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# बुद्ध मार्ग प्रदर्शक मात्र हुन्

सिद्धार्थ कुमार बुद्ध हुनु भएको अज्ञानीहरुलाई ज्ञानी बनाउनको लागि हो। अर्को भाषामा भन्ने हो भने मानिसलाई असल मानिस बनाउनको लागि हो। तर बुद्धत्व प्राप्त पछि वहाँले कसैको दुःखबाट मुक्त गर्ने जिम्मा लिनु भएन।

"सुद्धि असुद्धि पच्चत्तं नाञ्ञमञ्ञं विसोधये" अर्थात् शुद्ध हुनु र अशुद्ध हुनु आ-आफ्नो हातमा छ। यदि बुद्धले भने अनुसार ज्ञानलाई बुझी त्यस अनुरुप आचरण गरे, चरित्र सुधार गरे उ अशल मान्छे बन्न सक्छ र दुःखबाट मुक्तहुन सक्छ उसले आफ्नो गल्ती र भूल स्वीकार गरेर सुधेको खण्डमा उ ज्ञानी हुन सक्छ। उसको दुःख टाढिन्छ।

स्कूलमा पढाउने शिक्षक धेरै विद्वान भएर राम्रो सँग पढाए पनि विद्यार्थीले राम्रो सँग ध्यान दिएर सुनेन र पढेन भने जाँचमा उत्तीर्ण हुने छैन। यस्तै बुद्ध धेरै ज्ञानी, सिद्ध भएको हो, तर अनुयायीहरुले वहाँको उपदेश र शिक्षालाई राम्रो सँग बुझ्ने प्रयत्न गरेन भने व्यवहारमा उतारेन भने आचारण सुधारेन भने अनुयायीहरु दुःखबाट मुक्त हुँदैनन्। बुद्ध त मार्ग प्रदर्शक मात्र हुन्। यो कुरा बुझ्नको लागि बुद्धकालीन एउटा घटना प्रस्तुत गर्छु।

बुद्ध श्रावस्ती जेतवनमा बसिरहनु भएको बेला घटेको घटना हो। त्यस बखत बुद्धकहाँ केही मानिसहरु छलफल गर्न आए। छलफलपछि उनीहरुले बुद्धलाई प्रश्न गरे- तपाइँ ठूलो नामी धर्मप्रचारक हुनुहुन्छ। तपाइँलाई भगवान भन्ने गर्दछन्। तपाइँको धेरै शिष्य भिक्षुहरु छन्। उनीहरुमध्ये धेरै ज्ञानीहरु पनि छन्। त्यस्तै असंयमी र खराब स्वभावका पनि



Downloaded from http://www.dhamma.digital

छन् । जस्तै लोभी, घमण्डीहरु । तपाईले किन सबैलाई ज्ञानी र असल नबनाउनु भएको ? कारण के हो ?

बुद्धले उत्तर दिनुभन्दा पहिले उनीहरुलाई नै प्रश्न सोध्नुभयो- तपाईहरु कहाँबाट आउनु भएको क्यारे ?

उत्तर थियो- राजगृहबाट आएका हौं । बुद्धले फेरी सोध्नु भयो- तपाईहरु बाटोमा आइरहनु भएको बेला कसैले राजगृह जाने बाटो सोधेको होला? उनीहरुले भने- धेरै जनाले सोधेका छन् । उनीहरुलाई राम्रो सँग बाटो देखाई दियौं । यताबाट सरासर जाँदा चार दोबाट भेटिन्छ । त्यहाँबाट बाँया जाने । पछि फेरी दायाँ गएर सिधा जाने । यसरी बाटो देखाएका छौं ।

बुद्धले सोध्नु भयो- उनीहरु सबै राजगृह पुगे कि पुगेनन् ?

उनीहरुले भने- कोही पुग्छ कोही पुग्दैन । बुद्धले फेरी सोध्नु भयो- यस्तो किन नि ?

उनीहरुले भने- त्यो त हाम्रो दोष होइन नि ! बाटो देखाउने मात्र हाम्रो काम हो । हामीले देखाए अनुसार गएका पुग्छन् । नगएका पुग्ने छैनन् ।

बुद्धले भन्नु भयो- म कहाँ भिक्षु बन्न आएकाहरुलाई ज्ञानका कुरा सिकाउँदा सुने अनुसार आचरण गर्नेहरु, धर्मधारण गर्नेहरु असल र अनुसाशित हुन्छन् । मैले दिएको शिक्षा अनुसार आचरण नगर्नेहरु बेतालका आक्रोशक बन्छन । नराम्रा चरित्रका हुन्छन् । मेरो काम पनि मार्ग देखाउनु मात्र हो । मैले सबैको जीवन सुधार्ने जिम्मा लिएको छैन । यस्मा मेरो दोष छैन ।

यस्ले के बुझिन्छ भने बुद्ध मार्गप्रदर्शक मात्र हुन् ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# आमाको माया

बुद्धकालीन एक घटना हो । एउटा शहरमा आमा र छोरा थिए । उनीहरु कृषि व्यवसाय गर्थे । आमा र छोराबीच खूब मायाममता थियो । आमाचाहि बुढी हुँदै गइन् । आमाले विचार गरिन्- मेरो छोरो तरुण भइसक्यो । ऊ एक्लैले सबै काम गर्नु परेको छ । म पनि धेरै दिन बाँच्दिन । अहिले नै छोराको विवाह गरि दिन सके आनन्द हुन्छ । नातिको मुख हेरेर मर्न पाए झन राम्रो हुन्छ ।

यस्तो विचार गरी बुढीले छोरालाई भनिन्- अब तिम्रो विवाह गर्नुपर्छ । विवाह भइसकेपछि साथी हुन्छ । काम गर्न सजिलो हुन्छ । छोराले भन्यो- अहिले विवाह गर्ने इच्छा छैन । पछि मात्र विवाह गरुँला । आमाले छोराको कुरा मानिन ।

आमाले छोराको इच्छाबिना नै विवाह गरिदिइन् । अहिलेको कथामा जस्तै उनीहरु पाँच, छ महिना मिलेर बसे । पछि सासू र बुहारीबीच कलह शुरु भयो । दिनका दिन कचकच हुन थाल्यो । बुहारीले आफ्नो लोग्नेलाई राम्रोसँग आफ्नो बसमा लिइन् । त्यसपछि छोरा बुहारीले आमालाई घरबाट धपाइदिए । त्यसपछि बुहारीले भनिन्- अहिले कस्तो आनन्द ।

बुढी घरमा रहुन्जेल कति पनि सुख थिएन । बुढी घरबाट बाहिर गइसकेपछि खूब आनन्द भएको छ । बुढीको छोराले पनि श्रीमतीको कुरामा साथ दियो ।



Downloaded from http://www.dhamma.digital

यो कुरा बुढीको कानमा पऱ्यो । मतलब कसैले सुनाइदियो । बुढी भीख माग्दै खाइरहेकी थिइन् । छोरा बुहारीको कुरा सुनेर बहुला जस्तो कराउन थालिन्- संसारमा धर्म र न्याय रहेन । आमालाई घरबाट धपाएर छोरा र बुहारी दुबै जनालाई आनन्द भयो रे अब धर्म मऱ्यो : धर्मको श्राद्ध गर्न पऱ्यो ! धर्म मऱ्यो । न्याय पनि मरिसक्यो । यसरी पागल जस्तै बक्बकाउँदै बाटोमा हिड्दै थिइन् । त्यसैबेला एकजना मान्छे पछि पछि आइरहेको थियो । उसले सोध्यो बज्यै किन यसरी कराउँदै हिडेको ? के भयो ?

बुढीले भनिन् - हेर्नुस् न, आमालाई घरबाट धपाएर छोरा र बुहारीहरुलाई सुख भयो रे, आनन्द भयो रे । अब धर्म मऱ्यो । न्याय रहेन । त्यसैले धर्मको श्राद्ध गर्न जान लागेको ।

अनि त्यो मान्छेले भन्यो- त्यसो भए बज्यैको पापी छोरालाई म मारिदिन्छु है ? बुढी एकछिन टोल्हाएर बसिन् । उनमा छोराप्रति माया लागेर आयो र भनिन् मेरो छोरालाई नमार्नुस् ।

अनि त्यो मान्छेले भन्यो- भर्खरै धर्म मऱ्यो भनेको होइन ? त्यस्तो दुष्ट छोराप्रति कसरी माया लागेको ? बज्यै धर्म मरेको छैन । धर्म रहेकोले नै बज्यैलाई छोराप्रति माया लागेको हो । सत्य लोप भएको छैन । न्याय पनि बाँकी छ ।

उता घरमा बसेको छोराको तर्फबाट पनि छोराको जन्म भयो । छोरा जन्मनासाथ छोराप्रति खूब ममता जागेर आयो । अनि उसले मनमनै विचार गऱ्यो- म जन्मेको बेलामा



Downloaded from http://www.dhamma.digital

पनि मेरी आमालाई यस्तै आनन्द भएको थियो होला। धिक्कार मैले स्वास्नीको कुरा सुनी बुढी भएकी आमालाई घरबाट धपाइदिएँ। मबाट धेरै नराम्रो पाप भयो भन्दै पश्चाताप मानेर आमालाई खोज्न गयो। ऊ आमाकहाँ पुगेर आमाको गोडा ढोगी क्षमा माग्न थाल्यो र भन्यो- आमा, घर जाउँ। आइन्दा यस्तो नीच काम मबाट हुनेछैन। आमालाई केही पनि दुःख हुने छैन। त्यो दिनदेखि उनीहरु सुख र शान्तिपूर्वक बस्न थाले।

आमाबाबुको गुण सम्झनु एउटा सत्पुरुष धर्म हो। गौतम बुद्धले आमाको महत्वबारे बारम्बार भन्नुभएको छ। घरको साथी को हुन् भन्ने प्रश्नको उत्तर दिनु हुँदै भन्नुभएको छ- मातामित्तं सके घरे अर्थात् घरमा साँच्चैको मित्र आमा हुन्।

आमाको माया र ममता कतिसम्म बलियो छ भने उनी रातो रगतलाई सेतो पारी रसयुक्त दुध पिलाउँछिन्। आमा आफ्ना बच्चाहरुको लागि जुनसुकै दुःख, कष्ट भोग्न तयार हुन्छिन् बच्चाले जत्ति लातीले हाने पनि सहेर बस्छिन्। रिस देखाउँदिनन्।

आमाका बच्चाप्रति कतिसम्म माया र प्रेम छ भन्ने बुझ्नको लागि अरहन्त (निर्दोष) भिक्षु सिवलीको आमा सुप्पवासा उपासिकाको घटना प्रस्तुत गर्छु।

सिवली आमाको गर्भमा भएको सुप्पवासाले धेरै दुः ख भोग्न परेको थियो। प्रसुति बेथाले मरणान्त दुःख भयो। जब सिवली जन्म्यो प्रसुति वेदनाको अन्त भयो। त्यही उपलक्ष्यमा बुद्धसहित भिक्षु संघलाई भोजन दान दिइयो।



Downloaded from http://www.dhamma.digital

बुद्धले सोध्नुभयो- सुप्पवासा, धेरै कष्ट भोगेर बच्चा जन्मायो । यस्ता बच्चाहरु अरु पनि जन्माउन चाहन्छौ ? सुप्पवासाले भनिन्- जत्ति दुःख भोग्नु परे पनि एउटा मात्र होइन, यस्ता बच्चा सात जना जन्माउने इच्छा छ ।उनको कुरा सुनेर बुद्ध हाँस्नुभयो ।

आमाको माया र ममता यसैबाट बुझ्न सकिन्छ । बुबाको प्रेम र माया पनि त्यत्तिकै नै छ । भनिन्छ, बच्चाप्रति आमाको मायाममता जत्ति छ त्यति बाबुको हुँदैन रे । तर बुबा नभइकन आमाले छोराछोरी पाउन सक्दिनन् । बच्चाको माया गर्न पाउँदैनन् । त्यसैले बुद्धले भन्नुभएको थियो- मतापितु उपट्ठानं, सप्पुरिस पञ्ञत्तं, पण्डित पञ्ञत्तं अर्थात् आमा बुबाको सेवा गर्नु सत्पुरुष र पण्डितहरुले बनाएको नियम हो ।

बुद्ध धर्ममा महिलालाई कतिसम्म सम्मान गरिएको छ भने पालीभाषामा नारीलाई मातुग्राम शब्द प्रयोग गरेको छ । अर्थात् आमाको गाँउ भनिएको छ । यो आमालाई उच्च स्थान र पदवी दिइएको हो ।

छोराछोरीहरुलाई आमाबुबाले जस्तो उपकार गर्ने अरु कोही छैन भन्नुमा अत्युक्ति नहोला । त्यसैले छोराछोरी आमाबुबाको ऋणी छन् । यो ऋणबाट मुक्त हुन सजिलो छैन ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# रक्सीको चमत्कार

संसारमा यस्तो चीज शायद केही होला जुनकि भयंकर खतरनाक त छ , तर पनि त्यससित धेरै मानिसहरु पनि सम्बन्ध बिच्छेद गर्न चाहँदैन । बरु त्यो चीज नभै नहुने बस्तुको रुपमा खपत भइरहेको छ । त्यो चीज के हो ? त्यो चीज हो रक्सी ।

हामी थेरवादी बौद्ध बुद्धमार्गीहरुले जुनसुकै धार्मिक कार्यक्रम सञ्चालन गर्दा त्यसको शुरुवात पन्चशील प्रार्थना बाट हुन्छ । पञ्चशीलमा एउटा नियम छ- रक्सी र मादक पदार्थ सेवन नगर्नु । तर कुनै पनि बौद्ध देशमा रक्सीपान गर्न मनाही गरिएको छैन । श्रीलंकामा बुद्धधर्मावलम्बीहरुले राती सुत्नुभन्दा पहिले रक्सी पिउने गर्छन् ।

हाम्रो देशमा रक्सी जाँड नहुने घर औंलामा गन्न सकिन्छ । म सानो बच्चा हुँदा खेरि मेरी आमाले बिहान बिहान च्यूरा रक्सीमा मिसाएर खान दिनुहुन्थ्यो भने रक्सी न भएको आज भोजै हुँदैनथ्यो । त्यो परिपाटी अझै विद्यमान छ ।

अभिभावकहरुले मेरो दाजुसँगै मेरो पनि बिहे गरिदिए । त्यस बखत म ११ वर्षको थिएँ । बिहे भइसकेपछि लगत्तै 'दुचायेक वनेगु' भन्छन् नेवारीमा । नेपालीमा के भन्छन् थाहा छैन । त्यस दिन ससुराली जाने गर्छन् । म पनि त्यसरी नै गएको थिएँ । कसरी खानु पर्छ र पिउनु पर्छ भनेर कसैले सिकाएको थिएन । नेवारहरुमा सबभन्दा पहिले रक्सी दिने



Downloaded from http://www.dhamma.digital

र पिउने चलन छ। सोही चलन अनुसार पहिले चोटी अलि अलि खानु पर्नेमा मैले त घट्घटी पिइदिएँ। दोश्रो पल्ट थप दिँदा पनि सबै पिएँ, तेश्रोपल्ट पनि जम्मै रित्याएँ। एकदम असल रक्सी थियो। तीन कप सखाप पारे पछि म त बिस्तारै निदाउन पो थालें। रक्सीले गर्दा मीठो मीठो धेरै प्रकारको मासु आदि परिकार केही खानै पाईन। म त त्यही निदाएँछु। ब्युँझँदाखेरि साँझ भइसकेको थियो। म त्यहाँ दिउँसो बारह बजे गएको थिएँ। म ब्युँझँदाखेरि लमी महासय म सँगै बसिरहेको थियो। म त लाजले पसिना पसिना भएँ। मुख रातो भयो। त्यो दिन देखि मैले रक्सी खान छोडे।

धेरै वर्षपछि औषधि उपचारको लागि चीन गएँ। त्यहाँ एक जना नेपालीले रक्सी पिउनुमा बाजी मार्‍यो। जित्यो पनि, तर आधा घण्टा पछि ऊ बहुला भयो। पार्टीमा आएका राम्री केटीहरुसँग हातपात गर्न खोज्यो। अनि पुलिसले समातेर लग्यो।

सोभियत रुसमा पनि औषधोपचारको लागि स्वास्थ्य निवासमा बसेको थिएँ। त्यसताका महिला दिवस आयो। मलाई सर्वत भनी छकाई रक्सी ख्वाइन्। मलाई अस्पताल पुर्‍याई दिए। महिलाहरुलाई गाली गरे। तुरुन्त अस्पताल नल्याएको भए त मर्ने रहेछ। त्यहाँबाट मैले थाहा पाएँ। रक्सी नखानेलाई कर गर्नु हुन्न। एक महिना अगाडिको कुरा हो (हालको होइन) अखबारमा समाचार आएको थियो -अफगानिस्तानमा एकजना राजदूत रक्सी खाएर पर्खाल नाघी अर्काको घरमा गएर नाङ्गै आइमाइहरुका अगाडि उभिन पुगेछ। त्यो रक्सी कै चमत्कार थियो



Downloaded from http://www.dhamma.digital

राजदूतावासमा रक्सी नभै नहुने । पार्टीको आयोजना गरि रक्सी ख्वाइन्छ र त्यही अवसरमा कुरा घत्ने गरिन्छ ।

हामी भिक्षुहरुलाई भोजनको निमन्त्रणा दिइन्छ । बोलाएको घरमा जानै पर्छ । धेरै जसो घरमा अमेरिका, रुसको भोड्का, बेलायत, फ्रान्स आदि देशको रक्सीका बोटलहरु देख्न पाइन्छ । तर मन भाँड्ने काम भने हुँदैन ।

◆◆◆

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# चित्त शुद्ध हुनुपर्छ

धार्मिक जगत्‌मा दान दिनेहरु धेरै हुन्छन् तर उनीहरुमा त्याग चेतनाको कमी पाइन्छ । उनीहरु सिर्फ नाउँ कमाउन र प्रसिद्धिको लगि दान दिन्छन् । दान दिंदा खेरि प्रति ग्राहकलाई काम लाग्ने र उपयोगी हुने बस्तु मात्र दिनुपर्छ । तर, अमेरिकाले साम्यवाद देश लाई आर्थिक अनुदान दिंदाखेरि फेरि साम्यवाद ल्याउन नपाइने शर्तमा मात्र अनुदान दिन्छ । मानवताको नाताले र त्यहाँको जनजीवन उज्ज्वल पार्नको लागि नभई साम्यवादको दमन गर्नलाई अनुदान दिइनु निश्चित रुपमा उचित होइन ।

भारतको घटना हो । एकजना व्यापारीले श्री राम परमहंश स्वामी कहाँ गएर सोध्यो- स्वामीजी, मैले सुनेको थिएँ सर्वश्व सबै त्याग गरेको खण्डमा ईश्वरको दर्शन पाइन्छ रे ! त्यही अनुसार, मैले सारा सम्पत्ति छोरा-छोरीहरुलाई त्यागी सकें, व्यापार गर्न पनि छाडि सकें । अचेल त व्यापार भनेको के हो, बस्तुको भाउ कति छ भन्ने पनि मलाई केही थाहा छैन । तर पनि मैले ईश्वरको दर्शन पाउन सकिन ।

परमहंश स्वामीजीले मुसुमुसु हाँसी भन्नुभयो- व्यापारी महाशय, तपाईले त पुरानो तेलको शिशी मात्र फेरेर नयाँ शिशीमा राख्नु भएको छ । पुरानो संस्कार जस्ताको तस्तै छ । चित्त र मन पनि शुद्ध भएको छैन । मन शद्ध नभइकन कहाँ ईश्वरको दर्शन पाइन्छ त ?

एक जना मूर्ख मान्छेले डुंगा बाँधिराखेको डोरी नखोलिकन रातभरि डुंगा चलाएको चलाई गरेछ तर डुंगा



Downloaded from http://www.dhamma.digital

भने जहाँको तहीं । मतलब संस्कार बदलेको छैन ।

एकचोटी स्वामी विवेकानन्दजी गंगाजीको किनारतिर जानुभयो । त्यहाँ त्यागी बनी साधुहरु बसिरहेका थिए । एक जना साधुकहाँ जानु भई स्वामी विवेकानन्दजीले सोध्नुभयो- तपाई साधु बनेको कति वर्ष भयो ?

साधुको जवाफ थियो चालिस वर्ष भयो । लाखौं रुपैयाँ र धेरै सम्पत्ति छोडेर त्यागी बनेको हुँ ।

स्वामीले भन्नुभयो तपाई त सही त्यागी साधु होइन । सही त्यागी भएको भए घर छोडेको ४० वर्ष भयो तर अहिलेसम्म लाखौं रुपैयाँ त्यागेर आएको भनी मनमा कुरा रहने नै थिएन । धन सम्पत्तिबाट तपाइको मन टाढा गएको छैन । यसबाट के थाहा हुन्छ भने मनमा धन सम्पत्तिको आशक्ति र अहँ भएसम्म सही त्यागी हुन सकिंदैन र गरेको दान, अनुदान पनि सही त्याग हुन सक्दैन ।

बुद्धको शिक्षा अनुसार, पाप कर्म नगरिकन पुण्य कर्म मात्र गरेर पुग्दैन चित्त शुद्ध पनि हुनुपर्छ । सबै काम मनको स्वभाव अनुसार हुन्छ । जुनसुकै काममा पनि मन अगुवा हुन्छ । त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गर्‍यो भने गोरुको पछि पछि गाडाको पांग्रा गर्‍हुंगो भएर पछि लागेभैं दु:ख पनि पछि लागेर आउँछ ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# राजा अशोक बोध भयो

धेरै जनाले सुनिराखेको होला अशोक महाराजाको नाम । उ साह्रै नै चण्डाल थियो । उसको चण्ड स्वभाव भएकोले उसको नाम चण्डाशोक नाम रहन गयो । गद्दीमा बसिसकेपछि महात्वाकांक्षी भयो । आफूले पाएको राज्यमा मात्र सन्तोष भएन । कलिंग राज्यमा आक्रमण गरे । सयकडौं हजारौं मानिसको हत्या गरियो, कलिंग राज्य जित्नको लागि । लडाइंको खबर सुनेर हेर्न जाँदा युद्ध मैदानमा कसैको हात छैन, कसैको खुट्टा छैन । चारैतिर रगतको खोला बगिरहेको छ । धेरै नै दुःखित अवस्था देखेर अशोकको मन खिन्न भयो । मैले धेरै पाप गरेछु भनेर दरबारमा आएर दुःखित भएर सोच्दै झ्यालबाट बाहिर हेरिरहेको थियो ।

त्यही समयमा बाटोमा निग्रोध नामको नवयुवक भिक्षु शान्तपूर्वक दरबारको अगाडी आइरहनुभएको थियो । उसलाई देख्नासाथ अशोक राजाको मनमा शितल अनुभव भयो । "को हो ?" कस्तो शान्त स्वभाव । मेरो अशान्त मनलाई शान्त पारिदिनुभयो ।

एकजना मंत्रीलाई त्यस भिक्षुलाई बोलाउन पठायो । दरबारमा पुग्नुहुँदा राजाले सोध्यो- "तपाई को हुँ ?"

उत्तर दियो- "म भगवान् बुद्धको अनुयायी । धर्मप्रचारार्थ भिक्षु बनेको हुँ ।"



Downloaded from http://www.dhamma.digital

राजा- "ए ! भगवान् बुद्धको अनुयायी ! धर्मप्रचारकभिक्षु ! भगवान् बुद्धको शिक्षा के रहेछ ? छोटकरीमा भनिदिनोस् न ।

भिक्षुले भन्नुभयो- अप्पमादो अमत पदं पमादो मच्चुनो पदं, अप्पमत्ता नमीयन्ति ये पमत्ता यथा मता, अर्थात् बेहोशी नभइ बस्नु अमृतपथमा पुग्नु हो । बेहोश भइ बस्नु बाँचेपनि मृत्यु बराबर हो । अर्को भाषामा भन्ने हो भने अप्रमादी कहिले पनि मर्दैन, प्रमादी बाँचिरहे पनि मरे भैं हुन्छ । अरु अरु मानिसहरुलाई मारेर जित्नु भन्दा आफ्नो मनलाई जित्नु, नियन्त्रण गर्नु, वशमा राख्नु ठूलो जित हो । यो उपदेश अशोक राजाको मनभित्र सम्म पस्यो ।

"अरे बुद्धवचन, धेरै सत्य रहेछ । म कस्तो असन्तोषी ? कति महत्वाकांक्षी, आफूले पाएको राज्यमा सन्तुष्ट नभई अर्काको देशमा हमला गरेर, हजारौं मानिसहरुलाई मारिदिएँ । यो पनि तरिका हो ?" भनेर राजाको मन परिवर्तन भयो । "अबदेखि म अर्काको राज्यमा आँखा लाउँदिन । आफूमा जति छ त्यतिमा सन्तुष्ट हुन्छु" भनेर हिंसा गर्ने काम, शस्त्र त्यागी दियो, छाडिदियो । यो दिन विजया दशमीको दिन थियो ।

पछि निग्रोध भिक्षुको गुरु मोग्गलिपुत्ततिस्स भिक्षुको संगत गरेर अरु धेरै शिक्षा लियो । राजाको कर्तव्य के रहेछ ? भन्दाखेरि त्यस भिक्षुले भन्नुभयो- राजा भनेको प्रजाको संरक्षक हो, पिता हो । राज्य संचालन गर्दाखेरि जनमुखी हुनुपर्छ । मानिसहरुलाई उपकार हुने काम गर्नुपर्छ । बहुजन हिताय, बहुजन सुखाय काम गर्नुपर्छ ।

"भगवान् बुद्धले भन्नुभएको थियो रातोदिन पुण्य



Downloaded from http://www.dhamma.digital

बढ्ने काम वृक्षारोपण गर्नु, फूलबारी बनाउनु, खोलातर्न पुल बनाइदिनु, बाटोमा पाटी पौवा बनाउनु, पानी पिउनको लागि र सिँचाइको लागि कुवा आदि खनिदिनु, स्वास्थ्य सेवाको काम गर्नुपर्छ, औषधोपचार सेवा पुऱ्याउनु पर्छ ।"

यी कुराहरु मोग्गलिपुत्ततिस्स भिक्षुबाट सुनेपछि राजा अशोकले- "म साँच्चै कै प्रजाको संरक्षक बन्न चाहन्छु भनेर बाटोको दुबैतिर वृक्षारोपण गराइदियो । वृक्षारोपणको कारणले बाटोमा हिड्ने बटुवाहरुलाई रुखको छाँया हुन गयो । धेरै शितल अनुभव भयो । पानी पिउन ठाउँ ठाउँमा "बुगाचा" कुवा खनाइदियो । आराम लिनको लागि पाटी-पौवा बनायो । अस्पताल बनायो । इतिहासमा पहिलोपल्ट पशुहरुको लागि पनि अस्पताल बनायो । आइमाइहरुलाई पनि विशेष सुविधा हुनेगरी अस्पताल बनायो ।

त्यतिमात्र होइन ढोकापालेलाई भनिराखिएको थियो- "यदि जनतालाई कुनै दुःख, पीडा, आपत परेर दरबारमा आएमा के आपत परेको छ त्यसको खबर म कहाँ पठाइदिने चाहे खाएको समयमा होस् वा आरामको समयमा, जुनसुकै बेलामा पनि यदि जनता दुःख पोख्न आएमा म कहाँ ल्याइदिने । दरबारभित्र ल्याउने । ढोका बन्द नगर्ने ।

यसरी राजा अशोक साँच्चैकै जनताको संरक्षक बन्न पुग्यो । यो कसरी भयो भन्दाखेरि निग्रोध नामक नव युवक भिक्षुको शान्त स्वभाव देखेर, उहाँबाट बुद्धवचन सुनेर फेरि उहाँको गुरु मोग्गलितिस्स भिक्षुको सम्पर्कमा गएर राजाको कर्तव्य कस्तो हुनुपर्छ भनी सोद्धाखेरि त्यस



Downloaded from http://www.dhamma.digital

मोग्गलिपुत्ततिस्स महास्थविरले राजाको काम जनमुखी, प्रजामुखी हुनुपर्छ । जनताको संरक्षक हुनुपर्छ आदि भन्नुभएको कारणले हो ।

यहाँ कुरा के छ भने बोध हुने र हृदय परिवर्तन को कुरा हो । हाम्रो नयाँ नेपाल का राज नेताहरुमा बोध त छ तर बुझपचाएको छ ।पार्टी मुखी बोध भएको छ । जनमुखी कुरा मात्र छ । त्यसैले सहमति हुन न सकेको हो ।

◆◆◆

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्धको बारेमा जान्नुपर्ने कुरा

सिद्धार्थ कुमारलाई कुन कुरामा दुःख छ र ? उनको लागि केही पनि कमी थिएन । राम्रो सुविधायुक्त दरवार थियो । राम्रा राम्रा स्त्रीहरु थिए । यशोधरा जस्ती श्रीमती थिइन् । सेवागर्नको लागि तयार थिए । तैपनि वहाँलाई सन्तोष भएन । सुख भएन । सन्तोष छैन भनेको मतलब आजकालका राजाहरुलाई जस्तो जतिभए पनि नपुग्ने असन्तोष होइन । आफूलाई प्राप्त भएको सुख सुविधा जस्तै जनतालाई न्यूनतम सुखसुविधा नभएको हुँदामात्र वहाँलाई सन्तोष नभएको हो ।

दरबारमा बसेर जनताको सेवा गर्न सकिने देखिएन र मानिसलाई भौतिक सुखमात्र भएर पुग्दैन भन्ने विचारगरी आध्यात्मिक उन्नति र सुख प्राप्त हुने ज्ञानको खोजी गर्ने भनि २९ वर्षको उमेरमा भरखर जन्मेको छोरा साथमा रहेकी श्रीमतीलाई पनि आफूले नचाहँदै माया मारी दरबार छोडेर जानुभयो ।

सुखमय जीवनबारे त उनीलाई अनुभव छँदै थियो । तर दुःखमय जिवनको अनुभव थिएन । जनजीवनको अवस्था कस्तो छ भन्ने जानकारीको लागि भिक्षाटन गरेर जनतासरहको खाना खाएर हेर्नुभयो । त्यसरी खाँदा शुरुमा त खाना खानै नसकेर वाक्क आयो । मुखमा राखिसकेको भात निल्न गाह्रो पऱ्यो । अनि आफूले आफैलाई अर्तिदिन



Downloaded from http://www.dhamma.digital

थाल्यो – "जनताको सेवा गर्न भनि, बहुजन हित र सुखको लागि दरबार छोडेर आएको कुरा कसरी बिर्सेको ? "

पछि बुझ्नुभयो कि दरबारी जीवन र जनताको जीवनमा धेरै फरक रहेछ । पेटभरी खान नपाएका मानिसपनि धेरै छन् । अब आफूलेपनि पेटभरि नखाइकन हेर्नुपर्‍यो भनि विचारगरेर अलि अलि गर्दै कम खाएर अनुभव गरे । भोकै बसेर धर्म चर्या गरिरहेकाहरु सँग बसेर पनि जीवन यापन गर्न थाले । यसरी अनुभव गरेर पनि दुःखको कारण र आध्यात्मिक उन्नति हुने मार्ग पत्ता लगाउन सकेनन् । खाना नखाइकन बसेकोले गर्दा चिन्तनशक्ति नै ह्रास हुन थाल्यो । केको लागि दरबार छोडेर आएको भन्ने कुरा पनि बिर्से । अलि अलि होश आउँदा भोकै बस्नु ठीक नहुने रहेछ भन्ने बुझ्न थाले ।

फेरि अलि अलि गर्दै बढी खाएर शरीर बलियो पारी बुद्धगयाको एउटा पिपलरुख मुनि छायामा बसिकन विपस्सनाध्यान अभ्यास गर्न थाले अर्थात् आनामान स्मृति (स्वास भित्र गयो, बाहिर आयोमा होश राखिकन) मा अन्तर्मखी भएर आफूलाई आफैले चिन्न प्रयत्न गर्ने ध्यान अभ्यास गर्दै रहे । संसार दुःखको घर हो । दुःखको कारण के हो भन्ने कसैलाई थाहा छैन र थाहापाउन प्रयत्न पनि कसैले गर्दैन । जति भएपनि नपुग्ने तृष्णा रुपी असन्तुष्टिले गर्दा दुःख भइरहेको रहेछ । जति भए पनि नपुग्ने महत्वाकांक्षा नभएको भए दुःख हुनै थिएन । दुःख अन्तहुने ज्ञान मार्ग हो आर्यअष्टांगिक मार्ग उत्तम आठ बाटो हो । त्यसमध्ये पहिलो मार्ग हो सम्यक्दृष्टि उचित समझदारी । यसको लागि मन



Downloaded from http://www.dhamma.digital

शुद्ध हुनुपर्ने अर्थात् मन बाङ्गो नहुनु र ठीकसँग होश राखी बस्नुपर्ने ।

यो कुरा बुझेपछि सिद्धार्थको प्रज्ञाचक्षु उदय हुन थाल्यो । अर्को अर्थमा भन्नुपर्दा भित्री हृदय खुल्यो । पहिले नभएको ज्ञान उदय भएपछि मन आनन्द हुन थाल्यो । मनले अथवा आफूले चिताएको ज्ञान पत्तालागेपछि मुखको रुप उज्यालोहुन पुग्यो । त्यस वेलादेखि विचार पुऱ्याउँदा जेपनि कुरा बुझ्न सजिलो भयो । सबै कुरा हुनलाई हेतु (कारण) हुन्छ भन्ने कुरा बुझ्नुभयो । बोध हुने शक्ति देखा पऱ्यो मतलब बुद्धत्व प्राप्त भयो । अनि त्यसबेलादेखि सिद्धार्थ कुमार गौतम बुद्धको नाउँमा प्रसिद्ध भयो । त्यो दिन बैशाखपुर्णिमाको दिन थियो जुन दिन सिद्धार्थ कुमारलाई बुद्धत्व प्राप्त भयो ।

आफूले बोधिज्ञान लाभ गरेपछि सबै भन्दापहिले बोधिवृक्ष (पिपलको रुख) को गुण स्मरण गरी त्यसको पूजा गर्नुभयो । यसरी स्मरण गर्नुभयो- "तिम्रो (रुखको) छायाँमा बसेर मैले चिताएको ज्ञान पत्तालगाएँ । बोध हुने शक्ति पाएँ" भनि कृतज्ञता प्रकट गरेर गुण स्मरण गर्ने शिक्षा जगतलाई दिनुभयो । मुखले बोलेर होइन कामले देखाई शिक्षा दिनुभयो । मतलब अरुले गरेको उपकार गुण बिर्सनु हुन्न, तर रुखले अरुलाई छाया दिएर शीतल पारिदिएको बापत त्यसको कुनै फल पाउने आशा गर्दैन । पहिले देखि अहिलेसम्म मानिसले कसैलाई कुनै उपकार र सहयोग गर्दा त्यसको फल आफूलाई केही पाउने आशा गर्ने गरिन्छ । अर्को शब्दमा भन्ने हो भने अरुलाई आफ्नो वशमा राख्न प्रयत्न गर्छ । आफ्नो अधीनमा राख्न खोज्दछ । तसर्थ उपकारको



Downloaded from http://www.dhamma.digital

अपकार हुन जानेहुन्छ । अनि कृतज्ञता पाउन कठीन हुन्छ ।

बुद्धत्व प्रप्तिपछि उहाँले वाराणसी नजिक सारनाथ पुग्नु भई कपिलवस्तुका पाँच जना विद्वान साथीहरुलाई आफूले पत्ता लगाएको ज्ञानको कुरा र शिक्षा सुनाउनु भयो । त्यो ज्ञान दिइएकोलाई धर्मचक्र प्रवर्तन भनिन्छ । धर्मचक्र भनेको गतिशीलता हो । अर्थात् धेरैको लागि सबैको लागि काम लाग्ने बहुजनहिताय, बहुजनसुखायको शिक्षा । अर्को भाषामा भन्ने हो भने मध्यममार्ग हो । त्यसबेला देखि आजसम्म पनि जनमानसले ठीक मध्यममार्गी बाटोमा हिंडेको देखिँदैन । एकथरीले अतिविलासी जीवन बिताइ रहेकाछन् भने अर्कोथरी जनताले पेटभरी खान नपाई गरिबी जीवन बिताईरहेका छन् । नून भनेको बढी पनि हुँदैन, कम पनि हुँदैन । नून ठीकमात्रा भएमात्र व्यञ्जन मिठो हुन्छ । कुरा गरेपनि, खाना खाएपनि, जे काम गरेपनि मात्रा ठीक हुनुपर्छ । यही हो मध्यममार्ग भनेको । दृष्टि सम्यक्भइ, सोचाइ, बोली, काम, जीविका, स्मृति र समाधि ठीक मात्रामा हुनुपर्छ ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# दु:ख अन्त्यको लागि चाहिने हो "सम्यक् दृष्टि"

बुद्ध कुनै व्यक्ति वाचक होइन । ज्ञान सम्बन्धित शब्द हो । हो सिद्धार्थ कुमारलाई सम्बोधन गर्ने वचन । तर सिद्धार्थ कुमारलाई आमाबुबाले दिएको पदवि होइन, नत कुनै गुरुले दिएको पदवि हो । सिद्धार्थ कुमार २९ बर्षको उमेरमा शान्ति पाउने बाटो पत्ता लगाउन राजदरबार त्याग्नु भयो । ६ वर्ष सम्म शान्तिको बाटो पाउन तपस्या गरेर अन्वेषण गर्नु भयो । ठूला ठूला विद्वानहरुको संगत गरे । तर सही शान्तिको बाटो पाउन सकेनन् ।आखिर पीपलको रुखमुनी बसेर आध्यात्मिक ज्ञान उन्नतितिर लागे । मतलब आफ्नो मन भित्र खन्न र खोतल्ने कोशिष गरे । अन्तर्मुखी हुन थाले । आफ्नो मन शुद्ध गर्न प्रयत्न गरे । मन शुद्ध भएपछि थाहा पाए चतुआर्यसत्य संसारमा दु:ख छ, दु:खको कारण छन्, दु:ख अन्त्य हुनसक्छ र दु:ख अन्त्य हुने बाटो छ । वहाँले पत्ता लगाउनु भयो दु:ख छ यो सत्य हो । जन्मे पछि बुढो हुनु पर्ने, रोगी हुने र मृत्यु हुनुपर्ने यो सत्य हो । मन नपर्ने सँग बस्नु र प्रियसँग विछोड भएर बस्नु पर्ने आफूले चिताएको वस्तु नपाउनु दु:ख हो ।

दु:खको कारण छ, तृष्णा जत्ति भएपनि नपुग्ने असन्तुष्टभाव । महत्वाकांक्षी हुनु । त्यसपछि सिद्धार्थ कुमारले पत्ता लगाउनु भयो दु:खको अन्त्य हुन सक्छ र दु:ख अन्त गर्नेबाटो पनि छ दु:ख अन्त्यको लागि पहिलो कुरा सम्यक्दृष्टि ठीक समझदारी हुनुपर्छ, नियत ठीक हुनुपर्छ, बोलि र काम



Downloaded from http://www.dhamma.digital

सन्तुलन हुनुपर्छ ।इमान्दारी र होशपनि ठीक हुनुपर्छ । यस सत्यको यथार्थलाई सही रुपमा बुझ्नु भयो । बोध भयो । यही ज्ञान लाभ गर्नुभएकोले सिद्धार्थ कुमार बुद्ध हुनुभयो मतलब बुद्धत्व प्राप्त गर्नु भयो । यही ज्ञानलाई बुद्ध पदवी भनिन्छ ।

२५ सय वर्ष पहिले सिद्धार्थ कुमारले पत्ता लगाएको दु:ख र दु:खबाट मुक्ति पाउने ज्ञान आजपनि ताजै छ । सान्दर्भिक छ । दु:ख छ, दु:खको कारण छ । यो एकदम नौलो कुरा हो । आज हाम्रो देश दु:खकष्टले ग्रस्त छ । कारणलाई पत्ता लगाउने र त्यसलाई हल गर्ने तिर ध्यान गएको छैन । कारणलाई निकालेर फाल्न तिर ध्यान दिएको देखिदैन । समझदारी कुरा मात्र, काम चाहिं असमझदारी अनि दु:खको अन्त्य कसरी हुने ।

बुद्धको महत्व र परिचय यहि हो दु:ख र दु:खको अन्त्य हुन सक्छ भन्ने पत्ता लगाउनु भयो । यही सही ज्ञानलाई बुद्ध भनिएको हो । अर्को भाषामा भन्ने हो भने मनबाट सम्पूर्ण क्लेश कुसंस्कार बाट मुक्त भएको व्यक्तिलाई बुद्ध भनिन्छ । बुद्धको कथन अनुसार चित्त निर्मल भए जो पनि व्यक्ति बुद्ध बन्न सक्छ अर्थात् बुद्ध पदवी पाउन सकिन्छ ।

एक दिन बुद्ध बाटोबाट गइरहनुभएको थियो । त्यसबेला एक जना ब्राह्मणले सोध्यो- तपाईको अनुहार साह्रै उज्यालो छ र तेजिलो छ तपाईको गमनपनि शान्त छ । तपाई को नि ?

उत्तर दिंदै बुद्ध भन्नुहुन्छ - अभिञ्ञेय्यं अभिञ्ञातं भावेतब्बं च भावितं, पहातब्बं पहीनं मे तस्मा बुद्धोस्मि ब्राह्मण । अर्थ- मैले बुझ्नुपर्ने कुरा (दु:ख छ, दु:खको कारण छ, दु:खको अन्त्य हुन सक्छ, दु:ख अन्त्य गर्ने बाटो पनि छ । यी चार



Downloaded from http://www.dhamma.digital

आर्यसत्य सही रुपमा अध्ययन गरें र बुझें तथा अभ्यास पनि गरें। त्यसपछि छोड्नु पर्ने कुसस्कारलाई त्यागिदिएँ त्यसैले म बोध भएको बुद्ध हुँ ब्राह्मण।

यहाँ बुझ्नुपर्ने कुरा के भने अध्ययन गरेर अभ्यास मात्र गरेर नपुग्ने रहेछ, पूर्णरुपमा मनमा लुकेर बसेको क्लेश, नराम्रो संस्कार पूर्णरुपमा पखाल्नु पर्छ।

यस कुराले के बुझिन्छ भने बुद्ध पहिले आफू असल बनेपछि मात्र अरुलाई असल मान्छे बन्नुपर्ने कुरा सुनाउनु हुन्छ। आफू शुद्ध भइसकेपछि, आफू शान्त स्वभावको भएपछि मात्र अरुलाई शुद्ध हुनुपर्ने, शान्त स्वभावको हुनुपर्ने कुरा बताउनु हुने बुद्ध योग्य गुरु हुनुहुन्छ।

मानिसहरुको समुहमा धेरै भाषण र प्रवचन दिन सक्ने वक्ताहरु छन्। त्यस्ता व्यक्ति भएतापनि सुन्नेहरुलाई चित्तबुझ्ने गरि प्रवचन र उपदेश दिन सक्ने कम नै पाउँछौं। सही वक्ता र कथा भन्न सक्ने भनेको सुनिराखेको मानिसहरुको ध्यान आकर्षण गरेर बोध गर्न शक्ति भएकोलाई भनिन्छ। यस्ता योग्य वक्ता बुद्ध जस्ता बाहेक अरु दुर्लभ छ भन्न अत्युक्ति हुँदैन होला। बुद्धले कथा भन्ने बेला सुनिराखेका मानिसहरुको मनमा भित्रसम्म पस्ने र समय र ठाउँलाई उचित हुने गरि कथा भन्नुहुन्छ। उपदेश दिने भन्दा पहिले नै श्रोतावर्ग कस्ता खालका हुन्, धर्मलाई बुझ्न सक्ने छ कि छैन विचार गर्नुहुन्छ।

एक दिन एक जना गोठाला कथा बुझ्न सक्ने रहेछ। उसको एउटा गाई हराएको रहेछ। ऊ गाई खोज्दा खोज्दै आधादिन बितेछ। खाने बेलापनि बित्यो। त्यसबेला भगवान बुद्ध सडक छेउमै उपदेश दिनलाई तयार भएको हुनुहुन्थ्यो। त्यो गोठालालाई इच्छा भयो कथा सुन्न। त्यहाँ



Downloaded from http://www.dhamma.digital

ऊ गयो। तर उसलाई भोक लागेको थियो। त्यसैले उसको मन धर्मकथा तिर गएन। बुद्धले उसलाई खाना दिएर पेटभरि सकेपछि कथा भन्नुभयो। अनि उसको मन कथा तिर गयो, अनि उ कथा सुनेर बोध भयो। ऊ स्रोतापन्न भयो मतलब निर्वाणको पहिलो स्टेपमा पुग्यो। अर्थात् निर्वाणको बाटोमा पुग्न सफल भयो।

अर्को एक दिनअर्काको कमजोरी र दोष मात्र खोज्ने, झगडालु ब्राह्मण एक जना बुद्धकहाँ गएर भने म धर्मको कथा सुन्न आएको हुँ।

अनि भगवान् बुद्धले भन्नुभयो- तिमी अर्काको दोष मात्र खोजेर झगडा गर्ने, त्यस्ता मान्छेले धर्मको कथा बुझ्न सक्दैन। बुद्धको यो कथन सुनेपछि ब्राह्मणाले मनमनै कुरा गर्न थाल्यो- बुद्धले त मलाई चिन्नु भएको रहेछ। मेरो स्वभाव कस्तो रहेछ। साँच्चै नै मेरो स्वभाव राम्रो छैन रहेछ। बुद्ध साँच्चै नै ठूलो आध्यात्मिक गुण भएको रहेछ। उ खूब प्रभावित भयो। खूब प्रशन्न मुद्रामा बुद्ध समक्ष गएर भने- भो गुरु म अज्ञानी हुँ। तपाई देखेर, तपाईको कुरा सुनेर, बोध भएँ। म आज देखि ज्ञानी हुन्छु। अर्काको कमजोरी खोज्ने काम छोडिदिन्छु।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# सर्वज्ञता बारे बुद्धको विचार

बुद्धलाई दशबल, शास्ता, सर्वज्ञ, द्विपदुत्तम, सम्यक् सम्बुद्ध, मुनिन्द आदि धेरै नामले सम्बोधन गरिन्छ। यहाँ केवल सर्वज्ञ बारेमा मात्र चर्चा गर्न गइरहेको छु।

बुद्धलाई सर्वज्ञ पनि भनिन्छ। त्यसको अर्थ हो सबै कुरा उहाँ (बद्ध) लाई थाहा हुन्छ। तर यसबारे बुद्धको विचार र अरुको विचार फरक छ भन्ने कुरा मज्झिम निकायमा उल्लेख भएको "तेविज्ज वच्छसूत्र"मा बुद्धसँग वच्छ गोत्र ब्राह्मण बीच भएको कुराबाट बुझिन्छ।

तेविज्ज सूत्र अनुसार वैशाली नगरको कुटागारशालामा गौतम बुद्ध बसिरहनु भएको थियो। एक दिन बिहान सबेरै भिक्षाटनको लागि निस्कनु भयो। भिक्षाटन जानको लागि केही समय बाँकी रहेको हुनाले बुद्ध वच्छगोत्र ब्राह्मणको एक पुण्डरिक भन्ने आश्रममा जानुभयो। त्यहाँ भगवान् बुद्धलाई स्वागत सम्मान पछि वच्छगोत्र ब्राह्मणले यसरी प्रश्न सोध्नुभयो। Dhamma.Digital

भन्ते, तपाँई सर्वज्ञ हुनुहुन्छ। तपाईँमा सँधै सबै कुरा थाहा पाउने ज्ञान छ भन्ने कुरा धेरै जनाले सुनाउँछन्। यस्तो भनिरहेकोमा कुनै सत्यता छ ? अथवा तापईँले मलाई सबै कुरा थाहा छ भनि भन्नु भएको छ वा मानिसहरुले तपाईँलाई गलत मनसायले नाउँ राखि भनिरहेका छन् ? उत्तर दिदै, बुद्ध भन्नुहुन्छ- बुद्धमा सबै कुरा बुझ्न सक्ने ज्ञान छ भन्ने कुरा सत्य हो तर सुतिरहेको बेला, खाइरहेको बेला, हिंडिरहेको बेला, बसिरहेको बेला आदिमा सधैं सबै कुरा बुद्धलाई थाहा छ भन्न मिल्दैन र ठीकपनि छैन। त्यसो भन्नु असत्य हो। सधैं सबै कुरा मलाई थाहा छ भनि मैले भनेको पनि छैन।



Downloaded from http://www.dhamma.digital

मलाई सधैं अरुको कुरा थाहा पाउनु आवश्यक पनि छैन र कुनै काम पनि लाग्दैन । चाहिने बेलामा चिन्तन गरेर, मनले विचार गरेर मात्र कुरा थाहा पाउन सक्छु ।

वच्छगोत्रले फेरी सोध्नु भयो- त्यसोभए तपाइलाई सर्वज्ञ भनेको ठाउँमा के भन्दा उचित होला ?

बुद्धले भन्नुभयो- मलाई - पूर्वेनिवास, दिव्यचक्षु र आश्रवक्षेय ज्ञान हुने त्रिविद्या सम्पन्न भएको भन्नु ठीक छ । यसो भन्नु धर्मानुकुल छ । मलाई चाहियो भने पहिलेको कुरा बुझ्न सकिन्छ, भविष्यको कुरा पनि बुझ्न सकिन्छ । ममा भएको दिव्य चक्षुले चाहिएको खण्डमा मानिसले गरिरहेको धर्म र पाप कर्म सबै बुझ्न सकिन्छ । मानिसले कुन कुन मनसाय र मनले धर्म कर्म गरिरहेको छ भन्ने पनि बुझ्न सक्छु । त्यत्तिमात्र पनि होइन मैले सबै सांसारिक इच्छा महत्वाकांक्षा, लोभ, द्वेष आदि आस्रव नाश गरेछु भन्ने पनि थाहा पाउन सक्छु ।

वच्छगोत्र ब्राह्मणले भन्यो- त्यसो भए तपाइलाई त्रिविद्या सम्पन्न (पूर्वेनिवास, दिव्यचक्षु र आश्रवक्षेय ज्ञान) सम्पन्न भन्नु उचित र सत्य छ । बुद्ध भन्नुहुन्छ- त्यसो भनेको भए मलाई निन्दा गरेको भन्नु हुने छैन । अब बुद्धको सर्वज्ञता बारे अरु केही चर्चा गर्नु उचित ठान्दछु ।

## बन्धुल्ल मल्लिका बारे भविष्यवाणी

बन्धुल्ल मल्ल कुशीनगरको हो । महाकोशल राजाको छोरो प्रसेनजित कोशल र वैशाली महाली लिच्छवीहरु सँगै तक्षशीला विश्वविद्यालयमा पढेर आएको महान बहादुर मल्ल हो । तक्षशीलाबाट फर्केर आएपछि मल्लिकादेवी महिलासँग विवाह भयो । उ खुब पराक्रमी भनी प्रख्यात भयो । कुशीनगरका मल्लहरुले उहाँलाई अपमान गरिदियो भनेर सपरिवार कोशल



Downloaded from http://www.dhamma.digital

राजाकहाँ गए। प्रसेनजित राजाको साथी पनि हुन् र बहादुर पनि भएकाले उहाँलाई सेनापति बनाइदियो ।

मल्लिका देवीले बच्चा जन्माउन नसकेको भनी बन्धुल सेनापतिले आफ्नी स्वास्नी मल्लिका देवीलाई अलक्षिणा भनी माइती जाउ भनी धपाइदियो। अबला नारीको पक्षमा बोल्ने कोही भएनन्। झगडा गर्नुपनि सक्तैनथी। मल्लिका देवी समय समयमा बुद्धकहाँ जाने गर्दथिन् र उपदेश सुन्ने गर्दथिन्। उसले विचार गरिन् माइती जानु भन्दा पहिले बुद्धको एकचोटी दर्शन गरेर जाने, आफ्नो दुःखको कुरा पनि पोखेर जाने विचार गरेर भगवान् बुद्धकहाँ गइन्। बुद्धलाई वन्दना गरी एक छेउमा बसिन्।

बुद्धले सोध्नु भयो- मल्लिके, किन आज बिटाइममा आएको ? आज अनुहार पनि तेजिलो देखिन्न; के भयो ? मल्लिकाको उत्तर थियो- भन्ते ! मुख कसरी उज्यालो हुने । मेरो श्रीमान्ले माइती जाउ भनी धपाइ दिए । बुद्धले सोधे किन नि?

मलाई बच्चा न भएको अलच्छिणा भनेर माइती जाउ भनी धपाइ दिए -मल्लिकाले भनिन्।

सर्वज्ञ बुद्धले एकछिन विचार गरेर भन्नुभयो- मल्लिके माइती नजाऊ। तिम्रो श्रीमान् कहाँ नै फर्केर जाऊ। मल्लिकाले भनिन्- भन्ते गएर राख्दैन, जानै डर लाग्छ ।

बुद्ध भन्नु हुन्छ- मैले रोक्यो र माइती न जाऊ भनेको कुरा भनि दिऊ। मल्लिकालाई साहस बढ्यो। सरासर श्रीमान् कहाँ गइन्।

बन्धुल सेनापतिले सोधे किन आइस् ? माइती जाउ भनेको होइन ?

मल्लिकाले भनिन् - गएको त हो नि। मलाई भगवान्



Downloaded from http://www.dhamma.digital

बुद्धले रोक्नु भयो र भन्नुभयो तिमी आफ्नो श्रीमान् कहाँ जाऊ। त्यसैले आएको हो।

बन्धुल सेनापतिले विचार गर्‍यो- बुद्ध सर्वज्ञ हुनुहुन्छ। उहाँले भविष्यको कुरा थाहा हुन्छ। केही रहस्य र कारण हुनुपर्छ। ल भइगो यहाँ बस, माइती जानु पर्दैन। केही वर्ष पछि मल्लिकाले १६ जोडी पुत्र जन्माइन् भनेर पुस्तकमा लेखेको छ।

## चुल सुभद्रा

अर्को रोचक घटना बुद्धको सर्वज्ञता ज्ञानको चर्चा गर्छु। चूल सुभद्रा अनाथपिण्डिक महाजनको छोरी हो। श्रावस्तीबाट छ योजन टाढा कोशल राज्यकै अन्तर्गत साकेत नगरमा कालक भन्ने एकजना साहु सँग अनाथपिण्डिकको साथी थियो। पहिले सँगै पढ्दा खेरि कबुल गरेको थियो -"हामी दुबै जनामा छोरा भए पनि छोरी भए पनि जसले छोरी माग्छ उसलाई दिनु पर्छ।"

धेरै वर्षपछि कालक सेठ (श्रेष्ठी) व्यापारको लागि श्रावस्ती गएर अनाथपिण्डिक सेठको घरमा बास बस्न गए। अनि आफ्नो माहिली छोरी चूलसुभद्रालाई आफ्नो साथीको परिचय दिइ भने- "छोरी! मेरो साथीको सेवा र सम्मान राम्रो सँग गर।"

चुलसुभद्राले आफ्नो बुबाको आज्ञा पालन गरेर राम्रोसँग सेवा गरिन्। चुलसुभद्राको राम्रो शील स्वभाव, रहन सहन देखेर कालक सेठले विचार गरे यो केटी त निक्कै लक्ष्मी जस्तै हिसि परेकी छिन्। पहिले दुबै जना बीच कबुल गरिराखेको कुरा सम्झी आफ्नो छोरालाई चूलसुभद्रा माग्यो। अनाथपिण्डिक यो कुरा सुनी अकमक्यो। किनकि कालक सेठ बुद्धमार्गी होइन रहेछ। आफू चाहिं बुद्धमार्गी। मेरो छोरी बुद्धको दर्शन



Downloaded from http://www.dhamma.digital

गरी धर्मको कथा सुन्नु पर्ने, दान दिने इच्छुक पनि । त्यहाँ गएपछि त्यसरी गर्न नपाइने भयो । अनि मेरी छोरीलाई दु:ख हुन्छ । कलह हुनेछ । म त धर्म संकटमा परें । छोरी नदिउँ भने कबुल गरिसकेको छु । साथी पनि रिसाउँला । दिउँ भने उनीहरु अबौद्ध परिवार हुन् ।

अनाथपिण्डिकले आफ्नी श्रीमती पुण्यलक्षणा सँग सल्लाह गर्दा खेरि- यस बारे बुद्धसंग सोधेर मात्र निर्णय गर्न राम्रो होला भन्ने भनिन् । बुद्ध सर्वज्ञ हुनुहुन्छ उहाँले भने अनुसार गर्नु राम्रो हुन्छ ।

अनाथपिण्डिक भगवान् बुद्धकहाँ गएर वन्दना गरी प्रार्थना गऱ्यो- भो शास्ता मेरी छोरी चूलसुभद्रालाई साथी कालकको छोरोलाई माग्यो । त्यो चाहिं अबौद्ध रहेछ ।त्यसैले म मेरो छोरी नदिउँ भने साथी रिसाउँला भनी डरलाग्छ, के गरुँ भन्ते ?

भगवान बुद्धले एक छिन विचार गरेर भन्नुभयो- महाजन । चूलसुभद्रालाई पठाइ दिनुस् । चूलसुभद्राको राम्रो स्वभाव र रहन सहन दिलै देखि सम्झी राम्रो काम गरेको देखेर पतिकूलका सबैको मन बदलिन्छ, बोध भएर बुद्धको शरणमा आउँछन् । अनि जीवन सुखमय नै सुखमय हुन्छ ।

चूलसुभद्रा गइसकेपछि उसको सुचरित्र, राम्रो व्यवहारद्वारा पतिकूलका सबैको हृदय परिवर्तन भयो । बुद्धको उपदेशद्वारा सबैको मन बदलियो र जीवन शान्तमय भयो ।

यस्तै थुप्रै घटनाहरु छन् बुद्धको सर्वज्ञता बारे । अहिले यतिमात्र प्रस्तुत गर्दछु ।

भवतु सब्ब मंगलं

◆◆◆



Downloaded from http://www.dhamma.digital

# क्रोधी पति र असल पत्नी

भगवान् बुद्ध बिम्बिसार राजाले दान दिनु भएको राजगृहको बाँसको बगैचाको वेलुवनामराममा बस्नु भएको थियो । त्यस बेला त्यहाँ क्रोधी रिसालु भारद्वाज नामक ब्राह्मण एकजना थियो । त्यो ब्राह्मणले धनञ्जानी नामक ब्राह्मणी विवाह गर्न मानिस पठाए । त्यसबेला धनञ्जानीको पिताले छोरीलाई भने - छोरी ! सारै क्रोधी र रिसालु भारद्वाज बाउनले तिमिसित विवाह गर्ने इच्छा गरेको छ । तिमी उसित विवाह गर्ने मनपर्छ ? छोरीले भन्यो- मन पर्छ । म जान्छु उसकहाँ । बुबाले भने- तिमीलाई दुःख हुन्छ नि !

धनञ्जानीले भनिन्- म भगवान् बुद्ध कहाँ गएर शिक्षा लिएको छु । केको लागि बुद्धको शिक्षा लिइराखेको ? मेरो धर्म आचरण, राम्रो शील स्वभावबाट त्यो रिसालु र क्रोधी भारद्वाज बाउनलाई ठीक पारि दिन्छु, मतलब ज्ञानी बनाई दिन्छु । अनि कहाँ दुःख हुन्छ त ?

भारद्वाजले धनञ्जानीलाई विवाह गरेर लगे । धनञ्जानीको एउटा बानी छ- हाछिं एक चोटी आएपनि, आहाँ (वाका) एकचोटी आएपनि- "नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स" अर्थात् उनी भगवान् अर्हत सम्यक सम्बुद्धलाई नमस्कार भनी नमस्कार गर्ने भयो । पति ब्राह्मण चाहिं बुद्धको नामै लिन न चाहने मान्छे भएछ । धनञ्जानी भने सारै राम्रै र चितिक्क परेको रहेछ । धेरै हिसी परेको मात्र होइन उसको रहन सहन, आनी बानी, घरको काम सबै



Downloaded from http://www.dhamma.digital

दिलैदेखि संभी गर्ने बानी भएकी रहेछे। त्यसले गर्दा पतिलाइ धेरै मन परेछ।

त्यसो भएपनि स्वास्नीलाई भन्छ- हेर, म भएको ठाउँमा बुद्धको नाउँ न लिने नि ! अनि स्वास्नीले भन्छिन्- म त बुद्धको नाउँलिन छोड्न सक्दैन ! बुद्धको नाउँ लिन मन पर्दैन भने- म माइती जान्छु।

श्रीमान्ले भन्छ- तिमीलाई माइती जाउ भनेको होइन नि। मेरो अगाडी मात्र बुद्धको नाउँ नलेउ भनेको नि ! भारद्वाज आफ्नो स्वास्नी माइती जान्छ भनी थर्कमान थियो। किन भने धनञ्जानी अति नै राम्री र हिंसी परेकी। काम पनि सबै दिलैदेखि गर्न सक्छिन्। लक्ष्मी नै घर भित्रिए सरह भएको।

एकदिन भारद्वाजले आफ्नो गुरु ब्राह्मणलाई निमन्त्रणा दिई भोजन गराउन योजना बनायो। स्वास्नीलाई भने- हेर, हाम्रो गुरुहरुको अगाडी बुद्धको नाउँ न लिने नि। ब्राह्मणहरु एकहुल जम्मा भइ आउन थाले। लाइन मिलाएर आसनमा बस्नु भयो। पकाइराखेको परोस्न थाल्यो। धनञ्जानीलाई हाछिं आयो। अनि नमो बुद्धाय भनी बुद्धको नाउँ लिइकन नमस्कार गरी। अनि ब्राह्मणहरु क्रोधित भइ भने - देशमा अरु आइमाईहरु नभएकोले यी बुद्धकहाँ जाने स्त्रीलाई विवाह गरेर ल्याएको ? यो त अलछिना रहे छ भनी खाना नखाइकन उठेर गए।

भारद्वाजलाई रीसले दिमाग नै बिगार्‍यो। कति भन्दा भन्दै पनि मेरो गुरुहरुको अगाडी बुद्धको नाउँ लिएरै छाडे। उसलाई गाली गरुं भने माइती जाने धम्की दिइने। उ माइती जाला भन्ने डर पनि छ। रिस चाहिं आएको छ। अब बुद्धलाई नै गाली गर्न जान्छु भनी गएर तँ गधा,



Downloaded from http://www.dhamma.digital

तँ गोरु, तँ भेडा भनी बेस्सरी गाली गरे।

बुद्ध मुसुमुसु हाँस्दैरहे। ब्राह्मण त तोलाएर बसे। भारद्वाजले भने- तिमी बहिरा हो ? मैले गाली गरेको सुनेनौ ?

बुद्धले भन्नु भयो- म तपाइसँग प्रश्न सोध्छु। तपाईको घरमा कहिले कहिले पाहुना आउँछ होला ?

भारद्वाजले भन्यो- आउँछ नि। त्यस्तो पनि सोध्ने ? धर्मको कुरा सोधन।

बुद्धले फेरी सोध्नु भयो- पाहुनाले कोसेली पनि लिएर आउँछ होला ? त्यो कोसेली तपाईले लिएन भने कसले लिन्छ नि ? मैले लिएन भने उसले नै लिएर जान्छ ब्राह्मणको उत्तर थियो।

बुद्धले भन्नु भयो- आज म कहाँ पनि पाहुना एक जना आएको छ। उसले धेरै कोसेली लिएर आएको छ। तर मैले ती कोसेलीहरु लिएन।

भारद्वाजले सोध्यो- को त्यो पाहुना ? बुद्धको उत्तर थियो- त्यो पाहुना तपाई नि। तपाइले, गोरु, गधा र भेडाहरु कोसेली ल्याउनु भएको छ। मैले ती कोसेलीहरु स्वीकार गरेको छैन, तपाइले नै लिएर जानुस्।

बुद्धको कथा सुनेर भारद्वाज ब्राह्मण लाटो जस्तै बस्यो। उसको मन मनै कुरा गर्न थाले- बडो अनौथोको मान्छे पो रहेछ बुद्ध। कसरी नरिसाइ बस्न सकेको ? त्यसपछि भारद्वाजले प्रश्न गरे- के चीज एउटा नाश गर्न सके सुख पूर्वक बस्न सकिन्छ ? कुन चीज एउटा नाश भए पीर र चिन्ता हुदैन ? कुन चीज एउटा नाश गर्न तपाई मन पर्छ ?



Downloaded from http://www.dhamma.digital

बुद्धको उत्तर- क्रोध एउटा नाश गर्न सके सुख पाउँछ। रिस नाश गर्न सके चिन्ता र पीर हुँदैन। क्रोध एउटा नाश गर्नु नै मलाई मन पर्छ।

यति कुरा सुनिसके पछि हात जोडेर भारद्वाजले भन्यो- भो गौतम तपाई ठूलो धर्मात्मा हुनुहुन्छ। तपाईले मलाई अँध्यारो ठाउँमा बत्ति बाले जस्तै, बाटो बिराइरहेकोलाई बाटो देखाइदिने जस्तै ज्ञानको शिक्षा दिनु भयो। म सारै अज्ञानी रहेछु। मेरो श्रीमती धनञ्जानी तपाईबाट धर्मको शिक्षा लिएर धेरै ज्ञानी छ र खूब असल गृहणी र लक्ष्मी रहेछ। घरको काम सबै दिलैदेखि विचार गरेर गर्छिन्। उ घरमा आएदेखि लक्ष्मी भित्रेको बराबर भयो। म क्रोधी भएकोले तपाइको उपासिका धनञ्जानीलाई मनमा शान्ति छैन। अबदेखि म र श्रीमतीको एउटै विचार र मन भएर बस्छु। म बोध भएँ। म क्रोधको भारि बोकेर आएको त अहिले कपास जस्तै हलुंगो भएको छ। अहिले मलाई खूब आनन्दको अनुभव भइरहेको छ। म बाचुन्जेल सम्म तपाइको शिक्षा अनुसार आचरण गर्नेछु।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# अज्ञानी राहुल बोध भयो

भगवान बुद्ध भएर ७ वर्षपछि कपिलवस्तु जानुभयो। त्यस बेला यशोधरादेवीले राहुललाई भनी- तिमी आफ्नो बुबा कहाँ गएर अंश देउ भन्ने माग गर। राहुल कुमार बुद्धकहाँ गएर भन्यो -तपाईँको छायाँ खुब सित्तल छ। बुद्धले सोध्नुभयो-"तिमी यहाँ किन आएको ?" राहुलले भन्यो- भन्ते आमाले तपाईँसँग धेरै सम्पत्ति छ रे, अंश लिएर आउनु भनि पठाएको। बुद्धले मसँग भएको यही पहेंलो वस्त्र मात्र हो भनेर उसलाई पहेंलो वस्त्र लगाई प्रव्रजित गर्नुभयो। राहुल कुमार ७ वर्षको मात्र पुगेको बालक त्यत्ति ज्ञान भएको छैन। उसलाई यतिमात्र थाहा छ बुद्ध मेरो बुबा हुनुहुन्छ। त्यसले गर्दा उसमा अभिमान बढ्यो। बुद्धले सारिपुत्र भिक्षुलाई राहुल कुमार जिम्मा दिनुभयो। उमेरले बालक भएकोले उसले अनुशासन भनेको के हो भन्ने उसलाई थाहा थिएन। सारिपुत्र भन्तेले ज्ञानको कुरा सिकाइ दिए पनि राहुल कुमारले त्यत्ति ध्यान दिएन। उसले भिक्षुहरुलाई भन्ने गर्दथे- "मलाई चिन्नुहुन्छ ? म को हुँ ?" मेरो बुबा बुद्ध हुन्। भिक्षुहरुले बुद्धकहाँ गएर भने- भन्ते ! राहुल कुमारलाई सम्झाइ दिनुस्। ऊ अलि बेतालको भएको छ। कुरागर्ने पनि न मिलेको छ, आफूभन्दा ठूलाको कुरातिर पनि ध्यान दिंदैन। अनुशासन राम्रो छैन।

बुद्धले राहुल कुमारलाई अम्बलट्ठिक जंगलमा लग्नुभयो। बुद्धले राहुललाई पानीले भरिएको लोटा हल्लाउँदै सोध्नुभयो लोटामा के छ ? राहुलले भने त्यसमा पानी भरिएको छ, त्यसैले कुनै आवाज आएन। बुद्धले आधी पानी खन्याई सोध्नुभयो- "अब के भयो ?" राहुलले भने पानी आधा मात्र भएकोले छप्ल्याङ्ग छप्ल्याङ्ग आवाज



Downloaded from http://www.dhamma.digital

आयो । लोटा खाली गरेर बुद्धले फेरी सोध्नुभयो- अब के भयो ? राहुलले जवाफ दिँदै भने- लोटा खाली भयो । बुद्धले भन्नुभयो आधा पानी हुँदा पानी चलेको जस्तै तिमी चञ्चल थियौ । पानी सबै नहुँदा लोटा रित्तो भए जस्तै तिमी पनि झुटो कुरा गर्ने गरेकोले रित्तो मान्छे बन्न पुग्यौ । तिम्रो बोली वचन नराम्रो भएको, अरुलाई अप्ठ्यारो पऱ्यो, मेरो बुबा बुद्ध हुनु हुन्छ भनि कसरी अहंकार आएको ? अज्ञानी भए अरु कसैले तिमीलाई माया गर्दैन । अंशलिन मकहाँ आयौ । असल र ज्ञानी अंश कसरी पाउँछौ ? तिमी ज्ञानी नभएको ले मलाई त खल्लो लाग्यो र लाज पनि लाग्यो । अब देखि ज्ञानी हुनु पऱ्यो । यसरी आफ्नो (सिद्धार्थको) छोरालाई एकान्त जंगलमा लगेर अर्ति दिनु भएको कुरा मज्झिम निकायमा अम्बलट्ठिक राहुलो वाद सूत्रमा विस्तारमा उल्लेख भएको पाउँछौं ।

बुद्धबाट अर्ती सुनिसकेपछि राहुलकुमारले मन मनै कुरा गर्न थाल्यो- मलाई बुद्धले एक्लै जंगलमा ल्याएर अर्ती दिनु भएको म अज्ञानी भएकोले हो । अब देखि म ज्ञानी हुन्छु भनी बुद्ध समक्ष वाचा गरे । फेरी बुद्ध समक्ष प्रार्थना गरे- भो गुरु ! भोलिदेखि मैले गर्नु पर्ने काम के के हुन् भनि दिनु होला ।

बुद्धले भन्नुभयो- सबेरै उठेर कुचोलगाई सफा सुग्घर गर्ने, पानी ल्याएर जहाँ राख्नु पर्ने हो राखि दिने । आफूभन्दा ठूलाबडाको अपमान नगरी आज्ञाकारी बन्ने बिर्सनु हुन्न ।

बुद्धबाट अर्ति पाइसकेपछि राहुल आशातीत ज्ञानी भयो । बिहानै उठेर कुचोलिइकन सफा सुग्घर गर्न थाले । आसन बिछाउने काम पनि गर्न थाले । राहुल कुमारले बिहानै उठेर सफा गरिरहेको देखेर अरु श्रामणेर(नवक भिक्षुहरु) धेरै अबेर सम्म सुतिरहे । अनि बुद्धले उनीहरुलाई बोलाई गाली गर्नुभयो- तिमीहरु कसरी अल्छी भएका हौ ? देखेन



Downloaded from http://www.dhamma.digital

राहुल कस्तो ज्ञानी भएको ! बिहानै उठेर सबै काम गर्न थाल्यो । चर्पी समेत सफा गर्छ । तिमीहरु कसरी अज्ञानी बन्यौ ?

बुद्धको अर्ती सुनेपछि अरु श्रामणेरहरु(अरु नवक भिक्षु) ले भन्नथाले बुद्ध पनि आफ्नो छोराको मात्र प्रशंसा गर्नु हुन्छ र हामीलाई गाली गर्नुहुन्छ । राहुलले गर्दा गाली खानु पर्‍यो भनी ईख गरेर राहुलको दोष र कमजोरी खोज्न सुरु गरे । तर राहुलको केही कमी देख्न सकेन ।

एकदिन राहुलकुमार बिहानै सफा सुग्घर गरेपछि फेरि कोठामा गएर आराम लिन गयो। त्यही मौकामा मन कपटी श्रामणेरहरुले बाहिरको धूलो जम्मा गरेर राहुलले सफा गरीसकेको ठाँउमा धूलो छरिदियो । अनि उनीहरु बुद्ध कहाँ गएर भन्न थाले- भन्ते, तपाईले राहुलको खूब प्रशंसा गर्नुहुन्छ, राहुलकुमार साह्रै ज्ञानी रहेछ । सफा सुग्घर गर्न सिपालु छ । आज राहुल अहिले सम्म सुतिरहेको छ । कूचो लागाएको छैन ।

बुद्धले राहुललाई बोलाउनु भई सोध्नुभयो- "के तिमीलाई सन्चो छैनौ ?कपाल दुखेको छ ? सबै ठाउँमा धुलैधुलो छ रे ?

राहुल कुमार गएर हेर्‍यो- आफूले बढारी सकेको ठाउँमा मतिहीनहरुले धूलो छरिएको थाहा पाइयो । राहुलकुमार खुरुक्क कूचो लिएर बढारेर धूलो जम्मा गरी फालेर कोठामा गए । झगडा गरेन किन मैले सफा गरिसकेको ठाउँमा धूलो छरिएको भनी ।

राहुल कुमारका शत्रुहरुले विचार गरे- "राहुलकुमार साच्चै नै असल र ज्ञानी रहेछ । अब हामीपनि असल र ज्ञानी बनौं ।" उनीहरु ज्ञानी बनेपछि शान्ति भयो ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# कंजूस साहू बोध [illegible]

एकदिन श्रावस्ती निवासी उपा[illegible] भगवान् बुद्ध प्रमुख भिक्षु संघलाई भोजन दान दिने [illegible]ो आयोजना गरेका थिए। भोजनोपरान्त तथागतले [illegible]लाई उपदेश दिनुहुँदै भन्नुभयो- "संसारमा दान दिने [illegible]हरु [illegible]ार प्रकारका छन्।

१. आफै एक्लैले मात्र दान दिन खोज्[illegible] अर्थात् अरुलाई दान दिन लगाउन नचाहने।

२. आफूले पनि दान दिने र अरुलाई [illegible] दिनमा प्रेरणा दिने।

३. आफूले भने दान नदिने अरुलाई [illegible] दिनुपर्छ भन्ने अर्ती दिँदै हिड्ने।

४. आफूले पनि दान नदिने अरुलाई [illegible] दिलाउन नखोज्ने।

यी चार प्रकारका व्यक्तिहरु म[illegible] आफूले पनि दान दिने र अरुलाई पनि दान दिनलाई [illegible] दिने व्यक्तिको चरित्रलाई उत्तम मान्न सकिन्छ। य[illegible] चरित्रको व्यक्ति सबैको विश्वासिलो व्यक्ति बन्न सक्ने [illegible] उसलाई सहयोग गर्ने सहयोगीहरु वा इष्टमित्रहरुलाई धेरै [illegible] भने उसको राम्रो व्यवहारले गर्दा उसलाई प्रशस्त [illegible] हुनेछ।" बुद्धद्वारा यस्तो घतलाग्दो उपदेश सुनेर [illegible] उपासकले विचार गर्‍यो- "त्यसो भए मैले पनि [illegible] छु र मेरा साथीभाईहरुलाई प्रेरणा दिनेछु।" य[illegible] विचार लिई उ शाक्यमुनी बुद्ध समक्ष गई प्रार्थना ग[illegible] "[illegible] ! तथागत प्रमुख भिक्षुसंघलाई मैले भोजन नि[illegible] गर्दैछु। यस निमन्त्रणालाई स्वीकार गर्नुहोस्।"



Downloaded from http://www.dhamma.digital

बुद्धद्वारा निमन्त्रणा स्वीकार भइसकेपछि त्यस उपासकले टोलटोलमा गई भन्न थाल्यो- "दाजुभाई दिदीबहिनी हो ! मेरो एउटा अनुरोध सुन्नुहोस् भोली तथागत प्रमुख भिक्षु संघलाई भोजनका लागि निमन्त्रणा दिएको छु । हामी सबैमिलेर भोजन दान दिऔं । यसको लागि सबैले आफू सक्दो श्रद्धा सहयोग गर्न अनुरोध गर्दछु । तपाईहरुसँग जे जस्तो बस्तुहरु छन् आफ्नो श्रद्धा अनुसार दान दिनुहोस् । यसरी कराउँदा कराउँदै उ एकजना साहूकहाँ पुगेछ । उसले साहूसँग पनि सहयोग माग्यो ।

साहूजीलाई त रिस उठेछ । त्यसैले उसले रिसाउँदै भनेछ- "तिमीलाई दान दिन मन लाग्छ भने तिमी आफैले मात्र दान दिए भइहाल्छ नि अरुसँग किन माग्दै हिड्न परेको ? अर्कासँग माग्दै दान दिन खोज्दोरहेछ कस्तो मूर्ख मान्छे होला यो ? मलाई त बुद्धप्रति पनि श्रद्धा छैन, भिक्षुहरु प्रति पनि श्रद्धा छैन । त्यसैले मैले केही पनि दान दिन सक्दिन ।

यो कुरा सुनी उपासकले फेरी भन्यो- हाम्रा टोलबासीहरु सबैले सहयोग दिइसक्यो । अरुको त के कुरा गरिब व्यक्तिहरु समेतले आफ्नो गच्छेअनुसार केही न केही दिइसके । दान दिने भनेको राम्रो काम हो नि । आफूले दिन सके मात्र सम्मान पाउने छ र मित्रहरुपनि बढ्ने छन् । एकदिन मर्नैपर्छ । मर्ने बेला सबै छोडेर जानै पर्छ । केही पनि लिएर जान पाउने होइन । यसरी चन्दा लिने उपासक कराईरहेको सुन्न मन नलागेकोले पसले साहूले आफ्नो तीन औंलाले च्यापेर अलिकति चामल दिदै भन्यो- "ल ल लेऊ यति मात्र श्रद्धा छ मेरो । भयो अब ?"

चन्दा माग्ने उपासकले कञ्जुस साहुले दिएको चामललाई अलग्गै एउटा रुमालमा थापेर पोका पाऱ्यो । आफूले दिएको



Downloaded from http://www.dhamma.digital

अलिकति चामललाई अलग्गै पोको पारेको देखेर साहुको मनमा च्वास्स पस्यो र विचार गऱ्यो- यस उपासकले मैले दिएको अलिकति चामललाई अलग्गै पोको पारेको छ र पक्कै पनि यसले मेरो बेइज्जत गर्न लागेको होला । पख यसलाई । यति विचार गरी साहुले आफ्ना एकजना नोकरलाई बोलाई भन्न थाल्यो तिमी त्यस उपासकको पछि पछि लागि उसको चेवा गर्दै गर्नु । उसले मेरो विषयमा के के कुरा गर्दोरहेछ, सबै कुरो बुझेर मलाई बताउन आउनु । साहुको आज्ञा शिरोपर गर्दै नोकर चन्दा लिने उपासकको पछि लाग्यो । उपासक भोजनको लागि प्रबन्ध गरिराखेको ठाउँमा गई कञ्जुस साहुले दान दिएको चामलको सानो पोको खोल्न थाल्यो । अनि त्यस पोकोबाट चामल झिकेर भोजन पकाउनको लागि चुलोमा बसालिराखेको सबै भाडाहरुमा अलि अलि गर्दै हालिदियो । यो देखि अरु साथीहरुले उपासकलाई सोध्न थाल्यो- "भाँडाहरुमा तिमीले के राखेको ?" उपासकले भन्यो- एकजना साहुजीले झर्को मान्दै अलिकति चामल चन्दाको रुपमा दिएको थियो । त्यो साहुजीलाई झन बढी पुण्य प्राप्त होस् भन्दै सबै भाँडामा उहाँको चामल राखिदिएका ।

यो कुरा साहुको नोकरले सुन्यो । तर उसले प्रष्ट बुझ्न सकेन र साहुजी कहाँ गइ भन्न थाल्यो- "साहुजीले दिनुभएको चामल त उनीहरुको चुलोमाथि बसाल्नेको सबै भाडाहरुमा अलि अलि राख्दै उनीहरु सबै जना कानेखुशी गर्दै थिए ।" यो कुरा सुनी रिसाह साहुजी त झन् रिसायो । उसले बिचार गऱ्यो- "त्यसो भए उनीहरुले भोजन दान गर्ने ठाउँमा म आफै गएर हेरुँला । त्यहाँ मेरो वेइज्जती हुने केही कुरा उठ्यो भने त्यो उपासकको टाउको नफोडी छोड्दिन । भोजनको कार्यक्रम सकियो । अनि उपासकले बुद्ध प्रमुख



Downloaded from http://www.dhamma.digital

भिक्षुहरुलाई सम्बोधन गर्दै भन्न थाल्यो- "भो भगवान् ! आजको भोजनको लागि गरीब वर्गहरुदेखि लिएर धनी साहु महाजनवर्गहरु सबैले आफूले सक्दो सहयोग गर्नु भई पुण्य कमाउनुभएको छ । दान दिनहुने महानुभावहरु मध्ये कसैले बढी र कसैले कम वस्तुहरु दान दिनुभएका छन् । जे होस् दान दिई सहयोग गर्नुहुने सबैलाई बराबर मात्रामा पुण्य प्राप्त भई सबैको जय होस् मंगल होस् ।"

कञ्जुस साहु त त्यहाँको वातावरणदेखि अकमक्क भई सोच्न थाल्यो- "के सोचेर आएको थिए, यहाँ के कुरो उठिराखेको छ बुझ्दा यी उपासकहरु त निक्कै उदार हृदय रहेछन् । यिनीहरुको चित्त त एकदम राम्रो रहेछन् । यिनीहरुको अगाडी त मेरै चित्त नराम्रो ठहरियो । जाबो एकमाना चामल दान दिन पनि हिच्किचाई मैले तीनवटा औंलाले टिपेर मात्र चामलका गेडाहरु दान दिन पुगेछु । तर त्यति थोरै मात्रामा दान दिने मलाई पनि उपासकले समान रुपले पुण्य बाँडिदियो । यस्तो उदार हृदय भएको उपासकप्रति पनि मैले द्वेष भावले टाउको नै फोड्ने विचार लिई यहाँ आएँ । यो त साह्रै अपराध जन्य कार्य भयो । मैले त्यस उपासकसँग क्षमा मागेन भने त विजुली खसेर मेरो टाउको सातटुक्रा हुनेछ ।" यस्तो विचार गरी साहुजी उपासक सँग क्षमा माग्न गए ।

त्यस उपासक त अकमक्क परे । सपना देखे जस्तै पो भएछ । यो के भएको बुझ्नै सकेन उसले । एकछिन पछि उपासकले सोध्यो- किन मसँग क्षमा माग्नुभएको ? खै मलाई त तपाईले केही पनि नराम्रो काम गरे जस्तो लागेन । अनि साहुजीले आफूले रिसाई रिसाई दान दिएदेखि लिएर उपासकप्रति आफूले चिताएको कुभलो बारे सबैकुरा बताईदिए ।



Downloaded from http://www.dhamma.digital

यी सबै कुरा सुन्नु भएपछि बुद्धले भन्नुभयो- "उपासक उपासिकाहरु हो। पुण्य भनेको सानो र ठूलो भनी भेदभाव गर्नका लागि होइन। एक एक थोपा चुहिएको पानीले घैटो भर्न सके जस्तो आफ्नो मन शुद्ध गरी अलि अलि गर्दै जम्मा पारेको पुण्य कार्यले आफ्नो जीवनलाई सुखमय बनाउन सकिन्छ। बुद्धको यस उपदेशलाई सुनेर संकिर्ण मनको कञ्जुश साहुको हृदय बदल्यो। उसले आफ्नो मन पवित्र पार्दै खुब श्रद्धा राखी गरिब उद्दार कार्यहरुमा मन लगाई दानदिन थाल्यो। यसरी उ पछि साञ्चिको धर्मात्मा कहलिए र उसले जीवन सुखपूर्वक बिताए।

यस घटनाबाट हामीले के शिक्षा लिन सक्छौ भने चन्दा लिने बेला श्रद्धा भावनालाई महत्व दिनुपर्छ। धेरै चन्दा दिएन भनेर हेला गर्नुहुँदैन। यति नै चन्दा दिनुपर्छ भनी दातालाई करकापमा पार्नुपनि हुँदैन।

तर आजभोलि धर्म कर्म गर्ने ठाउँमा समेत गरिबहरु र धेरै दान दिन नसक्ने व्यक्तिहरुले त्यति राम्रो स्थान पाउन सकेको देखिदैन। फलस्वरुप धार्मिक कार्य गर्न मन भए पनि उनीहरु धार्मिक समाजबाट टाढिंदै गएको देखिन्छ। यो विचारणीय कुरा हो। किनभने पुण्य कार्य भनेको प्रतिस्पर्धात्मक र फेशनको कार्य होइन।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# राजाको विवेक बुद्धि.
# राजाको चिन्तनमय प्रज्ञा

प्रज्ञामध्ये मानिसलाई चाहिने कुरो व्यवहारिक प्रज्ञा हो । किन्तु समाजबाट अलगिएर बस्ने खालको प्रज्ञा होइन । वास्तविक रुपमा कलह नहुने अनि पारिवारिक एवं धार्मिक जीवन सुखपूर्वक बिताउन सक्ने प्रज्ञा चाहिन्छ । सुने जस्तै चिन्तन शक्ति भएन भने त्यस्तो बुद्धिले काम गर्दैन वा त्यस्तोले ठाउँ हेरी काम गर्न सक्तैन । पढेको ज्ञान र विद्वत्ताले मात्र व्यवहारमा काम दिदैन । यसैले नै विवेकयुक्त बुद्धि चाहिन्छ । यसलाई बुझाउन एउटा कथा प्रस्तुत गर्दछु । एक जना राजाले एक भिक्षुको उपदेश सुने र आचरण समेत राम्रो देखे । त्यसपछि उनले आफ्नो मन प्रसन्न भएको पाए । भिक्षुप्रति उनको श्रद्धा उत्पन्न भयो । तब राजाले त्यस भिक्षुका लागि आफ्नो बगैंचामा विहार निर्माण गराइदिए । राजाले दिन दिनै आफ्नै खाना अनुसारको माछा मासु राखी दरवारीया खाना उनीकहाँ पठाउने गरे । तर दरबारीया खाना खाएदेखि ती भिक्षुको बानी खराब भयो । उनी मिठो खान पल्किन थाले र उनलाई साधारण जनताको खाना मननपर्न थाल्यो । भिक्षु त्यस्तो खाना खानै नसक्ने भए । सिद्धार्थ कुमारले राजगृहमा सबैभन्दा पहिले भिक्षा माग्न आएको बेला जनताले खाने गरेको खाना खान सकेनन् भनेको कुरा यसले प्रमाणित गर्दछ । त्यसैले बुद्धले समय -समयमा भन्नुभएको छ -कुनै पनि चीजमा आसक्त नहुनु, मिठो खानामा मात्र नभुल्नु र त्यसमा न पल्किनु । ती भिक्षुले माछा मासु बिना खाना खान नसक्ने भए । उसबेला पनि बजारमा मासु किन्न नपाइने कुनै दिन



Downloaded from http://www.dhamma.digital

हुन्थ्यो । त्यस्तो दिन परेमा दरबारको लागि पनि मासु नहुने हुन्थ्यो । मासु नभएको दिनमा भोजन गर्नुपर्दा ती भिक्षुलाई भोजन नै नमिठो लाग्न थाल्यो । बिहार सँगै माछा भएको एउटा पोखरी थियो । मासु नपाइने दिन भन्दा पहिलै नै ती भिक्षु पोखरीमा गई माछा मार्न थाल्थे ।

एकदिन ती भिक्षुलाई माछा मार्दै गर्दा समय बितेको नै थाहा भएन । दरबारबाट भोजन लिएर जाँदा भिक्षु दरबारमा थिएनन् । भिक्षु कहाँ गए होलान् भनि यताउति खोज्न जाँदा उनी माछा मार्न व्यस्त भएको देखियो । भिक्षु दरबारबाट भोजन ल्याउनेहरुलाई देखि लाज मानी माछा मार्ने लठ्ठी त्यही फाली पर्खालको मुनीबाट निहुँरिदै बिहारमा पुगे ।

दरबारबाट भोजन ल्याउने मानिसहरुले मनबाट उनीप्रतिको श्रद्धा हट्यो । माछा मारी खाने, त्यस्ता भिक्षुलाई भोजन पनि दिन्नौ भनी ती मानिसहरु दरबारमै फर्केर गए । दरबारमा राजाले सोधे- किन बिहारमा भन्ते(भिक्षु) हुनुहुन्न ? भोजन किन फर्काइ ल्याएको ? तिनीहरुले भने-ती भिक्षु भिक्षु नै होइनन् । ती त माछा मारी खाँदा रहेछन् । त्यसैले भोजन नदिइ फर्काएर ल्याएका हौं ।

राजाले सोधे- ती भिक्षुले माछा मारिरहेको तिमीहरुले नै देखेका हौ ? आफ्नै आँखाले देखेका हौं भनी तिनीहरुले जवाफ दिए । राजाले फेरी सोधे- भिक्षुले तिमीहरुलाई देखे कि देखेनन् ? तिनीहरुले भने- ती भिक्षु त हामीलाई देख्ने बित्तिकै लाज मानी माछा मार्ने लठ्ठी त्यही फाली निहुँरिदै पर्खालमूनी हुदै बिहारभित्र पसे ।

राजाले भने- लाज मानेसम्म ती भिक्षु बिग्रेका छैनन् । लाज मानेन भने मात्र भिक्षुत्वबाट खस्छन् । लाज मानेकाले ती भिक्षु नै हुन्, त्यो भोजन दिएर आऊ भनी तिनीहरुलाई पठाए ।



Downloaded from http://www.dhamma.digital

राजासँग चिन्तनमय प्रज्ञा(विवेक बुद्धि) भएकोले माछा मार्ने भिक्षुदेखि आफ्नो श्रद्धा बिगारेनन् र राजा उनीप्रति रिसाएनन् । प्रज्ञा नभएका, चिन्तन शक्ति नभएको भए राजाले ती भिक्षुलाई मान्छे नै ठान्दैनथे । यहाँ भने भिक्षुहरुको दोष खोज्ने धेरैको बानी भइसकेको छ । सही कुराको मूल्यांकन गर्ने बानी त्यति देखिँदैन । दोष गल्ती कसको मात्र हुँदैन ? यसको मतलब कसैको दोष खोज्नु हुँदैन भनेको होइन । गल्ती गर्दै जानुपर्छ भनेको पनि होइन तर दोष पहिल्याउने काम सुधारका लागि हुनुपर्छ । सकभर दोष नभएमा मानिसको जीवन उज्जवल र सुखमय हुनेछ र धेरै महत्वको हुनेछ । यो अवश्य हो ।

माथि बताएको घटना राजासँग चिन्तनमय प्रज्ञा भएकोले उनले मानिसलाई विचलित नगराई समस्या समाधानतिर लागेको देखिन्छ । दोष देख्नुको साथै समस्या समाधानतिर पनि ध्यान दिनु राम्रो हुन्छ । चिन्तनमय प्रज्ञा उपयोग नभएको भए माछा मारी खाने ती भिक्षुलाई बिहारबाट निकालिन्थ्यो र चीवर बस्त्र छोडाइन्थ्यो । तर यसबाट एकजना भिक्षु घट्नु सिवाय समस्या समाधान हुँदैनथ्यो । यस्ता लेखिराख्ने व्यक्तिसँगपनि सबै ठाँउमा चिन्तनमय प्रज्ञा भएको नै भन्न मिल्दैन । शायद म आफैले मेरो चेला श्रामणेरहरुले माछा मारिरहेका त के त्यस्तो कुरा सुनेमात्र पनि चीवर छोडेर घर जाऊ भन्ने होला । चिन्तनमय प्रज्ञाको कमिले नै गर्दा आज हामी कहाँ अशान्ति छेडिएको र अनावश्यक असहमति भएको हो भन्न सकिन्छ । प्रायःजसो मानिसमा बुद्धि विलाषिता नै धेरै पाइन्छ । अर्थात् "परोपदेशे पाण्डित्य" भने जस्तो छ । व्यवहारमा प्रयोग गर्ने प्रज्ञा धेरैमा छैन । यो मानिसहरुकै एउटा ठूलो कमजोरी हो ।

◆◆◆

Downloaded from http://www.dhamma.digital

# शान्तिको लागि मैत्री भावना

हामी सबै शान्ति चाहन्छौँ, तर शान्तिको लागि के गर्नुपर्छ, उपाय के छ भन्नेबारे हामी गहन विचार गर्दैनौं। मुखले मात्र शान्ति शान्ति भन्छौँ, तर काम चाहिँ अशान्ति हुने मात्र गर्छौं। शान्तिको लागि पहिला मैत्रीको अर्थ राम्ररी बुझ्नुपर्छ। द्वेषं र शत्रुभाव रहित स्वच्छमनका स्वभाव भएमा नै मैत्री चित्त हुनसक्छ। केही वर्ष पहिले माओवादीले शस्त्र त्यागी युद्धविराम घोषणा गरेर सरकारसित शान्तिवार्ता गर्न आएर तत्कालीन प्रधानमन्त्रीसित हात मिलाए। यो आगो र पानीको मिलन जस्तै भयो। मैत्री र मित्रताको भाव नभएको भए दुइ शत्रु कसरी एउटै मंचमा उपस्थित भए ? हुनत स्थायी शान्ति हुने शंका नै छ र दुबै पक्षमा शुद्ध मैत्रीभाव छ, छैन भविष्यमा थाहा पाउने कुरा हो। यतातिर धेरै चर्चा नगरुं।

अब यहाँ शान्तिको लागि शारिपुत्र महास्थविरले भिक्षुहरुलाई दिनुभएको उपदेशको सारांश उल्लेख गर्न लागिरहेको छु।

पाँच प्रकारका मानिसहरुप्रति द्वेष भाव नगरिकन, रीस नगरिकन, घृणाा नगरिकन मैत्रीभाव राख्नुपर्छ।

१) शरीरले नराम्रो काम गर्ने तर वचनले भने राम्रो कुरा गर्ने र बोली नरम भएको मान्छेप्रति मैत्री कसरी गर्ने ?

पंसुकूल वस्त्र चीवर (वस्त्र) धारीले मसानमा फालिराखेको धूल सहित कपडालाई बायाँ खुट्टाले टेकी दायाँ खुट्टाले फैलाई झुत्रो नभएको अलि बलियो मात्र छुट्याएर च्यातेर लिए



Downloaded from http://www.dhamma.digital

जस्तै शारीरिक दुराचारतिर ध्यान नदिइकन वचन बोली शुद्धी र नरमतिर मात्र ख्यालराखी क्रोध नगरिकन मैत्रीभाव राख्ने ।

२) शरीरले गर्ने काम राम्रो भएपछि बोलीवचन नराम्रो भएकाको प्रति घृणा नगरी, क्रोध नगरी मैत्रीभाव राख्न सक्नुपर्छ । जसरी गर्मीमा दिउँसो बाटोमा हिंडिराखेको मान्छेले रुखका पातहरुले छोपेको पोखरी देखेर त्यहाँको पात हटाएर दुबै हातले पानी लिएर पिउँछ । त्यसरी नै शरीरले गरेको राम्रो कामतिर मात्र ध्यान दिएर उसप्रति मैत्रीभाव राख्ने ।

३) शरीरले गर्ने कामपनि राम्रो छैन, बोली पनि राम्रो छैन, तर कहिले काहीं धर्म कर्म र ध्यान भावना गर्ने काममा संलग्न हुन्छ भने त्यस्ता प्रति कसरी मैत्री राख्ने ? गाईगोरुले कुल्चेर खाल्टो परेको ठाउँमा रहेको पानी हातले, कचौराले नलिइकन गाईले जस्तै हातखुट्टा भुइँमा टेकी मुखले मात्र पानी पिउने जस्तै त्यस्ताप्रति मैत्रीभाव राख्ने ।

४) शरीरले गर्ने काम पनि राम्रो छैन, बोली पनि राम्रो छैन, समय समयमा धर्म कर्म पनि नगर्ने मान्छेप्रति करुणाराखी उसको भलो र हित भए हुन्थ्यो । बिरामी मान्छे कतै गइरहेको देखेर उसलाई कसैले हेरचाह र उपकार गरे हुन्थ्यो । त्यो असल र निको भए हुन्थ्यो भन्ने मनमा राख्ने । त्यो व्यक्ति मरेपनि हुन्छ भनी कल्पना नगरी उसप्रति मैत्रीभाव राख्ने ।

५) शरीरले राम्रो काम पनि गर्छ, बोली पनि नरम छ, धर्मकर्म पनि गर्छ, भने उसप्रति ईर्ष्या नगर्ने तर मैत्री भाव राख्ने । जसरी राम्रो पोखरीमा गएर नुहाएर पानी खाने गरिन्छ ।



Downloaded from http://www.dhamma.digital

यसैगरी अर्को पनि मैत्रीचित्त उत्पन्न गर्नका लागि उपयोगी एउटा दुइटा घटना प्रस्तुत गर्छु ।

साहित्यमा प्रख्यात व्यक्ति महात्मा शुकरातसँग एकपटक कसैले प्रश्न गरे- चन्द्रमामा पनि दाग छ र पानसमुनि पनि अँध्यारो छ किन ?

शुकरातले उसप्रति प्रश्न गरी उत्तर दियो कि चन्द्रमामा भएको दागलाई छाडी अधिकाशं प्रकाशलाई कसरी नदेखेको ? मतलब कमजोरी र नराम्रोतिर ध्यान नदिई राम्रोतिर ध्यान दिए बेस र राम्रो हुने हुन्छ । त्यस्तै पानसको उज्यालोतिर ध्यान दिनुपर्ने ।

वचन नराम्रो भएकाले सारै मिलेका दुइजना भिक्षुमध्ये एकजनाको ज्यान गयो । समुद्रमा दुवैजना नुहाउन गएका थिए । एकजनाले पहिला नै नुहाएर आएर आफ्नासाथीको जुत्ता लुकाइदियो । अर्को साथी चाहिँ आएर हेर्दा आफ्नो जुत्ता नदेखेर उसले भन्यो- कुन कुकुरले मेरो जुत्ता लग्यो क्यारे ?

जुत्ता लुकाउने भिक्षुलाई रीस उठ्यो । त्यसमा मैत्रीभाव रहेन । कुन कुकुरले जुत्ता लग्यो भन्ने आफ्नो साथी भिक्षुलाई उसले चक्कुले धसेर मारिदियो । यो म्यानमार (बर्मा) को घटना हो ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# अरूलाई दोष लगाउने व्यक्तिमा हुनुपर्ने गुणहरू

आजकाल आलोचना गर्नेहरु र अरुलाई दोष लगाउनेहरुको संख्या कम छैन। त्यस्तै दोष नआउनेगरी काम नगर्नेहरुको संख्या पनि कम छैन। हुन त निर्दोष व्यक्तिमाथि पनि दोष आउने गर्छ। ईर्ष्याले गर्दा निर्दोष व्यक्तिलाई लांछना लगाउने गरिन्छ। त्यसैले होला बुद्धले"नत्थि लोको अनिन्दितो" अर्थात् निन्दाबाट बच्ने यो संसारमा कोही छैन भनेर भन्नुभएको।

अर्को पटक बुद्धले भन्नुभयो-

नपरेसं विलोमानि-न परेसं कताकतं,
अत्तनोव अवेक्खेय्य कतानि अकतानि च।

अर्थ-अर्काको दोष अर्थात् अरुले के गऱ्यो गरेन भनेर हेर्नुभन्दा आफ्नो दोष र आफूले त्यस्तो दोष हुने काम गरेको छ कि छैन भन्नेतिर ध्यान दिनु उत्तम र राम्रो हुन्छ।

अर्काको दोष मात्र खोजिरहनु जस्तो खतरा सरुवा रोग बुद्धको पालादेखि चलिरहेको छ, फैलिरहेको छ। त्यसैले बुद्धले भन्नुभएको शान्तिको लागि आफू असल मान्छे बन्नुपर्छ। अर्काको दोष मात्र खोज्न उचित छैन। यसको मतलब यो होइन कि आमाबाबुले छोराछोरीको गल्ती देखेर पनि चुप लागेर बस्नु र गुरुले चेलाहरुको दोष देखेर पनि चुपलागेर बस्नु। हुन त आमाबाबुको कमजोरी देखेर छोराछोरी पनि चुप लागेर बस्नु र त्यस्तै गुरुहरुको दोष देखेर पनि चेलाहरु पनि चुप लागेर बस्नु उचित होइन।



Downloaded from http://www.dhamma.digital

जेहोस् बुद्धले र सारिपुत्र महास्थविरले दिनुभएको दोष लगाउनेमा हुनुपर्ने पाँच गुणहरु थाहा पाइराख्दा काम लाग्छ। ती यसप्रकार छन् :-

१) उचित समयमा दोष लगाउनुपर्छ, जुनै बेलामा पनि दोषको कुरा भन्नु हुँदैन।

२) सत्य कुरामात्र भन्नुपर्छ। नभएको असत्य कुरामा दोष लगाउनु हुन्न।

३) नरम वचनले दोष लगाउनुपर्छ , झोकिएर भन्नुहुँदैन।

४) दोषीले भलो गर्ने नियत राखी दोष लगाउनुपर्छ, बिगार्ने नियतले दोषारोपण गर्नुहुँदैन।

५) मैत्रीपूर्ण चित्तले सम्झाउनुपर्छ, द्वेष चित्तले भन्नुहुन्न।

उपर्युक्त गुणविना अरुलाई दोष दिंदा मानिसहरु रिसाउँछन्। कहिले कहिले मेरो आफ्नै शिष्यहरुको र्दुव्यवहार देख्दा उनीहरुलाई गाली गर्दा अथवा अर्ती दिंदा अलि झोकिएर भन्ने बानी मेरो पनि छ। त्यसबेला एक दुइजना शिष्यहरुले मलाई भन्ने पनि गर्छन् "अलि नरम स्वभावले भम्झाइ दिनुस् न त्यसरी रिसाएर भन्नु उपर्युक्त हुँदैन।" अनि कसो कसो लाग्छ। राम्रै कुरा भनेको हो भनी महसूस हुन आउँछ। सारिपुत्र महास्थविरले भन्नुभयो-"यदि कसैले कसैलाई अन्याय र अधर्मपूर्वक दोष लगाए भने उसलाई सम्झाइदिने कि उनीलाई फलानोले जुन दोष लगाएको छ त्यो मिल्दैन, तैपनि नरिसाइकन सहनसके शान्ति हुन्छ, कलह शान्त हुन्छ।" "त्यो दोष लगाउनेलाई पनि फलानोलाई दोष लगाएको ठीक छैन, अफ़सोच प्रकट गरी गल्ती महसूस गरेर क्षमा माग्नुपर्छ।"

लाञ्छना दोष लगाएको लाई पनि सम्झाइदिने कि उनलाई दोष लगाएको कुरा ठीक हो र उनले गल्ती स्वीकार गर्नु सक्नुपर्छ र गल्ती महसूस गर्नुपर्दछ। दोष पाएको व्यक्तिमा



Downloaded from http://www.dhamma.digital

दुइवटा कुरा हुनुपर्दछ-
१) सत्यता, २) रिसालु स्वभाव नहुन ।

आफूमा लगाएको दोष सोँच्चै आफूमा भएको हो कि होइन यस प्रकारको गल्ती आफूले गरेको छ कि छैन सम्भिरहेछ भने गल्ती स्वीकार गर्ने, नभए छैन भनेर अस्वीकार गरिदिने गर्नुपर्छ ।

यी कुराहरु सारिपुत्र महास्थविरले तथागत बुद्धलाई भनिदिंदा बुद्धले भन्नुभयो -सारिपुत्र! तिमीले त्यसरी बताएता पनि अज्ञानी अशिक्षितहरुले यस्ता कुराहरु मान्दैनन् र सुन्दैनन् ।

भिक्षु सारिपुत्रले भने- अश्रद्धाले, पेटपाल्नको लागि मात्र भिक्षु बन्न आउने, अशिक्षित अहंकारीहरुले मात्र यस्ता राम्रो कुरा सुन्दैनन् र रिसाउँछन् । श्रद्धापूर्वक भिक्षु बन्न आएकोले त यस्ता कुरालाई मान्छन् नै अनि अनुशासित पनि हुन्छन् । गौतम बुद्धले भन्नुभयो- तै पनि अशिक्षित, छलकपटी भइ अश्रद्धाले भिक्षु बन्न आउनेहरुलाई अर्ती नदिनु बेस छ । उनीहरुले उल्टो अर्थ लगाउँछन् । त्यस्ताहरु ठीक समभदारी भएको कुरा सुन्न तयार हुँदैनन् र रिसाउँछन् । त्यसैले शिक्षित र ज्ञानी भिक्षुहरुलाई मात्र अर्ती दिने गर ।

आनन्द भिक्षुलाई आफ्नो स्थायी सेवकको रुपमा बुद्धले मनोनीत गर्ने बेला बुद्धलाई नातावादको आरोप लगाएका थिए भिक्षुहरुले । आनन्दले पनि दोषारोपनबाट मुक्त हुनलाई आफू बुद्धको सेवक बन्नु भन्दा अगाडि नै निम्नलिखित शर्त राखेका थिए -

१) बुद्धलाई प्राप्त भएको मिठो खाना आनन्दलाई नदिने । २) राम्रो चीवर वस्त्र नदिने । ३) बुद्धलाई व्यक्तिगत निमन्त्रणामा गरिएको ठाउँमा आनन्दलाई नलैजाने । ४) बुद्ध सुत्ने कोठामा आनन्दलाई नसुताउने । ५) आनन्दले स्वीकार गरेको ठाउँमा



Downloaded from http://www.dhamma.digital

बुद्धले निमन्त्रणामा जानुपर्ने । ६) बाहिरबाट बुद्धको दर्शनार्थ आउने श्रद्धालुलाई जुन बेला पनि बुद्धकहाँ लैजान पाउनुपर्ने । ७) आनन्दको अनुपस्थित ठाउँमा दिनुभएको उपदेश फेरि आनन्दलाई सुनाउनुपर्ने । ८) जुनबेला भए पनि आनन्दलाई शंका भएको कुरा सोध्ने मौका पाउनुपर्ने । ती शर्तलाई बुद्धले स्वीकार गर्नुभयो र सराहना गर्नुभयो । यी कुरा हुनु आनन्दको दूरदर्शिता हो भनी बुद्धले प्रशंसा गर्नुभयो ।

◆◆◆

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# गुण भएको राजा ठूलो

गौतम बुद्ध राजनीतिज्ञ नभए पनि राज्य शासन चलाउनेहरुलाई राज्य कसरी चलाउनुपर्ने भन्ने बारेमा उहाँ निर्देशन दिनुहुन्थ्यो । यो कुरा पालि बौद्ध साहित्यमा उल्लेख भएको पाइन्छ । राजदरबारसम्म बुद्ध स्वयं जानु भइ राजनीति अर्थात राज्य संचालनबारे उपदेश दिनुहुन्थ्यो । कोशलराजा बुद्ध भक्त भएता पनि न्यायपूर्वक अर्थात् जनहित हुने गरी राज्य संचालन गर्दैनथे । आफूले चाहे जस्तै आफूलाई भलो हुने गरी मात्र राज्य गर्दथे । घूस पनि लिन्थे । लोभको इशारामा, द्वेषको वशमा परी, भय र मोहको वशमा परेर राज्य संचालन गर्दथे । अर्को भाषामा भनुँ भने पक्षपात र लोभमा परी निर्दोषीलाई दोषी, अपराधीलाई निरपराधी बनाइदिन्थे । क्रोधका कारण आफूलाई मन नपर्ने व्यक्ति इमान्दार भए पनि दोषी बनाइदिन्थे । आफूलाई काम लाग्ने मान्छे रिसाउला भनेर डराएर को दोषी र अपराधी, को निर्दोषी भन्नेबारे छानबिन नगरीकन, सल्लाह नलिइकन अन्यायपूर्वक मुद्दा छिनिदिने गर्दथे । जनतालाई सारै दुःख पिर भइरहेको कुरो बुझी बुद्ध स्वयं दरबार जानु भई कोशल राजालाई भन्नुभयो -"दश राज धर्मअनुसार राज्य संचालन गरे देशमा शान्ति हुन्छ, समृद्धि हुन्छ । अनि जनताले सुख सुविधा पाए राजा जनप्रिय हुन्छन् ।" उहाँले प्राचीन कालदेखि राजाहरूको धर्म दश प्रकारका छन् भन्नुभयो । १)दान, २) शील (सदाचार )३) त्याग चेतना, ४) छलकपटी नहुनु, ५) नरम हुनु, ६) तपस्या (दुःख कष्ट सहनु), ७) क्रोधी नहुनु, ८) शोषक नबन्नु (हिंसक नबन्नु) ९) सहनशीलता, १०) [illegible]धको लागि विरोध नगर्नु । यी दश राज धर्ममा



Downloaded from http://www.dhamma.digital

दान र परित्याग-त्यागचेतना) को एउटै अर्थ होइन । दान त कञ्जुस्यांइ मनले धेरै कमाउने इच्छाले पनि दिने गरेको देखिन्छ । जस्तो कि चुनावलाई चन्दा दिएर कतिपय व्यापारीहरुले महंगी बढाएर पैसा कमाउने इच्छा राख्छन् । प्रसिद्धिको लागि पनि दान दिइन्छ । तर परित्याग भनेको परोपकार गर्ने मनले मात्र सेवाभावले सम्पूर्ण रुपमा त्याग गरेर दिनु हो । दानको सट्टा अरु केही आशा नगरीकन त्याग गर्नुलाई परित्याग भनिन्छ ।

शीलस्वभाव राम्रो हुनुपर्छ, संयमी इमान्दार, निहतमानी, सहनशीलता, नचाहिने ठाउँमा क्रोध नगर्नु, आफ्नो स्वार्थको लागि अरुलाई दुःख नदिनु विरोध नगर्नु यी दश वटा गुणहरु राजनीतिज्ञ नेताहरुमा नभइ नहुने भएको छ । त्यसो भएता पनि वर्तमान राजनीतिज्ञहरुलाई बुद्धद्वारा निर्देशित दशराज धर्म ठीक छैन पच्दैन जस्तो लाग्छ ।तर भगवान बुद्धले कोशल राजालाई भन्नुभयो दशराज धर्मअनुसार राज्य संचालन नगर्ने राजाहरुको पतन हुन्छ । त्यस्ता राजाहरुकोपतन भएको पनि छ । कौशल राजा गौतम बुद्धबाट दशराज धर्म सुनेर सचेत भए सतर्क भए अनि उनले बद्धको निर्देशनअनुसार राज्य संचालन गर्ने प्रयत्न गरे ।

एकदिन न्यायालयमा बसिरहेका बेला कोशल राजाका सामु ठूलो मुद्दा ल्याइयो । उनले बुद्धको निर्देशन अनुसार कुनै लोभलालच तथा पक्षपात नगरीकन न्यायपूर्वक मुद्दा छिनिदिए । दोषीलाई दोषी, निरपराधीलाई निर्दोषी बनाइदिए । घुस पनि खाएनन् । त्यस दिन राजालाई खुब आनन्द लाग्यो र अपूर्व अध्यात्मिक सुखको अनुभव भयो रे । तुरुन्तै बुद्धकहाँ गई आफूलाई आनन्दको अनुभव भएको कुरा सुनाए ।

गौतम बुद्धले पहिले-पहिले पनि धर्म र न्यायपूर्वक



Downloaded from http://www.dhamma.digital

जनमुखी भई राज्य संचालन गर्नेहरु तथा आफ्नो दोष र गल्ती महसुस गरी राज्य गरिएको देशमा शान्ति र सुरक्षाको व्यवस्था भएको कुरा सुनाउनुभयो ।

पहिले-पहिले वाराणसीमा ब्रह्मदत्त भन्ने राजाले राज्य गरे जस्तै कोशल देशमा पनि मल्लिक नामका राजाले राज्य संचालन गरेका थिए । दुबै राजाले जनहित हुने गरि राज्य गरेका थिए ।तैपनि मनमा कुरा उठ्यो राज्य संचालन गर्दा केही गल्ति भएको छ कि भूल भयो कि । यो कुरा थाहा पाउनका लागि महारानीदेखि मन्त्री तथा अन्य मान्छेहरुसँग समेत सोध्दा सबैले भने "सबथोक ठीक छ महाराज । केही पनि भूल देखिएन ।" तैपनि राजाको मनमा सन्तुष्टि भएन । मतलब चित्त बुझेन । दरबारियाहरुले राजाको दोष कहाँ भन्छन् त ? केही दोष छ भने सुन्न जनताको तर्फबाट पनि सुन्न पर्‍यो नि । राजा आफ्नो देश बाहिर गएर बुझ्नुपर्‍यो भनेर बग्गीमा बसेर आफ्नो दोष खोज्न गए । उता कोशल राजा पनि आफ्नो दोष खोज्नुपर्‍यो भनेर राज्यबाट बाहिर निस्के, दुबै राजाहरुको एउटा गल्लीमा भेट भयो । मल्लिक राजाका सारथीले भन्यो- अरे ! यस रथमा कोशलका राजा मल्लिक हुनुहुन्छ बाटो छोडिदेउ ।

यताका सारथीले पनि भन्यो- यस रथमा पनि वाराणसीका राजा ब्रह्मदत्त हुनुहुन्छ । बाटो छोडिदेउ । दुबै तरफका बग्गीहरु सालिक जस्तै नचलिकन खडा रहे । अनि ब्रह्मदत्त राजाले भने- "गुणधर्मले ठूलो भएकोलाई बाटो छोडिदिनु पर्ला । सोध्न त्यो रथमा बसिरहेका राजाको गुण के छ स्वभाव कस्तो छ ?"

प्रश्न सुनेपछि मल्लिक राजाको सारथीले भन्यो- "हाम्रो राजा खराब स्वभावका सित खराब व्यवहार गर्ने, नरम स्वभावलाई नरम हुने, शान्त स्वभावलाई शान्त स्वभावले जित्ने,



Downloaded from http://www.dhamma.digital

बेइमानीलाई बेइमानी भएर जित्ने किसिमका हुन् । त्यसैले बाटो छोडिदेउ ।"

बह्मदत्त राजाको सारथीले भन्यो– "हाम्रो ब्रह्मदत्त राजा क्रोधीलाई मैत्रीले, अज्ञानीलाई ज्ञानी भएर कन्जुसलाई दान गरेर, झुठो बोल्नेलाई सत्य कुरा गरेर जित्ने किसिमका छन् । यस्ता राजा यस रथमा छन् । त्यसैले बाटो छोडिदेउ ।"

यति कुरा सुनिसकेपछि राजा मल्लिकले आफ्नो कम्जोरी महसुस गरी बह्मदत्त आफूभन्दा ठूला रहेछ भन्ने ठानी रथबाट ओर्लेर भने– "यतिका समयसम्म बाटो रोकी बाधा दिएँ । यसको लागि म क्षमा चाहन्छु । मैले आफ्नो भूल स्वीकार गर्रें ।" उनले आफ्नो सारथीलाई भने– "बाटो छोडि देउ । त्यस रथमा म भन्दा ठूलो राजा हुनुहुन्छ ।" बुद्धबाट यो कथा सुनि तत्कालिन कोशल राजाले आफ्नो गल्ति महसुस गरिकन राज्य राम्रो सँग संचालन गरे भन्ने कुरा पालि साहित्यमा उल्लेखित छ ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# महापुरूषहरूको गुण

भगवान बुद्ध समय समयमा ब्रह्मविहार अर्थात् उत्तम जीविकाको बारेमा उपदेश दिने गर्दथे । यी गुण हुन् मैत्री, करुणा, मुदिता र उपेक्षा । यी चार गुण जुन व्यक्तिमा देखिन्छ, ऊ ब्रह्मा नै हो भनी गौतम बुद्धले भन्नुभएको थियो ।

१. मैत्री अर्थात् प्रेम, दया, सद्इच्छा र परोपकार शब्दहरुबाट व्यक्त हुन्छन् । यसलाई मित्रता र प्रेम पनि भनिन्छ । तर मैत्री र मित्रता तथा प्रेममा धेरै भेद छ । कुनै बखत व्यक्ति व्यक्तिबीच भेटघाट हुनसाथ जान, पहिचान र परिचय हुन्थ्यो अनि मित्रता हुन्थ्यो । यो मित्रता, मैत्रीजस्तो शुद्ध र बलियो हुँदैन । उदाहरणका लागि जस्तै कांग्रेस-राप्रपाको समीकरण अथवा नेकपा एमाले-राप्रपा समीकरण एकथरी मित्रता हो । तर यो शुद्ध मैत्री सम्बन्ध भने होइन । प्रेमी र प्रेमिका बीचको स्वार्थ जस्तै समीकरण पनि स्वार्थ निहित हुन्छ । अमेरिका र चीनबीच तथा पाकिस्तान र भारतबीच व्यापार आदि सम्झौता, सम्बन्ध मित्रताको लक्षण हुनसक्छ । तर शुद्ध मैत्री भने होइन । मैत्री भनेको हृदय नरम, स्वच्छ सहयोग र दयापूर्ण गुण हो । मित्रता देखावटी गुण हो । शुद्ध हृदयको चिन्ह होइन । स्वार्थको चिन्ह हो । परोपकारको शुद्ध रुप होइन । आफ्नो मतलब पूरा भएन भने मित्रता असहयोगमा परिणत हुन्छ । साधारणतया शान्तिमय जीवनयापनको लागि मैत्री गुण मानिसमा हुनुपर्छ । यो मानवीय गुण हो । मैत्री हराएमा मानिसमा क्रोध उत्पन्न भएर दानव रुप लिनसक्छ । तसर्थ मैत्री महापुरुषको गुण हो ।



Downloaded from http://www.dhamma.digital

२. करुणा–दुःखी, अनाथप्रति सहानुभूति, दया र मायापूर्ण भावना जाग्ने स्वाभाव हो । अरुको दुःख पीडा देखेर मनमा दुःखको अनुभव हुने, सहानुभूति हुने लक्षणलाई करुणा भनिन्छ । यो ब्रह्म विहारको दाश्रो गुण हो । अर्काको दुःख, आपत विपत देख्ना साथै उसलाई कसरी दुःखबाट मुक्त गर्न सकिन्छ भन्ने चिन्तन मनमा आउने भावना नै करुणा हो । हामी अखबारमा समय समयमा छापिएका समाचार पढ्छौं । खोलामा बगिरहेको मानिसलाई उद्धार गर्दा कतिपयको ज्यान गुम्छ । कसैको घरमा आगो लागेको बेलामा आगो निभाउन र सामान बचाउने प्रयत्न गर्दा ज्यान गुमाउनेहरु पनि छन् । यो करुणा भएको व्यक्तिको उदाहरण हो । करुणा र मैत्री दुबै पवित्र हृदयको चिन्ह हो । यहाँ प्रजातन्त्र र साम्यवादको भेदभाव हुँदैन । भुखमरीले पीडित राष्ट्रको लागि अन्तर्राष्ट्रिय खाद्य सहयोग दिनु करुणा हो । कुनै कुनै राष्ट्रले मानवताको नाताले आर्थिक सहयोग दिने गर्छ यो शुद्ध मैत्री र करुणाको भावनाले दिएको ठहरिदैन । यहाँ एउटा स्मरणीय कुरा के छ भने- आफ्ना खराब बानी भएका छोरा–छोरीहरुलाई आमाबाबुले केटाकेटीको भलो चिताएर नै गाली र सुझाव दिन्छन् । रचनात्मक सुझावमा मैत्री र करुणा गुण समावेश भएको छ । ध्वंसात्मक र आक्रोशमा गरेको गतिविधिमा मैत्री करुणा हुँदैन ।

३. मुदिता- यो ब्रह्मविहारको तेश्रो गुण हो । मनको प्रफुल्लता, प्रसन्नता शुद्ध आनन्दको अवस्था मुदिता गुण हो । संकीर्ण र संकुचित तथा इर्ष्या भावमारहीत चित्तको अवस्थामा मुदिता गुण हुन्छ । अरुको उन्नति र विजयी तथा राम्रो काम देखेर मनमा आउने आनन्द र हर्ष हुने अवस्थालाई मुदिता चित्त भनिन्छ । अपवाद स्वरुप मानिसहरुले अनैतिक ढंगमा जालझेल काम गरेर उन्नति र विजयी गर्नेहरु पनि



Downloaded from http://www.dhamma.digital

छन् । त्यस्तो अवस्था देखेर मुदिता अर्थात् आनन्दको अनुभव हुने गाह्रो छ । मुदिता चित्तको उल्टो गुण हो ।

उपर्युक्त उत्तम तीन गुण महापुरुषमा हुने र हुनैपर्ने गुणाहरु हुन् । शान्त वातावरणाको उपयोगी गुणाहरु हुन् । साधारण मानिसहरुलाई मैत्री गुण हुने आशा गर्नु राम्रो कुरा भए पनि व्यवहारमा देख्न दुर्लभै छ ।

साधारणतया धेरै मानिसहरु अर्काको हानि, अवनति देखेर खुशी र सन्तुष्टि अनुभव गर्छन् । कसैले नराम्रो काम गरेर पतन हुने त्यो अर्कै कुरा हो । निर्दोष व्यक्तिमाथि कुभलो चिताउने राम्रो गुण होइन । मैत्री चित्त र मुदिता चित्त उत्पन्न गरिरहनेलाई अप्ठ्यारो के छ भने सधैं आफू मात्र सुखी हुने, आफू मात्र सज्जन बनी अधार्मिक काम गर्ने मानिसहरुबीच बस्नुपर्दा, अटेरी र मिचाहा प्रवृतिसँग बस्नुपर्दा मैत्री र करुणा तथा मुदिता चित्त हराएर जान्छ । त्यसैले बुद्धले उपेक्षा गुणाको उपदेश दिनुभएको छ ।

४. उपेक्षा- यो ब्रह्मविहारको चौथो गुण हो । यसलाई व्यवहारमा अपनाउनु गाह्रो भए पनि अति नै उपयोगी र काम लाग्ने चीज हो तर साधारण व्यवहारमा नराम्रो व्यवहार भएको मानिसको व्यवहारमा सुधार ल्याउनका लागि तिरस्कार, अनादर, बहिष्कार गरेर दण्ड दिनुपर्ने रहेछ । भगवान् बुद्धले पनि आफ्नै साथी छन्न सारथी भिक्षु बनिसकेपछि उसको अहंकारपन हटाउनको लागि बहिष्कार गर्ने ब्रह्मदण्ड (ठूलो दण्ड) दिनुभएको थियो ।

कमलको फूल हिलोमा उत्पन्न भएर पनि हिलोबाट अलग्गै फुले जस्तै अशिष्ट र मिचाहा स्वभावका मानिसहरुसँग अलिप्त र अनाशक्त भई बस्नु बेश छ । यही उपेक्षा गुण हो । उपर्युक्त चार गुण ब्रह्मविहार र महापुरुष गुण धर्म हुन् ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

# रिसले वैरभाव शान्त हुँदैन

आजको युगलाई वैमनष्यपूर्ण युग भन्नु बढी हुंदैन होला। किनकि कतै शान्त छ भन्ने कुरा सुन्न पाईदैन। जताततै महत्वाकाँक्षी इर्ष्याका कारण परस्परमा षडयण्त्र र अविश्वासको वातावरण छाएको छ। कतै शान्ति छैन। बुद्धको पालामा पनि शान्तिको वातावरण त्यति थियो जस्तो लाग्दैन। किनकि बुद्धले उच्च शान्तिको लागि नभै नहुने मैत्रीगुण र अल्पेक्ष गुण धर्मको उपदेश दिनु भएको थियो। मैत्री चित्त हुँदाखेरी अरुको अहित र हानी हुने (मनैदेखि) कल्पना गर्दैन रे। यसको विपरित अमैत्री र महत्वकांक्षी व्यक्तिले ठूलो अनर्थ गर्नसक्छ, फुट ल्याउन सक्छ।

बुद्धले स्थापना गर्नुभएको भिक्षु संघमा शाक्य कुलको देवदत्त नामको भिक्षुको ठूलो स्थान थियो। उनी प्रभावशाली व्यक्तित्व थिए।तर उनको महत्वकांक्षा र पदलोलुपताले गर्दा उनले पतन हुने काम गर्न थाले। उनले चिन्तन गर्न थाले- धेरै मानिसहरुले बुद्धलाई र सारिपुत्र तथा मौदगल्यायन प्रमुख शिष्यहरुको मात्र सम्मान गर्छन्, दान गर्छन्, मलाई वास्तै गर्दैनन्। उसको मन ईर्ष्याले पालेको थियो। अब के गरेर अरुको ध्यान आफूकहाँ आकर्षित गर्न सकिन्छ भनेर उनले सोच्न सकिन्छ भनेर सोच्न थाले। आफू शुद्ध र आचरणनिष्ठ हुँ भन्ने देखाउन उनले बुद्धकहाँ गएर भने भिक्षुहरुको लागि नयाँ कडा नियम बनाउनु पर्‍यो जस्तै कि (क) भिक्षुहरु जंगलमा बस्नुपर्छ, विहारमा (घरमा) बस्नु हुंदैन। (ख) भिक्षाटन गरेर मात्र जीविका गर्ने, अरुले दान दिएका भोजन नगर्ने, (ग) मसानमा र धुलोमा फ्याँकेको कपडा बटुलेर चीवर वस्त्र लगाउने, श्रद्धावानहरुले दान दिएको वस्त्र नलगाउने। (घ) माछा मासु नखाने, शाकाहारी हुने आदी।



Downloaded from http://www.dhamma.digital

भगवान बुद्धले देवदत्त भिक्षुको प्रस्तावलाई अव्यवहारिक र षडयन्त्र भनी बुझेर उनलाई भन्नुभयो- इच्छा हुनेहरु जंगलमा बसेपनि हुन्छ, विहारमा बसेपनि हुन्छ। शाकाहारी बन्न चाहे पनि आ-आफ्नो खुसी र अरुले पकाएर दिएको खाए पनि हुन्छ। मसानमा फालिराखेको कपडाको वस्त्र लगाए पनि हुन्छ र अरुले दान दिएको लगाए पनि हुन्छ। कुनै आपत्ति छैन। बुद्धले देवदत्तलाई चेतावनी दिंदै भन्नुभयो-संघलाई अप्ठ्यारो हुने र संघमा फूटहुने खालको नीति लागू गर्ने कोसिस नगर्नु। यस्तो चालले तिम्रो भलो हुने छैन, संघलाई पनि राम्रो हुने छैन। अव्यवहारिक नियमको कुरा नउठाउनु।

त्यसपछि देवदत्त भिक्षुहरुकहां गएर भन्न थाले- हेर साथीहरु, मैले धार्मिक नियम बनाउनु पर्छ भनी प्रस्ताव राखेको थिएँ, तर बुद्धले तिरस्कार गर्नु भयो। मैले राखेको प्रस्ताव साथीहरुलाई कस्तो लागेको छ ? राम्रो छ कि छैन ?

कच्चा बुद्धि भएको एक समूहले राम्रै पस्ताव राख्नु भएको हो, किन बुद्धले तिरस्कार गर्नु भएको होला। यो त बुद्धले ठिक काम गर्नु भएन भनै। देवदत्तको नयाँ नीति प्रस्ताव भिक्षु जीवनको लागि एकदम उपयोगी र ठीक नियम हो। हामी देवदत्तको पक्षमा छौं भनेर अपरिपक्व अदूरदर्शी बुद्धि भएका एक समूह फुटेर गयो।

उनीहरुले बुद्धलाई मार्न समेत अनेक षडयन्त्र गरेका थिए, तर असफल भए। बुद्धले भन्नु भयो- देवदत्तले संघ भेद गरेर पतन हुने काम गरेको छ। गर्नै नहुने भेद ल्याएर भिक्षु संघमा फुट ल्याएर नराम्रो काम गऱ्यो।

केहि समय पछि भगवान बुद्धले सारीपुत्र र मोदगल्यायन शिष्यहरुलाई भन्नु भयो- देवदत्तको हा-हामा लागेर गएका भिक्षुहरु, मैत्रीपूर्वक पूर्वाग्रहरहित भई ठण्डा दिमागले विचार गर। पछि पश्चाताप गर्न नपरोस। बुद्धको शिक्षालाई छोड्न नपरोस्। देवदत्त महत्वकाँक्षी हुन्। राम्रा विचारका होइनन्। बुद्धलाई पनि मार्न खोज्ने व्यक्ति हुन्। जाऊ बुद्धकहाँ गएर



Downloaded from http://www.dhamma.digital

क्षमा माग अनि तिमीहरुको भलो हुन्छ। फुटेर गएका भिक्षुहरुले महसुस गरे- फुटेर आएको ठीक भएन। एकतामै सुख छ। "सुखा संघस्स सामग्गी" भनेर गएर क्षमा मागी भिक्षु संघमा सम्मिलित भए। देवदत्त र एक दुईजना उनका चेलाहरुमात्र फुटेरै बसे।

केही समयपछि केहि बुद्धिजिवीले बुद्धकहाँ गएर सोधे- भगवान् तपाई जस्ता गुरु भएको भिक्षु संघमा कसरी देवदत्त जस्ता महत्वाकाक्षी भिक्षुको प्रादुर्भाव भयो, तपाईले किन अनुशासनमा राख्न सक्नु भएन ?

बुद्धले उत्तर दिनुभयो खेतमा धान रोप्दा खेरी घाँस पनि उम्रेर आउँछ। त्यस्तै घाँस जस्तै देवदत्त जस्ता भिक्षुहरुको पनि प्रादुर्भाव हुन्छ। म त मार्गदर्शक मात्र हुँ, कसैलाई तह लगाउने जिम्मा मैले लिएको छैन। उसले गरेको पाप उसैले भोग्नुपर्छ।

मैत्रीभाव र उपेक्षा मात्र औषधी हो। अरु उपाय छैन। अरुप्रति स्नेह र माया हुने गुणलाई नै मैत्री भनिन्छ। क्रोध र घृणाको विरुद्ध र प्रतिशोध भावना नआउने बानीलाई नै मैत्री भनिन्छ। अर्को भाषामा भन्ने हो भने अरुको चित्त नदुखने बोली बोल्नु र काम गर्नुलाई पनि मैत्री भनिन्छ। शान्तपूर्वक जीवन बिताउनका लागि मैत्री चित्त अचूक औषधी भने पनि हुन्छ। यो अभ्यास गरेर अनुभव र बुझ्नुपर्ने कुरो हो। यस कुरा बुझ्नको लागि एउटा घटना प्रस्तुत गर्दछु।

परस्पर कट्टर विरोधी र शत्रुभावना राख्ने दुईजना मन्त्रीहरु थिए। यी आजभोलीका मन्त्रीहरु होइनन्। बुद्धकालीन राजा कोशल नरेशका दायाँ हात र बायाँ हातको रुपमा रहेका दुई जना मन्त्रीहरुको बीच भएको शत्रु भावनाको कुरा गर्दैछु। यी दुवैजना मन्त्रीहरु कोशल राजाका सल्लाहाकार थिए। तर मानिसहरुको चरित्र विचित्रको हुँदोरहेछ। ईर्ष्या र द्वेष चित्तले ठाउँ लिएपछि मानिसहरुलाई बहुला नै बनाइदिंदो रहेछ। अरुलाई अर्ति बुद्धि र सल्लाह दिन जाने तापनि आफूलाई अर्ति र सल्लाह दिनुपर्ने बेला बुद्धि नै हराउने रहेछ। परस्पर



Downloaded from http://www.dhamma.digital

भेद, कलह ईर्ष्या र द्वेषको कारणले उनीहरु एकले अर्कोलाई बिगार्ने र खुट्टा तान्ने कुकर्महरुको खोजी गर्दै हिंड्दा रहेछन् । कोशल राजाका मन्त्रीहरु पनि यस्तै खालका रहेछन् । एकलेअर्काको खुट्टा तान्ने र आफू मात्र माथि पुग्ने धुनमा मस्त थिए दुवै । मन्त्रीहरुको चरित्रबारे कोशल राजालाई राम्रै ज्ञान थियो । उनले नराम्रो चरित्रलाई हटाई दुवैजना मन्त्रीहरुलाई मिलाउन प्रयत्न नगरेका पनि होइनन् । तर सबै ब्यर्थ । राजालाई भने दुबै मन्त्री नभई नहुने । तर दुवै आगो र पानी बनिरहेको कारणले राजा दिक्क हुन पुगे । अन्तमा राजाले निर्णय गरे "यी दुवै मन्त्रीहरुको बीचमा भइरहेको शत्रुताको भावनालाई मित्रतामा बदल्नका लागि बुद्धबाहेक अरु कसैले सक्दैन ।" यस्तो विचार गरेर राजा बुद्धसमक्ष आफ्ना मन्त्रीहरुको शत्रुताले गर्दा उब्जिएको आफ्नो दु:खको कुरो पोख्न पुगे ।

गौतम बुद्ध राजाको कुरो सुनिसकेपछि भोलिपल्ट बिहानै एकजना मन्त्रीज्यूको घरमा जानुभयो । भोजनपछि बुद्धले उपदेश दिंदै भन्नुभयो "मन्त्रीज्यू, मानिसको मनमा द्वेषभाव रहुन्जेल ऊ कहिले पनि राम्ररी सुत्न सक्दैन । उसको मनमा शान्ति पनि हुँदैन । किनभने आफूलाई मन नपरेको व्यक्तिको संझना आउने बित्तिकै रीस उठ्न थाल्छ । बदला लिने इच्छाले उसको शरीर तातेर शरीर नै भारी हुन थाल्छ । शत्रु भावको कारणले उसको मनमा पीर र चिन्ता हराउँदैन । मनमा आनन्दले ठाउँ लिन सक्दैन । तर साँच्चिको सुखी जीवन जिउने हो भने आफूलाई चिन्ताबाट मुक्त गराउन सक्नुपर्छ । मैत्री चित्तसहितको मानिसले जहाँ गए पनि मित्र र साथी भेट्टाउन सफल हुन्छ । त्यसैले उसको जीवन भय त्रासरहित भई आनन्दमय हुनेछ ।

तथागतको उपदेश सुनेर मन्त्रीको कठोर मन पग्लियो । त्यो मन्त्रीले विचार गऱ्यो –"बुद्धले त मलाई नै ताकेर उपदेश दिनुभएको रहेछ मेरो अर्को मन्त्रीसँग वैरभाव भइरहेको कुरा बुद्धले थाहा पाउनुभयो होला । साँच्चै नै हामी दुईबीचको शत्रुताले गर्दा मेरो मनमा रिसइवीरुपी आगोले पोलिरहेको छ । त्यसैले



Downloaded from http://www.dhamma.digital

मेरो मनमा पटक्कै आनन्द र शान्ति छैन । एकदिन मरेर जानुपर्ने यो जीवनमा केको शत्रुता वैरले वैर शान्त हुँदैन, मैत्रीभावले मात्र वैर शान्त हुन्छ ! यो बुद्ध वचन शाश्वत र सत्य हो । यस्तो ज्ञानले मर्नुपर्ने कुराको विचार गरी मन्त्रीले बुद्धसमक्ष यस्तो प्रतीज्ञा गर्न थाल्यो-"भगवान्, मैले तपाईंको उपदेशलार्य राम्ररी बुझें । अबदेखि म कसैसँग द्वेषभाव र शत्रुभाव नराख्ने कोशिस गर्छु । मन्त्रीको मन निर्मल भएकोले अनुहार पनि विस्तारै तेजिलो हुँदै आयो । मन्त्रीको हृदय परिवर्तन भएको देखेर गौतम बुद्धले यसरी विचार गर्नुभयो-"यो मन्त्रीलाई साथमा लिएर अर्को मन्त्रीको घरमा जानु राम्रो हुनेछ ।

बुद्ध दुवैजना मन्त्रीलाई मिलाउने लक्ष्य लिनु हुँदै अर्को मन्त्रीको घरमा जानुभयो । उता अर्को मन्त्रीलाई आफ्नो शत्रु बनिरहेको मन्त्रीलाई साथमा लिई बुद्ध आफ्नो घरमा आउनुभएको देखेर आश्चर्य लाग्यो । तथागतलाई आशन बिछाई सम्मानपूर्वक वन्दना गरी यथास्थानमा बस्यो । बुद्धसँगै गएको मन्त्री मुसुमुसु हाँस्दै बसेको देखेर अर्को मन्त्रीलाई पनि हाँस्न करै लाग्यो । बुद्धले पहिले जस्तै मैत्री चित्तको महिमा र शत्रुताको दुष्परिणामको व्याख्या गर्नुभयो ।

दोस्रो मन्त्रीले भन्न थाल्यो- मेरो घरमा तपाईंको आगमन भएको कारण मैले राम्ररी बुझें । मलाई क्षमा गरिदिनुस् । ममा ज्ञान र प्रज्ञाको अभाव भइराखेकोले र महत्वाकांक्षाले स्थान लिइराखेको कारणले गर्दा मेरो जीवन अशान्तिमय बनिराखेको हो । अबदेखि हामी दुबै मन्त्रीहरु परम मित्र भएर रहने छौं ।

यसरी बुद्धको धर्मदूत र शान्तिदूतको कार्य सफल भयो । आगो र पानीको स्वभाव लिएका दुबै मन्त्रीहरु दूध र पानीको स्वभाव लिई सफल जीवन बिताउन थाले । यसलाई नै मैत्रीको चमत्कार भन्न सकिन्छ ।

◆◆◆



Downloaded from http://www.dhamma.digital

## लेखकया प्रकाशित नेपालभाषाया मेगु सफूत

१. गौतम बुद्ध
२. बुद्धया अर्थनीति (संयुक्त )
३. तथागत हृदय
४. त्याग
५. दश संयोजन (सं.)
६. भिक्षुया पत्र (भाग-१)
७. भिक्षुया पत्र (भाग-२)
८. पेकिङ्ग स्वास्थ्य निवास
९. बौद्ध शिक्षा
१०. न्हापां याम्ह गुरु सु ?
११. माँ-बौ लुमन
१२. हृदय परिवर्तन
१३. बौद्ध ध्यान (भाग-१)
१४. बौद्ध ध्यान (भाग-२)
१५. बाखं (भाग-१)
१६. बाखं (भाग-२)
१७. बाखं (भाग-३)
१८. बाखं (भाग-४)
१९. बाखं (भाग-५)
२०. बाखं (भाग-६)
२१. भिक्षु जीवन
२२. भिंम्ह मचा
२३. बाखँया फल (भाग-१)
२४. बाखँया फल (भाग-२)
२५. धम्मचक्कप्पवत्तन सुत्त
२६. क्षान्ति व मैत्री
२७. बोधिसत्त्व
२८. मूर्खम्ह पासा मज्यू
२९. श्रमण नारद (अनु)
३०. ईर्ष्या व शंका
३१. चरित्र पुचः (भाग-१ )
३२. चरित्र पुचः (भाग-२)
३३. योगीया चिट्ठी
३४. पालि प्रवेश (भाग-१)
३५. पालि प्रवेश (भाग-२)
३६. धर्म मसीनि
३७. सर्वज्ञ (भाग-१)
३८. सर्वज्ञ (भाग-२)
३९. दुःख मदैगु लँपु
४०. शिक्षा (भाग-१)
४१. शिक्षा (भाग-२)
४२. शिक्षा (भाग-३)
४३. शिक्षा (भाग-४)
४४. दान
४५. चमत्कार
४६. बुद्धया व्यवहारिक पक्ष धर्म
४७. व्यवहारिक प्रज्ञा
४८. दीर्घायु जुइमा



Downloaded from http://www.dhamma.digital

४९. ज्ञान मार्ग (भाग-१)

५०. ज्ञान मार्ग (भाग-२)

५१. बौद्ध नैतिक शिक्षा (दो.सं.)

५२. भिंगु बन्धन

५३. मन् म्हसिइकेगु गय् ?

५४. संस्कृति

५५. बुद्धया करुणा व ब्रह्मदण्ड

५६. धर्मया ज्ञान

५७. कर्म व कर्मफल

५८. अमृत दान

५९. मंगल

६०. बुद्ध योगयम्ह गुरु खः

## लेखकका छापिसकेका अन्य पुस्तकहरू

१. नेपाल चीन मैत्री

२. बौद्ध दर्शन

३. बुद्ध र व्यवहारिक धर्म

४. पञ्चशील

५. शान्ति

६. नारी हृदय

७. पेकिङ्ग स्वास्थ्य सेवा

८. बौद्ध संस्कार (दो. सं.)

९. बौद्ध जगतमा स्वास्थ्य सेवा (दु.सं.)

१०. निरोगी

११. बुद्धको विचारधारा

१२. मैले बुझेको बुद्धधर्म

१३. बौद्ध नैतिक शिक्षा (भाग १)

१४. बौद्ध ज्ञान

१५. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय"

१६. धर्म चिन्तन

१७. बौद्ध ध्यान (विपस्यना ध्यान)

१८. सम्यक शिक्षा (भाग-१)

१९. आर्यसंस्कृति

२०. आर्यशील र आर्य मार्ग

२१. सम्यक शिक्षा (भाग-२)

२२. सम्यक शिक्षा (भाग-३)

२३. निन्दाबाट बच्ने कोही छैन

२४ बुद्धकालीन प्रजातन्त्र र समाजवाद

२५. नारीहरूमा पनि बुद्धि छ

२६. बुद्धकालिन संस्कृति

२७. बुद्धकालिन संस्कृति र परिस्थिति

२८. पहिलो गुरु को हुन् ?

२९. बुद्धको संस्कृति र महत्त्व

३०. क्षान्ति र मैत्री(अनु.वीर्यवती)



Downloaded from http://www.dhamma.digital

३१. धर्म र हृदय
३२. बोध कथा र बौद्ध चरित्र
३३. कर्म र कर्मफल (अनु.भिक्षु संघरक्षित )
३४. भिक्षु जीवन (अनु.भिक्षु संघरक्षित)
३५. दश संयोजन (अनु .भिक्षु संघरक्षित)
३६. २१औं शताब्दिमा बुद्धको शिक्षा किन?
३७. चित्त शुद्ध भए जीवन उज्ज्वल हुनेछ
३८. धर्म जीवन जिउने कला
३९. बुद्धको जीवनोपयोगी शिक्षा
४०. मक्कली देवता
४१. बुद्ध र बुद्धको धर्म
४२. समाजको लागि बुद्धको शिक्षा
४३. मानिसलाई असल बनाउने बुद्धको शिक्षा
४४. व्यवहारिक प्रज्ञा (अनु. भिक्षु संघरक्षित)
४५. अमूल्य धन (अनु. भिक्षु संघरक्षित )
४६. बुद्धको चमत्कार
४७. दीर्घायु हुने उपाय
४८. नेपालमा थेरवादी बुद्धधर्मको भविष्य (प्रथम भाग)
४९. धर्मप्रचार
५०. नेपालमा थेरवादी बुद्धधर्मको भविष्य (दोश्रो भाग)
५१. बुद्धधर्म र संस्कृति
५२. असल शिक्षा
५३. बुद्ध र संस्कृति
५४. असल शिक्षा
५५. धर्म र आचरण
५६. धर्म र ज्ञानको शिक्षा
५७. धर्म उपदेश
५८. असल शिक्षा-२ तपाईको हातमा



Downloaded from http://www.dhamma.digital




# भिक्षु अश्वघोष
(संक्षिप्त जीवनी)

जन्म मिति : १८ मई १९२६
ललितपुर वकुबहाल
पिताको नाम : चन्द्रज्योति शाक्य
माताको नाम : लक्ष्मी माया शाक्य

गृहस्थीनाम : बुद्ध रत्न शाक्य
प्रव्रज्या : १६ वर्षमा कुशीनगरमा सन १९४४
उपाध्याय गुरु : चन्द्रमणि महास्थविर, बर्मी
अभिभावक गुरु : भिक्षु अमृतानन्द महास्थविर
उपसम्पदा : सन् १९४९, मे महिना श्रीलंकामा
गतिविधि : समाजसेवा, बौद्ध जागरण प्रवचन, बहुजनहितको शिक्षा प्रचार गाउँ गाउँमा युवा वर्गमा। विशेषरुपमा वर्तमान जीवन सुधारेर शान्त वातावरण बनाउन। ८० भन्दा बढी पुस्तककरुका लेखक, नेवारी र नेपाली भाषामा।
प्रधान सम्पादक : धर्मकीर्ति मासिक पत्रिका
संस्थापक : संघाराम भिक्षु तालिम केन्द्र र ध्यानकुटी विहार, बनेपा
धर्मानुशासक : धर्म कीर्ति अध्ययन गोष्ठी, स्वयम्भू ज्ञानमाला भजन खलः र युवा बौद्ध समूह काठमाडौं
अध्ययन-बुद्धधर्म : श्रीलंकामा ८ वर्ष, भारतमा ८वर्ष
भ्रमण : श्रीलंका, म्यानमार, थाईल्याण्ड, मलेशिया, मंगोलिया, चीन, भूटान, लण्डन, रुस, जर्मन, जापान

वि.सं. २०४८ मा चीनमा संसदीय प्रतिनिधि मण्डलको सदस्य, सन् १९९५ एशियन शान्ति सम्मेलन जापानमा सहभागी, सन् १९९७ मा अन्तर्राष्ट्रिय धार्मिक सम्मेलन, सन् १९९८ मा संघ सम्मेलन अन्तर्राष्ट्रिय बुद्धको ज्योति सम्मेलन क्यानाडा, बर्मा सरकारबाट अग्गमहासद्धम्म ज्योतिक धज पदवी प्राप्त।

Downloaded from http://www.dhamma.digital